मिति : नेपाल संवत् ११४४ थिंला १५ ।

माननीय मन्त्री रन्जिता श्रेष्ठ चौधरीज्यू,
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय,
सिंहदरबार, यैं (काठमाडौं) ।

<u>विषय : आदिवासी नेवाः जाति अन्तर्गतका जुगि जात समुदायको आवसीय समस्या बारे अध्ययन अनुसन्धान गरी मागदाबीको सम्बोधन गरिपाऊँ ।</u>

१. म निवेदक रुक्शना कपाली एक नेपाली नागरिक हुँ । नेपालमा बसोबास गर्ने विभिन्न जातजाती मध्ये एक आदिवासी जाति **नेवाः जाति**को व्यक्ति हुँ । **नेवाः जाति** भित्र रहेका विभिन्न जात समुदाय मध्ये **जुगि जात**को व्यक्ति हुँ ।

हामी **जुगि जात**का मानिसहरू ऐतिहासिक विभेदको शिकार भएका जात समुदाय हौं । हामीलाई नेवाः समाजमा ***थिञ्ह मग्गःपिं (थिइ मत्यःपिं)*** अर्थात् शाब्दिक अनुवादमा ***"छुन नहुने[1]"***, अर्थ अनुवादमा ***"अछूत"*** तथा ***क्वजात (क्वजात)*** अर्थात् शाब्दिक अनुवादमा ***"तल***

[1] नेपाल भाषाको "थिञ्ह मग्गःपिं (थिइ मत्यःपिं)" शब्दमा "थिञ्ह (थिइ)" को अर्थ "छुन" हुन्छ । "मग्गय (मत्यये)" क्रियापदलाई विशेषणमा रूपान्तरण गरी "मग्गः (मत्यः)", "पिं (पिं)" प्रत्यय भएबाट बहुवचन भन्ने बुझिन्छ । नेपाल भाषाको कतिपय भाषिकाहरूमा "पिं (पिं)" नभएर "पुं (पुं)" पनि भनिन्छ । "ग्गय (त्यये)" अर्थात् "हुनु" र त्यसको अकरण "मग्गय (मत्यये)" अर्थात् "नहुनु" क्रियापदको नेपाल भाषामा विशेष अर्थ छ । सामान्यतः "हुनु" लाई "जिय (जिये)" र "नहुनु" लाई "मजिय (मजिये)" भनिने गरिन्छ । तर ग्गय (त्यये)" / "मग्गय (मत्यये)" क्रियापदले सांस्कृतिक वा

जात", अर्थ अनुवादमा ***"तल्लो जात"*** मानिन्छ भने हामी जातिय छुवाछुत तथा भेदभावबाट उत्पीडित जात समुदाय पनि हौं ।

लिच्छवीकालीन समय देखि **नेपाल मन्दल** तथा **नेपाः (नेपाल) उपत्यका**मा **जुगि जात**को अस्तित्व देखिन्छ । हामी ऐतिहासिक कालखण्ड देखि यही **सतःछैं (सत्तल घर)** जस्ता संरचनाहरूमा बसोबास गर्दै आइरहेको ऐतिहासिक तथा सांस्कृतिक दस्तावेज एवं अभ्यासले पुष्टी गरेको छ । तर वर्तमान परिपेक्ष्यमा यस्ता **सतःछैं (सत्तल घर)** लाई राज्यले **पाटीपौवा**को रूपमा गणना गरी हाम्रो वासस्थानलाई सार्वजनिक सम्पत्तिको दायरामा ल्याउने कार्य भइरहेको छ । यसरी हाम्रो बसोबासको संरचनालाई सार्वजनिक सम्पत्तिको दायरामा ल्याउँदा फलतः हामीहरू ***"सरकारी सम्पत्तिमा बसेको"***, यहाँसम्म कि ***"सरकारी सम्पत्ति मिचेर बसेको"*** जस्ता लाञ्छनाको शिकार भई घरबारविहीन एवं सुकुमबासी भएको एवं हुने संहारमा छौं ।

तसर्थ अहिले हामी **थाय्वाय्या ब्वापु (थाय्बाय्या ल्वापु)** अर्थात् **"ठाउँ-बासको लडाइँ"** नामक अभियान चलाइरहेका छौं । राज्यको बेवास्ताका कारण हाम्रो जात समुदायको बसोबास तथा आवासको हक सुनिश्चित गर्न हामी यो लडाइँमा होमिन बाध्य भएका छौं ।

नेवाः जाति अन्तर्गत पर्ने **जुगि जात**का हजारौंको मानिसहरूको प्रत्यक्ष अप्रत्यक्ष प्रतिनिधित्व गर्दै जातिय विभेद, उत्पीडन तथा सिमान्तिकरणको निरन्तरतामा रोक लगाउन वाञ्छनीय भएको एवं राज्यले हाम्रो घरबास हामीबाट हडपेको हुनाले आफ्नो आत्मसम्मानको रक्षाका लागि, आफ्नो आवासको रक्षाका लागि एवं ऐतिहासिक उत्पीडनबाट उन्मुक्तीका लागि यो सामुदायिक सरोकारको निवेदन लिई यस मन्त्रालय मार्फत् नेपाल सरकारको शरणमा आएका छौं ।

अनुक्रमणिका

धार्मिक रूपमा गर्न हुने वा नहुने, गरेमा वा नगरेमा पाप लाग्ने वा धार्मिक कार्यको मकसद पूर्ती हुने वा नहुने विषयसँग जोड्दछ ।

२. **<u>नेवाः जातिको परिचय :</u>** नेपालका सय भन्दा बढी जातजातिमा **<u>नेवाः जाति</u>** एक आदिवासी जाति हो । **आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८** को अनुसूची बुँदा २७ मा यस जातिलाई **"नेवार"** भनि सूचिकृत गरिएको छ ।[२]

(क) यस जातिले आफूलाई **"𑐣𑐵𑐝𑐾 (नेवाः)"** भनि चिनाउने गरेको छ । **"𑐣𑐵𑐝𑐾 (नेवाः)"** शब्द यस जातिको **आत्मनाम (Endonym)** हो । **"आत्मनाम"** भन्नाले **"आफ्नो नाम"** हो । कुनै समुदाय, भाषा तथा स्थानलाई सोही समुदायका मानिसहरूले चिन्ने नामलाई **आत्मनाम** भनिन्छ ।[३]

"𑐣𑐵𑐝𑐾 (नेवाः)" शब्दको मूल शब्द **"𑐣𑐵𑐝𑐮𑐟 (नेवाल)"** हो ।[४] नेपाल भाषामा "ल (ल)" व्यञ्जन ध्वनि "𑐁 (अ)" स्वर ध्वनिमा परिवर्तन भई अगाडीको स्वर ध्वनिसँग सन्धी हुने भाषावैज्ञानिक प्रक्रिया छ । यसरी "𑐁 (अ)" स्वर ध्वनिमा परिवर्तन भएपछी शब्दमा त्यस परिवर्तित ध्वनिको अगाडीको स्वर ध्वनि "𑐁 (अ)" भएमा सन्धी भई "𑐁𑐴 (अः)" तथा अगाडीको स्वर "𑐂 (आ)" भएमा सन्धी भई "𑐂𑐴 (आः)" दीर्घ स्वर वर्णको उत्पत्ति हुने गर्दछ ।[५]

खस / पर्वते भाषा (नेपाली भाषामा) विसर्ग चिन्ह (ः) ले "ह" व्यञ्जन स्वरलाई जनाउँछ । जस्तैः- "अतः" भन्नाले "अतह्" हो ।[६] तर नेपाल भाषामा लिखुगि (लिफुति), अर्थात् विसर्ग चिन्ह, ले दीर्घ स्वर वर्ण जनाउँछ । यसार्थ नेपाल भाषामा "𑐁 (अ)" को दीर्घ "𑐁𑐴 (अः)" तथा "𑐂 (आ)" को दीर्घ "𑐂𑐴 (आः)" हुन्छ ।

---

[२] आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ ।

[३] endonym, n.: "A name for something, esp. a place, a group of people, or a language, that is used internally in that place, or by that people or language community...", Oxford English Dictionary, https://public.oed.com/updates/new-words-list-march-2021/.

[४] नेपाल र नेवाल मूलतः ऋग्वैदिक शब्द, शिवराज शर्मा, वि.सं. २०५४ ।

[५] 𑐣𑐵𑐝𑐮𑐟𑐵𑐩𑐵 𑐚𑐳𑐴𑐣𑐵𑐝𑐾𑐂𑐩𑐵 𑐟𑐵𑐩𑐵𑐬 (नेपालभासा छ्सःज्याना भाय्), विष्णु चित्रकार, नेवाः सिक्षा गुथि, ने.सं. ११३७ ।

[६] A Grammar of Contemporary Nepali, बलराम अधिकारी, नेपाल प्रज्ञा प्रतिष्ठान, सन् २०१६ ।

यसरी विभिन्न शब्दहरूमा "ल (ल)" वर्णको ध्वनि परिवर्तनले "ञ्ः (अः)" र "ञ्ाः (आः)" युक्त ध्वनि उत्पन्न हुँदछ ।[७]

उदाहरणका लागि :-

- यसल – यसः (पसल — पसः) अर्थात् पसल,
- ग्याल – ग्याः (झ्याल — झ्याः) अर्थात् झ्याल,
- खाल – खाः (खाल — खाः) अर्थात् शीशा,
- गाल – गाः (गाल — गाः) अर्थात् खाल्डो,
- घाल – घाः (घाल — घाः) अर्थात् घाउ, इत्यादी ।

यही ध्वनि परिवर्तनको प्रक्रियामा **"नव्याल (नेवाल)"** मूल शब्दबाट **"नव्याः (नेवाः)"** शब्द बनेको हो ।

(ख) कानूनी दस्तावेजमा यस जातिलाई **"नेवार"** भनि सम्बोधन गरिएतापनि **"नेवार"** शब्द एक **परनाम (Exonym)** हो । **"परनाम"** भन्नाले **"अरूले दिएको नाम"** हो । कुनै समुदाय, भाषा तथा स्थानलाई अन्य समुदायका मानिसहरूले चिन्ने नामलाई **परनाम** भनिन्छ ।[८]

खस-आर्य समुदायबाट यस जातिले नेवार नाम पाएको हो । नेपाल भाषामा अरू भाषाबाट "न (र)" वर्ण भएका शब्दहरू प्रवेश हुँदा "ल (ल)" मा परिवर्तन हुन्छ ।

जस्तैः-

- संस्कृत "न्ाह्मी (राज्ञी)" - नेपाल भाषामा "ल्ानि (लानि)",
- संस्कृत "न्ाऊस (राक्षस)" - नेपाल भाषामा "ल्ाख्य् (लाखय्)",
- संस्कृत "न्ाऊकुल (राजकुल)" - नेपाल भाषामा "ल्ाय्कू (लाय्कू)", इत्यादी ।[९]

[7] ऐ.ऐ. (५) ।

[8] exonym, n.: "A name for something, esp. a place, a group of people, or a language, that is only used outside of that place, group, or language community; such as...", Oxford English Dictionary, https://public.oed.com/updates/new-words-list-march-2021/.

[9] ऐ.ऐ. (५) ।

ऋक्शना

खस / पर्वते भाषा (नेपाली भाषा) मा थुप्रै नेपाल भाषाका आगन्तुक शब्दहरू छन् जसमा "ल-र परस्परता" देखिन्छ ।

जस्तै :-

- नेपाल भाषाको मूलरूपमा "ꠇकसाल (तकसाल)" तथा समसामायिक रूपमा "ꠇकसाꠃ (तकसाः)" भन्ने शब्द खस / पर्वते भाषा (नेपाली भाषा) मा आगमन हुँदा "टक्सार" भएको छ ।
- नेपाल भाषाको मूलरूपमा "ꠟलखाल (पलखाल)" तथा समसामायिक रूपमा "ꠟꠃखाꠃ (पःखाः)" भन्ने शब्द खस / पर्वते भाषा (नेपाली भाषा) मा आगमन हुँदा "पर्खाल" भएको छ ।

यसरी नेपाल भाषाको **"नवाल (नेवाल)"** शब्द खस / पर्वते भाषा (नेपाली भाषा) मा प्रवेश हुँदा **"नेवार"** भएको भाषावैज्ञानिक आधारले बुझ्न सकिन्छ ।[१०]

(ग) त्यसै गरी तामाङ भाषामा यस जातिलाई "**བའི་ (बाइ)**"[११], तिब्बती भाषामा "**ཕལ་པོ་ (फेल्पो)**"[१२], आठपहरिया भाषामा "**साकि उलुवाट्**" वा "**सिम्कालेम्**"[१३], दुमी भाषामा "**गुजीक्पा**"[१४], खालिङ भाषामा "**जक्पा**"[१५], स्युबा भाषामा "**पाःल्बु**"[१६], याक्खा भाषामा "**खिक्चोक्पा**"[१७], इत्यादि विभिन्न परनामहरू छन् ।

(घ) सन् १९९६ को **भाषिक अधिकार सम्बन्धी विश्वव्यापी सम्मेलन**द्वारा अनुमोदन गरिएको **भाषिक अधिकारको विश्वव्यापी घोषणापत्र**को धारा ३३ ले कुनै समुदाय वा जातिका

ऋक्शना

---

[10] नेपालभाषा लेखन सहयोगी, रुक्शना कपाली, ने.सं. ११४१ ।

[11] བྲ་ཐུ་ ཏ་མང་ - ཇོར་དེ་ - ཨང་གྲེ་ཧོ་ ཐོ་ཚི་ལ་ ཚེག་དེབ་ (प्रग्या तामाङ-ज्यार्दी-आङग्रेजी ग्योईला छीगदेब), नेपाल प्रज्ञा प्रतिष्ठान, वि.सं. २०७४ ।

[12] ऐ.ऐ. (१०) ।

[13] आठपहरिया-नेपाली-अङ्ग्रेजी शब्दकोश, SIL Nepal, https://www.webonary.org/athpahariya/ ।

[14] दुमी-नेपाली-अङ्ग्रेजी शब्दकोश, SIL Nepal, https://www.webonary.org/dumi/ ।

[15] खालिङ-नेपाली-अङ्ग्रेजी शब्दकोश, SIL Nepal, https://www.webonary.org/khaling/ ।

[16] स्युबा-नेपाली-अङ्ग्रेजी शब्दकोश, SIL Nepal, https://www.webonary.org/syuba/ ।

[17] याक्खा-नेपाली-अङ्ग्रेजी शब्दकोश, SIL Nepal, https://www.webonary.org/yakkha/ ।

लागि सो समुदायले आफूलाई पहिचान गर्ने नामबाट चिनिन पाउनुपर्छ भन्ने मान्यतालाई प्रतिपादन गरेको छ ।[१८]

Article 33: All language communities have the right to refer to themselves by the name used in their own language. Any translation into other languages must avoid ambiguous or pejorative denominations.

(ङ) नेवाः जातिको उत्पत्ति भूमीलाई **𑐣𑐵𑐮𑐮𑐮𑐵𑐮 𑐣𑐵𑐮𑐮𑐮𑐵 (𑐣𑐵𑐮𑐮𑐮𑐵𑐮 𑐣𑐵𑐮𑐮𑐮𑐵) / नेपाल मन्दल (नेपाः मन्दः)** वा **𑐣𑐵𑐮𑐮𑐮𑐵𑐮 𑐣𑐵𑐮𑐮𑐮𑐵 / नेपाल मण्डल** भन्ने गरिएको छ । यो एउटा ऐतिहासिक तथा सांस्कृतिक भूखण्ड हो, जुन हालको बागमती प्रदेशको मध्यमा अवस्थित छ । **नेपाल मन्दल**को सीमा इतिहासका विभिन्न कालखण्डमा केही परिवर्तन परिमार्जन हुँदै गरेको देखिन्छ । तथापि ऐतिहासिक **नेवाः थातथलो**लाई **नेपाल मन्दल** भनिएको भन्ने बुझ्न सकिन्छ ।[१९] यसलाई **नेवाः राज्य** पनि भन्ने गरेको पाइन्छ ।

(च) **नेपाल मन्दल**को पनि केन्द्रका रूपमा **नेपाल उपत्यका (नेपाः उपत्यका)** रहेको पाइन्छ । यसलाई अहिले **काठमाडौं उपत्यका** पनि भन्न थालिएको छ । तथापि हामी रैथानेहरू यसलाई **अपनामांकन (misnomer)** का रूपमा लिन्छौं । उपत्यकामा भएका तीन प्रमुख राज्य मध्ये एक राज्यबाट पूरै उपत्यकाको नाम कहिल्यै रहेको थिएन । नेपाल भाषामा नेपाः उपत्यकालाई "**𑐣𑐵𑐮𑐮𑐮𑐵 𑐜𑐵 (नेपाः गाः)**", मूलरूपः "**𑐣𑐵𑐮𑐮𑐮𑐵 𑐜𑐵𑐮 (नेपाल गाल)**", भनिन्छ । यो प्रचलन अझै निरन्तर कायम नै छ । **यँ (यें)** अर्थात् कान्तिपुर, **यल (यल)** अर्थात् ललितपुर तथा **𑐭𑐵𑐫 (ख्वप)** अर्थात् भक्तपुर तीन शहरलाई नेपाल भाषामा "**𑐭𑐵𑐣𑐶𑐜𑐵 (स्वनिगः)**" पनि भनिन्छ ।[२०] केही दशक अगाडी मात्र र अहिले पनि ज्येष्ठ नागरिकहरूमा "काठमाडौं उपत्यका जाने"लाई "**नेपाल जाने**" भन्ने प्रचलन देखिन्छ । तसर्थ **नेपाः उपत्यका**लाई **काठमाडौं उपत्यका** भन्नु ऐतिहासिक तथा सांस्कृतिक दृष्टिकोणले अनुचित छ ।

---

[18] Universal Declaration of Linguistic Rights, World Conference on Linguistic Rights, https://unesdoc.unesco.org/ark:/48223/pf0000104267.

[19] नेपालमण्डल, काशीनाथ तमोट, नेपालमण्डल अनुसन्धान गुथि, ने.सं. ११२६ ।

[20] Online Nepalbhasa Dictionary, https://www.nepalbhasa.org/ ।

(छ) यस नेपाल मन्दलमा सर्वप्रथमतः आफ्नो राष्ट्रियता स्थापित गरेको हुनाले नेवाः जातिलाई नेपाल मन्दलको **प्रथम राष्ट्र (First Nation)** पनि भनिन्छ ।

(ज) नेपाल मन्दलमा बोलिने भाषा भएकाले यस जातिको मातृभाषालाई "**नेपाल भाषा**" भनिन्छ । नेपाल भाषामै नेपाल भाषालाई **नयाल तास (नेपाल भास)** वा **नयाः ताय् (नेपाः भाय्)** भनिन्छ । त्यसै गरी **नब्वाल तास (नेवाल भास)** वा **नब्वाः ताय् (नेवाः भाय्)** पनि भन्ने गरिन्छ ।[२१] देशको नाममा भाषाको नाम **नेपाल भाषा** रहन गएको हो भने जनताको नाममा भाषाको नाम **नेवाल भाषा** रहन गएको हो । नेपाल संवत् ११११५, वि.सं. २०५२ सालमा मन्त्रीपरिषद्को बैठकले श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालयको पत्र संख्या ३५६/०५२ मार्फत् यस भाषालाई "**नेपाल भाषा**" भनि सम्बोधन गर्नुपर्ने निर्णय गरेका थिए ।[२२] त्रिभुवन विश्वविद्यालयमा यस भाषाको प्राज्ञिक संस्थानका रूपमा **नेपाल भाषा केन्द्रिय विभाग**, यल ध्वाखा (पाटन ढोका), पाटन बहुमुखी क्याम्पसको परिसर भित्र रहि नेपाल भाषाको विद्यावारिधि तह सम्म अध्ययन अध्यापन हुँदै आएको छ । भाषा आयोगको सिफारिस अनुसार नेपाल भाषालाई बागमती प्रदेशमा सरकारी कामकाजको भाषा बनाउन एवं प्रदेश नं १ तथा गण्डकी प्रदेशमा सीमित क्षेत्र तथा प्रयोजनका लागि कामकाजी बनाउन सिफारिस भएको छ ।[२३] बागमती प्रदेशले **प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०** जारी गरी नेपाल भाषालाई सरकारी कामकाजको भाषा बनाएको छ । त्यसै गरी ललितपुर महानगरपालिका, काठमाडौं महानगरपालिका, कीर्तिपुर नगरपालिका लगायत नेपाः उपत्यकाका विभिन्न स्थानीय सरकारहरूले पनि नेपाल भाषालाई विभिन्न रूपमा प्रयोग प्रचलनमा ल्याएका छन् ।

(झ) नेपाल भाषा बहुलिपिमा आधारित भाषा हो । नेपाल भाषाको प्रमुख लिपिलाई **नयाल लिपि (नेपाल लिपि)** भनिन्छ ।[२४] त्यस बाहेक **नञ्जना (रञ्जना)** लिपि, **गुञिम्वः (भुजिम्वः)** लिपि, **याचुम्वः (पाचुम्वः)** लिपि, **हिंम्वः (हिंम्वः)** लिपि, **क्वँयम्वः (क्वँयम्वः)** लिपि, **कुँम्वः**

---

[21] नयाल खँम्वःया व्युत्पत्ति (नेपाल खँग्वःया व्युत्पत्ति), डा. कमल प्रकाश मल्ल, नेपालभाषा पत्रिका, ने.सं. ११०० ।

[22] वि.सं. २०५२/५/२२ गते श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालयको पत्र संख्या ३५६/०५२ रहेको पत्र ।

[23] सरकारी कामकाजको भाषासम्बन्धी सिफारिसहरू, वि.सं. २०७८, भाषा आयोग ।

[24] नयाल लिपि (नेपाल लिपि), नेपाल लिपि गुथि, नेसं ११३७ ।

(**कुंम्वः**) लिपि, **लिगुम्वः** (**लितुम्वः**) लिपि तथा **ग्वलम्वः** (**ग्वलम्वः**) लिपि गरी ९ वटा मौलिक लिपि प्रचलनमा रहेको पाइन्छ ।[२५] ती मधे नेपाल लिपिलाई मूल लिपि मानिएको हुनाले सोही लिपिलाई प्रयोगमा विस्तार गरिएको देखिन्छ ।

(ञ) नेवाः जातिले प्रयोग प्रचलन गर्दै आएको संवत् **नेपाल संवत्** हो । हाल नेपाल संवत् ११४४ साल चलिरहेको छ । नेपाल संवत्लाई नेपाल सरकारले राष्ट्रिय संवत्को मान्यता दिएको छ ।[२६] यसै साल देखि सरकारी कागजातहरूमा विक्रम संवत् सँगसँगै नेपाल संवत् पनि उल्लेख गर्ने मन्त्रीपरिषद्ले निर्णय गरेको छ ।[२७] नेपाल संवत् मुख्यगरी अमावशान्त चन्द्रमानक पात्रो हो । यसलाई तीन शहरहरूमा तीन निकायहरूले निर्धारण गर्ने गर्दछन् । **यँ देय्** (काठमाडौं देश) मा **जनबहाः**ले तिथि निर्धारण गर्छ । **यल देय्** (ललितपुर देश) मा **क्वाःबहाः**ले तिथि निर्धारण गर्छ । **ख्वप देय्** (भक्तपुर देश) मा **तल्जु (तलेजु)** ले तिथि निर्धारण गर्छ । त्यसै गरी दैनिक कामकाज, संस्थागत कामकाज लगायत सरकारी कामकाजको प्रयोग प्रचलन समेत गर्ने उद्देश्यका साथ नेपाल संवत् ११४१ देखि हामी अभियानताहरूले नेपाल संवत् सुरु भएको ऐतिहासिक दिनलाई वर्षादि मानी सौर्यमानक पात्रो अर्थात् मिति / गते प्रणाली पनि सुरु गरेका छौं ।[२८]

३. **<u>नेवाः जाति भित्रका जातजाति</u>** : नेपालमा रहेका विभिन्न जातजातिहरू मध्ये नेवाः जातिको संघटन केही पृथक रहेको पाइन्छ । नेवाः जाति कुनै एकास्वरूपको homogenous समूह होइन । नेवाः एक बहुलतामा आधारित जाति हो ।

---

[25] नयाल लिपि संग्रह (नेपाल लिपि संग्रह), हेमराज शाक्यवंश, ने.सं. १११३ ।

[26] गोरखापत्र, वि.सं. २०६५ कार्तिक ९, पृ. १ ।

[27] २०८० कार्तिक २७ गते मन्त्रीपरिषद् बैठकको निर्णय ।

[28] नेपाल संवत् पात्रो https://calendar.brihatrb.com.np/, http://nepalsambat.org/ ।
मिति परिवर्तन उपकरण https://brihatrb.com.np/solarnsconverter/solarnsconverter.html,
https://www.subhash.com.np/nepalsambat/converter ।

उद्धरण

मल्लकालीन समय सम्म नेवाः जनसंख्याको आफ्नै छुट्टै देश थियो । त्यसलाई **नेपाल मन्दल** भनिन्थ्यो । यसलाई **नेवाः राज्य** पनि भन्ने गरेको पाइन्छ । **नेपाल मन्दल**मा थुप्रै राज्य तथा उप-राज्य थिए ।

नेपाल उपत्यकाको विभिन्न कालखण्ड हेर्दा **सापू (सापू)** अर्थात् गोपाल कालखण्ड, **म्येय्पू (म्येय्पू)** अर्थात् महिषपाल कालखण्ड, **किलाँगि (किलाँति)** अर्थात् किराती कालखण्ड, **दवजुजु (देबजुजु)** अर्थात् लिच्छवी कालखण्ड एवं **थकुंजुजु (थकुंजुजु)** अर्थात् मल्ल कालखण्ड सम्म विभिन्न स्थानहरूबाट नेपाल मन्दल आएर बसोबास गरेका समुदायहरू एउटा संयुक्त आबद्धतामा गठन भए । **ग्वनखां त्यःवःगु (ग्वरखां त्यःवःगु)**, शाब्दिक अर्थमा **गोरखाले ठेल्न आएको**, भावानुवादमा गोरखा राज्यले नेपाल मन्दललाई आफ्नो अधीनमा लिए पछी यो सिलसिलाको अन्त्य भएको मानिन्छ ।

इतिहासको विभिन्न कालखण्डमा विभिन्न स्थानहरूबाट विभिन्न पृष्ठभूमीका मानिसहरू **नेपाल मन्दल** आए । कालान्तरमा उनीहरू अन्तरघुलन भए । यही विविध पृष्ठभूमीको **अन्तरघुलनमा एक संयुक्त समाज**को निर्माण भयो । त्यही समाज **नेवाः समाज** हो ।

त्यसैले **नेवाः समाज**को प्रकृति अरू आदिवासी जनजाती समाजको तुलनामा फरक रहेको तथ्य पुष्टी हुन्छ ।[२९]

(क) नेवाः जाति भित्रका जात समुदायहरूलाई देहायका रूपमा सूचिकृत गर्न सकिन्छ ।[३०]

१. उनाय् (उराय्)
२. कुम्हाः (कुम्हाः)
३. कुलु (कुलु)
४. कौ (कौ)
५. खुसः (खुसः)
६. गथु (गथु)

उद्धरण

[29] The Newars of Nepal, Gopal Singh Nepali, 1959.
[30] The Newars of Nepal, Gopal Singh Nepali, 1959, Page 257.

७. गुताञ् (गुभाजु)

८. ग्वाः (ग्वाः)

९. च्यामिखलः (च्यामिखलः)

१०. छिपा (छिपा)

११. जुगि (जुगि)

१२. ज्यापु (ज्यापु)

१३. तेपे (तेपे)

१४. दुँइ (दुँइ)

१५. द्वं (द्वं)

१६. ध्वब्या (ध्वब्या)

१७. नाय् (नाय्)

१८. नौ (नौ)

१९. पही / पहलि (पही / पहलि)

२०. पुं (पुं)

२१. पुलु (पुलु)

२२. प्वः (प्वः)

२३. बःमुं (बःमुं)

२४. बरेजु (बरेजु)

२५. बलामि (बलामि)

२६. भाः (भाः)

२७. मधिकःमि (मधिकःमि)

२८. मुस्मां (मुस्मां)

२९. ल्वहंकःमि (ल्वहंकःमि)

३०. साय्मि (साय्मि)

३१. सिँकःमि (सिँकःमि)

३२. स्यस्यः (स्यस्यः)

३३. हालाहुलु (हालाहुलु)

जरूरना

(ख) नेपाल संवत् ११३७ देखि नेपाल संवत् ११४१ (तदनुसार सन् २०१७ देखि २०२१) सम्म विजु कर्माचार्यद्वारा सामाजिक सञ्जालमा गरिएको एक सर्वेक्षण अनुसार नेवाः जातिमा **१०४८ (एक हजार अड्चालीस) थर**हरू सूचिकरण गरेका छन् ।[३१] यसबाट नेवाः जातिको समग्रतामा थरहरूको सूची प्राप्त हुन सक्छ, यद्यपि जात समूहको वर्गिकरण अनुसार थर सूचिकृत छैन ।

४. **<u>नेवाः जाति भित्रका जात समुदाय तथा यसमा जात व्यवस्था</u>** : नेवाः जाति भित्र पनि विभिन्न जातजातिहरू छन् । **जाति (ethnicity)** र **जात (caste)** एउटै होइन । यी दुई शब्दले फरक-फरक अर्थ दिन्छन् । यद्यपि नेवाः जाति भित्र **जाति (ethnicity)** तथा **जात (caste)** मा overlapping अवधारणा रहेको पाइन्छ ।

(क) लिच्छवीकालीन समयमा नै नेपालमा वर्ण व्यवस्थाले प्रवेश पाइसकेको भन्ने इतिहासकारले बताउँछन् । लिच्छवीकालमा ४ जात तथा २८ वर्ण व्यवस्था रहेको पनि भनिएको छ ।[३२]

(ख) त्यसै गरी मल्लकालमा जारी भएको मानव न्यायशास्त्रबाट पनि जात व्यवस्थाले समाज तथा राज्य दुबैमा स्थान पाएको देखिन्छ । यसमा श्रेष्ठका जात ३६, तागाधारी जात १३, ज्यापुको जात ३२, कुमालको जात ६४, कसाही नङ काट्ने जात ७२, वाडाको जात ६, कुसलेको जात ४, पोडेको जात ४ लगायत जम्मा गरी ७२५ जात बनाएको भन्ने इतिहासका अध्येताले उल्लेख छन् ।[३३] यसरी मल्लकालीन समयमा पनि नेवाः समाज विभिन्न जातहरूमा विभाजित रहेको देखिन्छ ।

जरूरना

---

[31] नेवाः थर, विजु कर्माचार्य, https://www.facebook.com/People.cadres/posts/pfbid02c25zt6hFZWVpYVV5na4mLbTLc6633u8i5raqEED6z2DQu36QMZrH6JTzHAEAWArrl ।

[32] जयस्थिति मल्लको सुधार, चन्द्रविक्रम बुढाथोकी, साझा प्रकाशन, वि.सं. २०३९ ।

[33] जयस्थिति मल्लको सुधार, चन्द्रविक्रम बुढाथोकी, साझा प्रकाशन, वि.सं. २०३९, पृ. ६ ।

ऋक्कना

(ग) **मुलुकी ऐन १९१०** को राणाकालीन कानूनले नेपाललाई नै जात व्यवस्थामा वर्गिकरण गरेको थियो । उक्त ऐन को जातिय वर्गिकरण अनुसार नेवाः जातिका जातजातिलाई निम्नानुसार जात व्यवस्थामा वर्गिकरण गरिएको पाइन्छ ।

तागाधारी : राजोपध्याय (देवभाजु), उच्च श्रेष्ठ समूह र जोशी नेवार ।
(हाम्रो चलनचल्तीको भाषामा यिनलाई बर्मुं तथा स्यस्यः भनिन्छ।)

पानी नचल्ने छोइछिटो हाल्न नपर्ने : खड्गी, कपाली, रजक, चर्मकार, मुस्लिम, कुलु ।
(हाम्रो चलनचल्तीको भाषामा यिनलाई क्रमशः नाय्, जुगि, ध्वब्या, द्वं, मुस्मां तथा कुलु भनिन्छ।)

पानी नचल्ने छोइछिटो हाल्न पर्ने : च्यामे, पोडे ।
(हाम्रो चलनचल्तीको भाषामा यिनलाई प्वः तथा च्यामिखलः भनिन्छ।)

(घ) नेवाः समाजमा जात व्यवस्था तथा वर्गिकरण सर्वप्रथमतः जयस्थिति मल्लले **नेपाल संवत् ५००** सालमा नारदस्मृतिलाई नेपाल भाषामा उतार गरी लागू गरेको **थिति**बाट सुरुवात भएको बुझिन्छ । त्यसै गरी नेपाल मन्दलका विभिन्न राज्यहरू गोरखा राज्यको अधीनमा परिसकेपछी शाह वंशीय राजतन्त्रबाट अनुमोदन भएको जात व्यवस्था एवं **मुलुकी ऐन, १९१०** द्वारा राणा शासकहरूले लागू गरेको जात व्यवस्था यी विभिन्न कालखण्डको परिमार्जनले नेवाः समाजको जात व्यवस्थालाई जटिल तथा फरक स्वरूपको बनाएको देखिन्छ ।

ऋक्कना

(ङ) Ulrike Müller-Böker को **Spatial Organization of a Caste Society: The Example of the Newar in the Kathmandu Valley, Nepal** मा नेवाः समाजको जात व्यवस्थाको सोपान (hierarchy) लाई यसरी दर्शाइएको छ । (तालिका २, पाना २६)

TABLE 2
Newar castes

Barmu/Brahmin[1]	Temple and family priests
Gubhaju/Bajracaraya[2]	Priests, gold and silversmiths
Bare/Shakya[2]	Temple priests, metal casters
Syasyah/Shrestha[1]	Trade and businessmen
1. Chathari	(e.g., Acaju-tantric priests, Amatya-ministers)
2. Pacthari	(e.g., Josi—astrologists, Malla-businessmen)
3. Tini	
Uray/Udas	Tradesmen, coppersmiths
Jyapu	Farmers
Kumah/Kumale	Potters
Gathu/Mali	Farmers, gardeners
Rajthal	Farmers, producers of brewer's yeast and rice flakes
Chipa/Ranjitkar	Dyers
Saymi/Manandhar	Oil pressers
Pu/Citrakar	Painters
Kau/Nakarmi	Blacksmiths
Nau/Napit	Barbers
Khusah/Khusal	Sedan bearers
Bhah	Funeral assistants
Dui	Porters, labourers
Balami	Farmers, traders of water buffalo
Nay/Kasai	Butchers
Jvagi/Kusle	Tailors, musicians
Dva	Drummers
Pvah/Pore	Basket weavers, fishermen, sweepers
Kulu	Drum makers, cobblers
Cyamkhalah/Cyame	Dung bearers, sweepers

(च) Michael Allen को **Hierarchy and Complementarity in Newar Caste, Marriage and Labour Relations** मा नेवाः समाजको जात व्यवस्थाको सोपानलाई यसरी दर्शाइएको छ । (तालिका १, पाना ९५)

AUGUST, 1987 MANKIND Vol.17 No.2

Table 1
A schematic outline of the Newar caste hierarchy



ऋक्कना

(छ) गोपाल सिंह नेपालीको **The Newars of Nepal** मा नेवाः समाजको जात व्यवस्थाको सोपानलाई यसरी दर्शाइएको छ । (पाना २५७)



ऋक्कना

उदाहरण

(ज) Gérard Toffin को **Intercaste Relations in a Newar Community** मा ललितपुर जिल्ला हालको संरचनामा गोदावरी नगरपालिकामा पर्ने **प्याङ गाँ (प्याङ गां)**[३४] नामक तत्कालीन गाउँमा गरेको अध्ययन अनुसार उक्त स्थानका मानिसहरूको लागि जात व्यवस्थाको सोपान देहाय अनुसार रहेको पाइन्छ ।[३५]

	ju pi
barmu — gubhāju *bare* *shreṣṭha — udās* *jyāpu* *sāymi* *pahi — gaṭhū* *nau* *puṁ* (or *citrakār*) *kau* *bhā*	
nāy — kulū *jugi* (or *kusle*)	*ma ju pi* *(ti ju pi)*
doṁ *pwo* *cyāmakhalak*	*(ti ma ju pi)*

Figure 1. Hierarchy of the Newar castes according to the inhabitants of Pyangaon

(झ) Stephen Michael Greenwold को **The Role of the Priest in Newar Society** मा नेवाः जातिको पुरोहितहरूको बारेमा चर्चा गरेका छन् । उक्त पुस्तकमा पुरोहितको आधारमा जात व्यवस्थाको सोपान देखाइएको छ ।[३६]

उदाहरण

[34] खस / पर्वते भाषा (नेपाली भाषा) को अनुवादमा प्याङ्गाउँ पनि भनिने ।

[35] Himalayan Anthropology : The Indo- Tibetan Interface, 1978, Mouton Publishers, पाना ४६७ ।

[36] Himalayan Anthropology : The Indo- Tibetan Interface, 1978, Mouton Publishers, पाना ४८५, ४८६ ।

সংস্কৃতি

Table 1. Major Newar castes in the city of Kathmandu

Caste	Traditional occupation	Total number of households	Percent of total
DIVISION I. Castes whose *purohita* is Brahman or Vajracharya			
I–A. *Castes whose body purification rite is performed by the Nau*			
Deo Brahman	*Purohita* for all Hindu Newars	39	.31
Vajracharya	*Purohita* for all Buddhist Newars	439	3.53
Jha Brahman	Temple priests	22	.18
Bare	Temple priests with right of membership in Newar Buddhist *vihara* [monasteries]. Also traditionally gold- and silversmiths	641	5.16
Sheshyo	No actual traditional occupation, although many are merchants as well as officials in the government bureaucracy	3,666	29.47
Urhä	Merchants and artisans	1,098	8.83
Jyapu	Farmers	2,973	23.90
Saimi	Owners and workers in mills in which mustard seed is pressed into oil	737	5.93
Khusa	Palanquin bearers and agricultural workers	210	1.76
Pun	Painters of religious pictures	94	.76
Chippa	Dyers of cloth	220	1.77
Gathu	Gardeners and cultivators	78	.63
Nau	Barbers	73	.59
Kau	Blacksmiths	101	.81
All other castes of clean status		825	6.63

Table 1.(*continued*)

Caste	Traditional occupation	Total number of households	Percent of total
DIVISION II. Castes whose *purohita* is not Brahman or Vajracharya			
Nä	Butchers, sellers of meat, and barbers	779	6.26
Jogi	Musicians and tailors	144	1.16
Kulu	Leather workers	2	.01
Chyami	Sweepers	76	.61
Pore	Fishermen, sweepers, and (formerly) public executioners	212	1.70
Total number of Newar households		12,438	100.00

সংস্কৃতি

(ज) Hiroshi Ishii को **Structure and Change of a Newari Festival Organization** मा उनले एउटा गाउँलाई छद्मनाम दिई (कारण ?) जात व्यवस्थाको सोपानलाई देहाय अनुसार चर्चा गरेका छन् ।[३७]

508 HIROSHI ISHII

Table 2. Caste hierarchy in Satepa

	Barum	(Gubhaju)*
	Syesyo	
	Jyapu	(Pai)
	Duin—Kau—Saymi	(Nau)
Untouchables	Nay	
	Jugi	(Po)

*Castes whose names are shown in parentheses are not resident in Satepa. The explanation about them is given in the text.

(ट) Declan Quigley को **Ethnicity Without Nationalism : The Newars of Nepal** मा जात व्यवस्थाको सोपानलाई देहाय अनुसार चर्चा गरेका छन् ।[३८]

The Newar caste hierarchy

FIGURE 1

		Hindu	*Buddhist*
I	Priestly castes	Deo Brahmin	Gubhāju/Bare
II	High castes	Chathari Shrestha (4)	
		Pācthari Shrestha	Urāy
		other 'Shrestha'	
III	Farmer caste	Jyāpu	
IV	Service castes	Painters, potters, oil pressers, barbers, dyers, etc.	
V	Castes from whom water may not be taken	butchers, tailors	
VI	Untouchable castes	sweepers	

[37] Himalayan Anthropology : The Indo- Tibetan Interface, 1978, Mouton Publishers, पाना ५०८ ।

[38] European Journal of Sociology (28), 1987, पाना १५६ ।

(ठ) Anil M Shakya ले आफ्नो **Newar, Marriage and Kinship in Kathmandu, Nepal** नामक विद्यावारीधि शोध प्रबन्धमा **यैं देय्** (काठमाडौं पुरानो शहर) को **क्वने** क्षेत्र अर्थात् तल्लको काठमाडौं / दक्षिणी काठमाडौंमा देहाय अनुसारको जात व्यवस्थाको सोपान दर्शाएको छ । [पाना ४२]

Table 2.4: Caste breakdown of southern Kathmandu (*kwaḥne*) residents

Main divisions	Caste group divisions	Hereditary occupation	Non-honorific caste names	Honorific names of castes and caste sub-groups	House-holds	%
laḥ cale jū pī Water acceptable	Priestly castes	Hindu priests	Dyaḥbhāju	Rājopādhyāya	11	0.2
		Buddhist priests	Gubhāju	Vajrācārya	193	3.8
		Goldsmith, silversmiths	Bare	Śākya	416	8.2
	High castes	Merchants, civil servants	Śeśyaḥ	Śreṣṭha, Joshi, Malla, Pradhān, Rājbhandāri, Vaidhya, Māthemā, Gorkhāli, Karmacārya etc.	1108	21.9
		Traders and craftsmen	Udāy	Tulādhar, Kaṃsākār, Tāmrākār, Baniyā, Rājkarnikār, Sthāpit Sikhrākār, Silpakār, Sindurākār,	302	6
	Agricultural castes	Farmers and Potters	Jyāpu, Kumā	Maharjan, Dāgol, Suwāl, Jyāpu , Siñ, Siñsuwāl, Munikār Prajāpati,	1392	27.6
	Clean service castes	Oil-pressers	Sāymi	Mānandhar, Sāymi	349	6.9
		Palanquin bearers	Khusaḥ	Taṇḍukār	36	0.7
		Barber	Nau	Nāpit	33	0.6
		Blacksmiths	Kau	Nakarmi	49	1.0
		Post-funeral duties	Bhā	Kāranjit	36	0.7
		Flower sellers	Gathu	Māli, Mālākār	16	0.3
		Painters	Puñ	Citrakār	39	0.8
		Dyers	Chipā	Ranjitkār, Ranjit	212	4.2
		Carriers	Dui	Putuwār	2	0.03
----------	----------	----------	-Water line-	----------	-------	-----
laḥ cale majū pī Water unacceptable	Unclean service castes	Butcher	Nāy	Shāhi, Khadgi, Kasāi	342	6.8
		Musician, Tailors, post-funeral duties,	Jogi	Kapāli, Darshandhāri	53	1.0
		Washermen	Dhubyā	Rajaka	3	0.05
	Untouchable castes	Fishermen and Sweeper	Pode	Nepāl, Dyaḥlā, Pode	157	3.1
		Sweeper	Cyāmkhalaḥ	Cyāme, Nepāli	11	0.2
Non-Newars					297	5.9
Total					5,057	100

(ङ) Bruce Owens को विद्यावारीधि शोध प्रबन्ध **The Politics of Divinity in the Kathmandu Valley: The Festival of Bungadya Rato Matsyendranath** मा नेवाः समाजको जात व्यवस्थाको सोपानलाई यसरी दर्शाइएको छ । [पाना ८४, ८५]

FIGURE IIA: **Newar Caste Hierarchy; Water Acceptable Castes (*jyupiṃ*)**



उदाहरण

FIGURE IIb

Newar Caste Hierarchy:
Water Unacceptable Castes (*majyupiṃ*)

Touchable castes (*thiye jyupiṃ*)

Sangam (*Sangat*) - Launderers (*Dhobis*)

Bha - Dyers of red cloth, funeral functionaries

Dwiṃ (*Duniya, Putuwar, Rajputwar*) - quarry workers, supply red earth used for cleansing and coating mud floors

Nay (*Nya*, in Bhaktapur) - butchers, funeral procession musicians

Kusle (*Jogi, Darśandhari*) - musicians

Untouchable castes (*thiye majyupiṃ*)

Kulu - cobblers, drum-makers

Pore - fishers, skinners, traditionally executioners

Cyamkhala (*Cyame, Kucikar*) - night-soil remover

Hara haru - offspring of *Pore*/*Cyamkhala* marriage

Note: All of the above castes are endogamous. The *Hara haru* are the result of illicit exogamous unions and assume neither the father's nor mother's caste status. The hierarchical order is essentially that suggested by Toffin (1984), though any hierarchy will shift according to which *majyupiṃ*'s perspective is used.

§§§

Symbols Used, Figure II a,b.

———— = boundary of endogamy

[= encloses intermarrying sub-castes

() = alternate appelation

These diagrams are not exhaustive, and represent an approximate consensus with respect to hierarchical order. Data is drawn primarily from Toffin (1984), Nepali (1965), Gutschow (1975), and my own research.

(ढ) नेवाः जाति भित्रका विभिन्न जात समुदायहरूको उत्पत्तिको पृष्ठभूमी फरक फरक छन् । उदाहरणका लागि :- **बर्मुं बाज्या (राजोपध्याय ब्राह्मण)** को उत्पत्ति दक्षिण-भारतीय ब्राह्मण उत्पत्तिको देखिन्छ भने **झा बाज्या (मैथिल ब्राह्मण)** को उत्पत्ति मिथिलाबाट भएको देखिन्छ । विभिन्न स्थानहरूबाट आएर संयुक्ततामा बाँधिएको समाज भएकाले नेवाः जाति भित्रका जातजातिहरूको उत्पत्ति (origin) पनि फरक-फरक छ ।

(ण) नेवाः जाति भित्रका विभिन्न जात समुदायहरूको रहनसहन, परम्परा, रीतिथिति, इत्यादीमा पनि फरकपना रहेको पाइन्छ । नेवाः जाति भित्र **ह्लूहि (इहि)**[३९] गर्ने जात पनि छन्, नगर्ने जात पनि छन् । **सिह्लूह्म उह्लूगु (सिइम्ह उइगु)** अर्थात् मृत्यु हुँदा जलाएर दाहसंस्कार गर्ने जात पनि छन्, **सिह्लूह्म थूनगु (सिइम्ह थुनेगु)** अर्थात् मृत शरीरलाई धर्तीमा पुरेर अन्तिमसंस्कार गर्ने जात पनि छन् । राँगा-भैंसीको मासु खाने अथवा चल्ने जात पनि छन् नखाने अथवा नचल्ने जात पनि छन् । सुँगुरको मासु खाने अथवा चल्ने जात पनि छन् नखाने अथवा नचल्ने जात पनि छन् ।

(त) नेवाः जाति भित्रका विभिन्न जात समुदायहरूको भाषाको बोलाईमा पनि फरकपना हुन्छ । एउटा **यलमि**[४०] **ज्यापु**ले बोल्ने नेपाल भाषा तथा एउटा **यलमि प्वः**ले बोल्ने नेपाल भाषामा बोलाईको भिन्नता हुन्छ । कतिपय अवस्थामा जात अनुसार केही पृथक प्रकृतिको भाषा पनि बोलिन्छ । उदाहरणका लागि उत्तर मकवानपुरका **बलामि जात समुदाय**को भाषिका फरक देखिन्छ भने **ग्वाः** अथवा **गोपाली जात समुदाय**को भाषिका पनि फरक देखिन्छ । त्यसै गरी ललितपुरका **पही / पहलि** अथवा **पहरी जात समुदाय**को भाषिका पनि फरक देखिन्छ ।

(थ) प्रत्येक जात समुदायको आ-आफ्नै **वाऊं (बाजं)** अर्थात् **बाजागाजा** हुन्छ । उदाहरणका लागि **जुगि** जात समुदायको **म्वहालि बाजं, नाय्** जात समुदायको **नाय्खिं बाजं, ज्यापु** जात समुदायको **धिमय् बाजं, बौद्धमार्गी** जात समुदायहरूको **धाः बाजं**, इत्यादी ।

(द) कतिपय जात समुदाय भित्र उप-जात समुदाय पनि छन् । जस्तैः- **स्यस्यः** जात समुदाय भित्र **ज्वासि (ज्वसि)** अथवा जोशी, **कसाञ् (कसाजु)** अथवा कयास्थ, **ञ्यावाञ् (आचाजु)** अथवा कर्माचार्य, **महाञ् (महाजु)** अथवा अमात्य, इत्यादी जस्ता उप-जात समुदाय छन् । **गुभाजु** जात समुदाय भित्र स्वयम्भूमा पुरोहित गर्ने विशेष समुदायका रूपमा **स्यङ्गुँ गुताञ् (स्यङ्गुँ गुभाजु)** अथवा बुद्धाचार्य रहेको पाइन्छ । **उराय्** जात समुदाय भित्र

---

[39] इहिलाई बेलविवाह पनि भन्ने गरिएको पाइन्छ । तर हामी यसलाई अपानुवाद (गलत अनुवाद) का रूपमा लिन्छौं । त्यसैले इहि नै भन्नु उपयुक्त हुन्छ ।

[40] यलमि भन्नाले यल अर्थात् पाटन बासिन्दा ।

कसाः (कसाः) अथवा कंसाकार, **ताम्बः (तम्वः)** अथवा ताम्राकार, इत्यादी जस्ता उप-जात समुदाय छन् । **नौ** जात समुदाय भित्र **दुँइ नौ (दुँइ नौ)**, **वा नौ (बा नौ)**, **पःमा नौ (पःमा नौ)**, इत्यादी जस्ता उप-जात समुदाय छन् । यसरी नेवाः जाति भित्र जातजातिहरूको सञ्जालात्मक स्वरूप देख्न पाइन्छ ।

(ध) नेवाः समाजको जात व्यवस्था स्थानपरक हुन्छ । नेपाः उपत्यकामा रहेका ५० भन्दा बढी नेवाः बस्तीहरू प्रत्येकमा जात व्यवस्थाको कुनै न कुनै भिन्न स्वरूप देख्न पाएको अवस्था रहन्छ । उदाहरणका लागि :- **ख्वप देय् (भक्तपुर)** मा **कुम्हः (कुम्हः)** (भक्तपुरको भाषिकामा) वा **कुम्हाः (कुम्हाः)** (काठमाडौं ललितपुरको भाषिकामा) जात समुदायलाई **ज्यापु** जात समुदायको भित्रको समूह मानिन्छ भने **यल देय् (पाटन)** मा **कुम्हाः** जात समुदाय र **ज्यापु** जात समुदाय छुट्टै जात समुदाय हुन् । यस्तै इत्यादी ।

(न) त्यसै गरी नेवाः समाजमा स्थानीयताको आधारमा पनि विभेदजन्य मानसिकता रहेको पाइन्छ । कुनै एउटा स्थानको मानिसले अर्को स्थानको मानिसलाई तल्लो स्तरको मान्ने प्रचलन पनि रहिआएको छ । शहरी भेगमा बसोबास गर्ने नेवाःहरूले ग्रामीण भेगमा बसोबास गर्ने नेवाःहरूलाई **गामः / गामाः (गामः / गामाः)**, अर्थ अनुवाद गर्दा **"गाउँले"**, जस्ता दुर्वाच्यहरू प्रयोग गरी तल्लो दर्शाउने गरेको पाइन्छ । एउटै जात समुदाय भित्र पनि एकले अर्को ठाउँको सोही जात समुदायलाई तल्लो वा निम्न स्तरको मान्ने गरेको पाइन्छ । वर्तमान परिपेक्ष्यमा **नेपाः उपत्यका**का सबै स्थानहरू **"शहर"** भइसके । यद्यपि यो **गाउँ-शहर**को भेद वर्तमान परिपेक्ष्यको आधारमा नभएर तत्कालीन समयको **गाउँ-शहर**को भेदमा आधारित हुन्छ ।

(प) मूलतः नेवाः जाति भनेको विभिन्न जातजातिहरूको संगम हो । त्यसैले उपरोक्त विभिन्न जात समुदाय भनि सम्बोधन गरिएका समुदायलाई नेवाः समाजमा **"जाति"** कै रूपमा पनि चिन्ने गरिन्छ । उदाहरणका लागि :- ज्यापु जाति, बलामि जाति, गोपाली जाति, इत्यादी भनि प्रयोग गर्ने गरेको पाइन्छ । त्यसैले नेवाः समाजमा जाति तथा जातको फरक तर overlapping अवधारणा छ । त्यसैले नेवाः जातिलाई एउटा **लहना (लहना)** अर्थात् **सभ्यता (civilization)** का रूपमा पनि लिइन्छ । त्यसै गरी **बहुराष्ट्रिय देश**

(multi-national state) को अवधारणा अन्तर्गत नेवाः जातिलाई आफ्नै राष्ट्रियता भएको एक राष्ट्रका रूपमा पनि लिइने गरिन्छ ।

(फ) नेवाः समाजका यी जातजातिहरू **जात व्यवस्था (caste system)** मा पनि बाँधिएका छन् । यी जातजातिहरूलाई जात व्यवस्थाले **थलाः-क्वलाः (थलाः-क्वलाः)** अर्थात् **उच्च-नीच**को परिभाषामा वर्गिकरण गरिएको छ ।

(ब) यद्यपि नेवाः समाजमा निश्चित समूहमा **"दलित"** भन्ने हुँदैन । एउटा तहले त्यस भन्दा तल्लो तहमा पारिएका जातहरू प्रति जातिय विभेद तथा छुवाछुत गरेको पाइन्छ । नेवाः समाजको जात व्यवस्था step-wise hiearchy मा रहेको छ ।

(भ) पहाडी तथा मधेसी समाजमा जस्तै नेवाः समाजमा ब्राह्मण-क्षेत्री तथा **दलित** भनि वर्गिकरण गरिएको पाइँदैन वा यस्तो प्रकारको वर्गिकरण देखिँदैन । त्यसै गरी नेवाः जाति भित्रका कुनै जात समुदायले आफूलाई **दलि**त भनि पहिचान गर्ने गरेको देखिँदैन । विगतमा नेवाः समाज भित्र जात व्यवस्थाले उत्पीडित जात समुदायलाई **दलित** वर्गिकरण अन्तर्गत राख खोजिएको थियो । तर यी जात समुदायबाट **दलित** वर्गिकरण भित्र रहने चहना नरहेको व्यक्त गरी विरोधाभास जनाएपछी **दलित** वर्गिकरणमा समावेश नगरिएको हो ।

(म) नेवाः समाजको जात व्यवस्थाको स्वरूप पृथक छ । यसको स्वरूप तथा प्रकृतिलाई आफ्नै ढङ्गले विश्लेषण गर्नुपर्छ । जात व्यवस्थाको चर्चा गर्दा पहाडी समाजको जात व्यवस्था तथा पहाडी दलित समुदायको मात्र चर्चा गरिन्छ । पहाडी समाजको जात व्यवस्थाको चश्माले हेर्दै नेवाः समाजको जात व्यवस्थाको विश्लेषण गर्न मिल्दैन ।

(य) त्यसै गरी **दलित** शब्द नेपाल भाषाको शब्द होइन, नेपाल भाषामा प्रयोग गरिँदैन । आफ्नो भाषाको शब्दावली नभएको हुनाले पनि त्यसबाट परिचित हुन नचाहेको देखिन्छ ।

(र) पहाडी तथा मधेसी समाजमा भएका दलित व्यक्तिहरूले यस शब्द प्रति जनाएको अपनत्व नेवाः समाजमा भने देखिँदैन । त्यसैले अपनत्व नभएको शब्द पनि जबर्जस्ती लाद्र मिल्ने हुँदैन ।

(ल) नेवाः जाति भित्रका विभिन्न जातिय समाजका अग्रजहरूसँग कुराकानी गर्दा उनीहरूले आफूलाई दलितमा सूचिकरण नगराउनुको कारण आफूहरू **"दलित"** को ट्याग भित्र बस्न नचाहेको, त्यसरी चिनाउन सहज महसुस नभएको तथा उक्त शब्दलाई अपमानित शब्दका रूपमा हेर्ने गरेको पाइन्छ । नेवाः समाज भित्र हेर्दा जात व्यवस्थाले उत्पीडित जातिय समुदायहरूमा **"दलित"** भन्ने शब्द अनादरपूर्ण शब्द तथा अपमानजनक भनि मान्ने गरेका छन् । यद्यपि यस्तो भन्दैमा पहाडी तथा मधेसी दलितहरूले आफूलाई चिनाउन **"दलित"** शब्द अपनाएकोमा अन्यथा भन्न खोजिएको होइन । **"दलित"** शब्द अपनाउनुमा उनीहरूको आफ्नै तर्क छन् । उनीहरूले नै यस दलित शब्दलाई अपनाएर त्यसको प्रयोग गर्न अघि सरेका हुन् । त्यस्तो अवस्था नेवाः समाजमा छैन । यसलाई हामीले multiple realities को रूपमा बुझ्न सक्छौं । पहाडी तथा मधेसी समाजमा सहर्ष स्वीकारिएको शब्द, नेवाः समाजले अनुपयुक्त ठानेको छ ।

(व) नेवाः समुदायका कतिपय व्यक्तिहरूले जातिय विभेदलाई राणाकालीन अवधारणा मानेका छन् । यो नेवाः संस्कृतिमा प्रगाढ रहेको मान्यता भन्दा पनि गोरखालीहरूले आफ्नो राज्यहरूलाई उनीहरूको अधीनमा लिइसकेपछी **नेवाः राज्य**का नागरिकहरूले विद्रोह गर्न सक्ने भयका कारण आन्तरिक द्वेष सृजना गर्नका लागि गोरखालीहरूबाट लादिएको एवं राणाकालमा संस्थागत भएको भन्ने मान्यता राख्छन् । त्यसै कारण पहाडी समाज जस्तै स्वरूपमा नेवाः समाजमा जातिय विभेदको व्यवस्था रहन नसकेको उनीहरूको भनाई छ ।

(श) उदाहरणका लागि :- पहाडी समाजमा निश्चित जातको निश्चित पेशा तोकिएको हुन्छ । नेवाः समाजको जात व्यवस्थामा पनि त्यसरी पेशागत दायरा भएतापनि फरक साथै फराकिलो रहेको देखिन्छ । पहाडी समाजमा सुनको काम गर्ने **सुनार जात**लाई दलित मानिन्छ, तर नेवाः समाजमा सुनको काम **शाक्य जात**का मानिसहरूले गर्छन् जो जातिय

विभेदको सोपानमा उच्चतम् तहमा रहेका छन् । पहाडी समाजमा फलामको काम गर्ने **लोहार / कामी जात**लाई दलित मानिन्छ, तर नेवाः समाजमा फलामको काम प्रायः **नँकःमि (नकर्मी) जात**का मानिसहरूले गर्छन् जो जातिय विभेदको सोपानमा मध्यम तहमा रहेका छन् ।

(ष) पहाडी समाजमा दलितहरूलाई मन्दिर प्रवेशमा निषेध छ । तर नेवाः समाजमा **क्वय् लाकातःगु जात (क्वय् लाकातःगु जात)** का व्यक्तिहरूलाई मन्दिर प्रवेशमा अधिकांश निषेध छैन । केही सीमित संख्याका मन्दिरहरूमा प्रवेश निषेध गरिन्छ । कतिपय मन्दिरहरूमा यिनै **क्वय् लाकातःगु जात (क्वय् लाकातःगु जात)** का व्यक्तिहरू **घ्यःपाःलाः (घ्यःपाःलाः)**, शाब्दिक अनुवाद : **देउता पालो थाप्ने**, का रूपमा रहेको हुन्छ।

(स) त्यसै गरी प्रत्येक नगर बस्तीहरूमा आयोजना हुने मुख्य जात्रामा त्यस नगर बस्तीका सबै जातहरूको सहभागिता सुनिश्चित हुन्छ । ती जात्रा आयोजनामा सबै जातका मानिसहरूको भूमिका हुन्छ ।

(ह) नेवाः समाजको जातिय विभेदको स्वरूपमा स्थान अनुसार पनि फरकपना देखिने हुनाले जात व्यवस्थाको सोपानको कुनै एउटा स्थिर वा निश्चित सर्वमान्य सूची बनाउन सक्ने अवस्था पनि छैन । यी विभिन्न कारणले गर्दा नेवाः समाजमा दलित वर्गिकरण छैन ।

(क.क) नेपालको संविधानको धारा २४ लाई दृष्टिगत गर्दा छुवाछूत तथा भेदभावविरुद्धको हक दलित समुदायलाई मात्र सीमित छैन । तसर्थ नेवाः समाजको जात व्यवस्थालाई पृथक ढङ्गले सम्बोधन गर्नका लागि दलित शब्दको अपनत्व तथा प्रयोग नहुनाले कुनै बाधा पुर्याएको छैन ।

(क.ख) नेपाल भाषामा **"थजाः - क्वजाः धापू (थजाः - क्वजाः धापू)"** भनिन्छ । यसको शाब्दिक अर्थ **"ठूलो जात - सानो जात अवधारणा"** भन्ने हुन्छ भने भावानुवादमा यसको अर्थ **"जात व्यवस्था"** हो ।

(क.ग) नेवाः समाजमा हिन्दू धर्मावलम्बी तथा बौद्धमार्गी दुबैको समिश्रिगत एवं दोहोरो चरित्रको वर्गिकरण छ । बौद्ध धर्मावलम्बीहरूमा पनि जात व्यवस्था भएको समाज नेवाः समाजमा मात्र हो ।

(क.घ) कतिपय जातिहरूले एक-अर्कालाई आफू भन्दा तल्लो मानी परस्पर विभेद गर्ने पनि गरेको पाइन्छ । उदाहरणका लागि :- हिन्दू श्रेणीबाट **बर्मु बाज्या (राजोपध्याय ब्राह्मण)** हरूले आफूलाई सर्वोच्च ठान्ने गर्दछन् भने बौद्ध श्रेणीबाट **गुभाजु (बज्राचार्य)** हरूले आफूलाई सर्वोच्च ठान्ने गर्दछन् । अब **बर्मु बाज्या**हरूले आफूलाई **गुभाजु**हरू भन्दा ठूलो जातको ठान्दछन् भने **गुभाजु**हरूले आफूलाई **बर्मु बाज्या**हरू भन्दा ठूलो जातको ठान्दछन् । यस्तै अवस्था **ज्यापु** तथा **स्यस्यः** जाति बीच, **जुगि** तथा **नाय्** जाति बीच लगायत विभिन्न जातजाति बीच रहेको देखिन्छ ।

(क.ङ) नेपाल भाषामा **"थलाः - क्वलाः (थलाः - क्वलाः)"** भनिन्छ । यसको शाब्दिक अर्थ **"माथी परेको - तल परेको"** भन्ने हुन्छ भने भावानुवादमा यसको अर्थ **"उच-नीचको भेद"** हो ।

(क.च) यसरी जात व्यवस्थाले उत्पीडित जातहरूलाई नेपाल भाषामा **क्वय् लाकागःगु जाग (क्वय् लाकातःगु जात)** अर्थात् **तल पारिएका जात** भनिन्छ / भन्ने गरिएको पाइन्छ । चलन्चल्तीमा **क्वजाग (क्वजात)** भन्ने शब्द पनि चलिआएको छ । तर यसको शाब्दिक अर्थ **"तल जात"** एवं भावार्थ **"कुजात"** भन्ने भएको हुनाले यो शब्द आफैमा जातिय विभेदको उपज मानिन्छ । कुनै जात ठूलो वा सानो नहुने र विभेदजन्य व्यवस्थामा कुनै जातका व्यक्तिहरूलाई तल पारिएको हुने भन्ने समानतावादी बुझाई अनुकूल कुनै जात निहित रूपमा तल्लो नभएर व्यवस्थात्मक रूपले तल पारिएको भन्ने बुझाउन **क्वय् लाकागःगु जाग (क्वय् लाकातःगु जात)** भन्ने शब्दावलीको प्रयोग गरेको पाइन्छ / प्रयोग गर्न उपयुक्त हुन्छ ।

(क.छ) नेपाल भाषामा **ध्याक्वय् लाकागःपिं (ध्याक्वय् लाकातःपिं)** भन्ने शब्दावली पनि प्रचलनमा छ । कतिपय भाषिकाहरूमा **ध्याकुनय् लाकागःपिं (ध्याकुनय् लाकातःपिं)** भनि भनिन्छ ।

यसको शाब्दिक अर्थ **"ध्याक्व / ध्याकुं मा पारिएका"** भन्ने बुझिन्छ । **ध्याक्व / ध्याकुं**को अर्थ कुनै चारकुन्ने कोठाको भित्तामा रहेका कुन्ने भागहरूलाई जनाउँछ । नेवाः समाजमा **"सिमान्तकृत"** वा **"पछाडी पारिएका"** को भावार्थ जनाउनका लागि यो शब्दावली प्रयोग गरिन्छ ।

(क.ज) नेपाल संवत् ११३० मा **नेवाः स्वायत्त राज्य मंकाः संर्घष समिति**ले दशरथ रंगशालामा जनस्तरबाट **नेवाः स्वायत्त राज्य** घोषणा गरेको थियो । सोही घोषणामा नेवाः जनता भित्र भएको जातिय विभेदको अन्त्य गर्ने प्रतिबद्धता पनि जाहेर भएको थियो । यस घोषणालाई नेवाः भित्रका विभिन्न जातीय संघसंस्थाहरूले अनुमोदन गरेको थियो ।[४१] यसबाट नेवाः समाजहरूमा जातिय विभेदको अन्त्य गर्ने चाहना रहेको छ भन्ने बुझिन्छ ।

५. **<u>जुगि जातको संक्षेप परिचय</u>** : नेवाः जाति भित्रका विभिन्न जातजातिहरू मध्ये **जुगि जात** पनि एक हो । नेपाः उपत्यकामा यस जातिको अस्तित्व लिच्छवीकाल देखि देखिन्छ ।

(क) सुदर्शना दर्शनधारीद्वारा लिखित आलेखमा जुगि जातमा रहेका विभिन्न थरहरूको परिचय यसरी दिएका छन् :-[४२]

कपाली जातियात ह्मसीक वीगु स्वलय् थीथी मनूतय् थीथी कथंया विचाः खनेद् । कपाली जातियात जोगी, दर्शनधारी व क्ष्ण नं धाइ । काम, क्रोध, लोत, मोहय् तक्कनामच्वंस ज्ञाध्यात्म चिन्तन यानाजुइपिं वा उद्याग सांसारिक वन्धनं जोगेजुया च्वनेगुलिइ प्रयत्नरतपिंत ह जोगी धाइ । समाजय् रोग व्याधिं कयाच्वंपिंत थःगु तन्त्रवलं लायकेगु, दर्शन धारण यायेगु शक्ति दुपिन्त दर्शनधारी धाइ वा दर्शन यायेत योग्यगु ज्ञाचरण याइपिं ह दर्शनधारी खः । क्ष (गुगु ज्ञतिकं पवित्रगु घाँय् खः उद्यागु) या पाखं उत्पन्न जूपिं जुयाः क्ष्ण धकाः नं धायेगु याः । क्ष्ण (क्षल) तय्गु उत्पत्तिया खँयात कयाः थ्कथं ह्रयथनातःगु द् — महाध्यानं क्षयाह्म मनू दयकाः "जीव" दान वियाः

[41] https://www.nepalmandal.com/content/12155.html

[42] सुदर्शना दर्शनधारी, https://jheeguinformation.com/.

ऋक्कना

कुशलनाथ योगीया जन्म जुल धकाः सुमति शास्त्रय् ब्वयातःगु दु । थ्व हे कुशलनाथया जुनुयायीतय्त कुशले, दर्शनधारी, कपाली धकाः धायेगु यात ।

यस आलेखांशको अनुवाद यस प्रकारले छ :-

कपाली जातिलाई चिनाउने क्रममा विभिन्न मानिसहरूको विभिन्न प्रकारको विचार देखिन्छ । कपाली जातिलाई जोगी, दर्शनधारी तथा कुश्ले पनि भनिन्छ । काम, क्रोध, लोभ, मोहमा नअल्झिकन आध्यात्म चिन्तन गर्नेहरू वा त्यस प्रकारको सांसारिक बन्धनबाट जोगेर बस्ने प्रयत्नरतहरू नै जोगी भनिन्छ । समाजमा रोग व्याधिले पीडितहरूलाई आफ्नो तन्त्रबलले बिसो पार्ने, दर्शन धारण गर्ने शक्ति भएकाहरू दर्शनधारी भनिन्छ वा दर्शन गर्नलाई योग्य आचरण भएका नै दर्शनधारी हुन् । कुश (जुन अधिक पवित्र घाँस हो त्यस्तो) को तर्फबाट उत्पन्न भएको हुनाले कुश्ले पनि भनिने गरिन्छ । कुश्ले (कुशले) हरूको उत्पत्तिको कुरालाई लिएर यसरी उभ्याइएको छ — महादेवले कुशको मान्छे बनाएर "जीव" दान दिएर कुशलनाथ योगीको जन्म भयो भनि सुमति शास्त्रमा लेखिएको छ । यही कुशलनाथको अनुयायीहरूलाई कुशले, दर्शनधारी, कपाली भनेर भन्ने गरियो ।

(ख) जुगि जातले देहायका थरहरू प्रयोग गर्ने गरेको पाइन्छ ।

१) **कपाली** (कपाली),

२) **कुश्ले** (कुश्ले),

३) **कुसलनाथ** (कुसलनाथ),

४) **कुस्ले** (कुस्ले),

५) **कुस्ल्या** (कुस्ल्या),

६) **जोगी** (जोगी),

७) **दर्शणधारी** (दर्शणधारी),

८) **दर्शन** (दर्शन),

९) **दर्शनधारी** (दर्शनधारी),

१०) **योगी** (योगी),

११) **सुचिकार** (सुचिकार) ।

ऋक्कना

(ग) जुगि जातको **दगुघ्यः / दुगुघ्यः / दउघ्यः (देगुघः / दुगुघः / देउघः)** अर्थात् **कुलदेवताका** रूपमा **गोरखनाथ** मान्ने गर्दछन् । त्यसै गरी **वाला चःह्ने (बाला चःह्ने)** अर्थात् बाला चतुर्दशीका दिन प्रायः जुगिहरूको **दगु / दिगु / दउ पूजा (देगु / दिगु / देउ पुजा)** अर्थात् **कुल देवताको पुजा** हुने गर्दछ । कतिपय स्थानमा **सिथि नखः (सिथि नखः)** का दिन पनि हुने गर्दछ ।

(घ) जुगि जात आफूलाई **नाथ सम्प्रदाय**को मान्दछन् । त्यसैले प्रायः पुरुषहरूको मध्यनाममा नाथ उल्लेख भएको देख्न सकिन्छ । जस्तैः- वीरनाथ, रूद्रनाथ, केदारनाथ, इत्यादि ।

(ङ) जुगि जातमा आफ्नै जातको पुरोहित हुन्छ । हामी उनीहरूलाई **ग्ववाःजु (ग्वबाःजु)** भन्छौं । तर यिनीहरू **बर्मु (ब्राह्मण)** वा **गुभाजु (बज्राचार्य)** नभएर जुगि जातकै मानिस हुन् ।

(च) जुगि जातमा कसैको मृत्यु भएपछी उसको मृतशरीरलाई गाढ्ने गरिन्छ, जसलाई नेपाल भाषामा **सिङ्ह थुनेगु (सिइम्ह थुनेगु)** भनिन्छ । नेवाः जाति भित्र मृतशरीरलाई गाढ्ने परम्परा भएको जाति जुगि जात एकमात्र त्यस्तो समुदाय हो ।

(छ) जुगि जातको मुख्य गरी तीन उपसमूहहरू रहेको मानिन्छ । ती उपसमूह कपाली, दर्शनधारी तथा कुश्ले हुन् । जुगि जातमा प्रयोग गर्ने अरू विविध थरहरू यी तीन शब्दकै व्युत्पत्ति रहेको मान्न सकिन्छ । जुगि जात समुदाय भित्र यी तीन फरक-फरक समूह भएतापनि वर्तमान परिपेक्ष्यमा यो भेद लोप भइसकेको देखिन्छ । जुगि जात समुदायका सबैले यी तीन मध्ये जुनसुकै थर प्रयोग गर्ने प्रचलन बन्न पुगेको हुँदा यी तीन भेदहरूको भिन्नता अदृश्य भइसकेको अवस्था देखिन्छ ।

(ज) Anil M Shakya ले आफ्नो **Newar, Marriage and Kinship in Kathmandu, Nepal** नामक विद्यावारीधि शोध प्रबन्धमा जुगि जातको तीन भेदलाई औंल्याएका छन् । उनका अनुसार जुगि जातका तीन भेदहरूमा **दर्शनधारी**, **कपाली** तथा **दन्या** समूह रहेका छन् । कपालीहरूले अरू जातका नेवाःहरूको मृत्यु संस्कारको दायित्व पूरा गरेझैं कपाली

स्वयंहरूको मृत्यु संस्कारको दायित्व पूरा गर्ने समूह **दन्या** हो । यस समूहले कपालीहरूको मृत्यु संस्कारको दायित्वका साथै उनीहरूको हजामका रूपमा पनि काम गर्ने गरेका छन् । यस समूहलाई **बेपाली** भन्ने पनि गरिएको पाइन्छ । यद्यपि शाक्यका अनुसार दन्या वा बेपालीहरूले पनि कपाली थर नै प्रयोग गर्ने गरेको उल्लेख छ । त्यसै गरी उक्त शोधमा कपालीहरूको पुरोहितका रूपमा दर्शनधारी समूहलाई औंल्याइएको छ ।

(झ) धन बहादुर कुँवरको **"काठमाडौं उपत्यकाका कुसले जातिको सामाजिक तथा धार्मिक जीवन र परिवर्तनका स्वरूपहरू"** मा सिलाईको कार्य गर्ने भएकाले नेवाः जातिको जुगि जात तथा पहाडी समुदायको दमाई जातलाई एकै कसीमा राखिने भन्ने पनि उल्लेख गरेको पाइन्छ । दक्षिण एसियाको परिपेक्ष्यमा हेर्दा **कनफट्टा जोगी** वा **नाथ** समुदाय बाट उत्पत्ति भई नेवाः समाजमा **जुगि जात** समुदायले आफ्नो स्वरूप लिएको देखिन्छ । यसरी नेपालकै अर्को खस-आर्य समुदाय अन्तर्गत **दशनामी सन्यासी** समुदायको उत्पत्तिसँग पनि समरूपता रहेको देखिन्छ । विभिन्न पृष्ठभूमीबाट नेपाल मन्दलमा बसोबास गर्न आई एउटा संयुक्तितामा अन्तरघुलन हुने क्रममा यही **कन्फट्टा जोगी, नाथ योगी** भनिने समुदायहरू नेपाल मन्दलमा प्रवेश गरी नेवाः जातिको **जुगि जात** भएको मान्न सकिन्छ । यिनै **कन्फट्टा जोगी, नाथ योगी**हरू खस-आर्य समुदायमा प्रवेश गरे, र **दशनामी सन्यासी** भए । यिनै **कन्फट्टा जोगी, नाथ योगी**हरू तिब्बतमा प्रवेश गरे, र **དགེ་ལུགས་པ་ (गेलुक्पा)** सम्प्रदाय भए ।

६. <u>जुगि जातको परम्परागत पेशा :</u> जात व्यवस्थामा जातको आधारमा कुनै निश्चित पेशा अपनाउनै पर्ने बाध्यता हुन्छ । जात व्यवस्थामा निश्चित जातका मानिसहरूको लागि उनीहरूले गर्नैपर्ने वा गर्न सक्ने पेशा तोकिएको हुन्छ । जात व्यवस्थामा यस्तो तोकिएको पेशा बाहेका पेशा अपनाउने स्वतन्त्रता दिइएको हुँदैन । जुगि जातको परम्परागत पेशा देहाय बमोजिम रहेको छ ।

(क) नेवाः समाजको मृत्यु संस्कारमा जुगि जातको भूमिका रहेको पाइन्छ । ऐतिहासिक नेवाः बस्तीहरूमा **प्यकालँ (प्यकालँ)** अर्थात् चारदोबाटो अथवा **द्वपाः (द्वपाः)** अर्थात्

दोबाटोको केन्द्र वा मध्यलाई **ङ्वास (छवास)** भनेर चिनिन्छ । यस्ता **छवास**लाई **ङ्वास ञ्जिमा (छवास अजिमा)** वास गर्ने स्थानका रूपमा लिइन्छ । कसैको घरपरिवारमा कुनै व्यक्तिको मृत्यु भएपछी नीज मृतकका लत्ता कपडाहरू **छवास**मा लगेर विसर्जित गरिन्छ । यसलाई **ङ्वासय् वायेगु (छवासय् वायेगु)** भनिन्छ । यी अशुद्ध मानिएका लत्ताकपडाहरूलाई फुकेर शुद्ध बनाई जुगि जातका मानिसले लैजाने गरेको पाइन्छ । त्यसैले यस्ता **छवास** स्थानहरू निकट **सतःछें (सत्तलघर)** बनाएर जुगि जातका मानिसहरूलाई राखिन्छ । यसरी नेवाः समाजको मृत्यु संस्कारमा जुगि जातको सांस्कृतिक तथा परम्परागत एवं प्रथाजन्य भूमिका देखिन्छ भने **सतःछें (सत्तलघर)** को वास हुनुको कारण पनि देखिन्छ ।

(ख) जुगि जातको तन्त्र विद्याले भूतप्रेतको सामना गर्न सक्ने तथा भूतप्रेत पञ्छाउन सक्ने मान्यता रहेको पाइन्छ । तसर्थ यही भूतप्रेत पन्छाउनका लागि **प्यकालँ (प्यकालँ)** तथा **द्वपाः (द्वपाः)** नजीकै **सतःछें (सत्तलघर)** बनाई जुगि जातका मानिसहरूलाई राख्ने गरिन्छ । जुगि जातका मानिसहरूलाई तान्त्रिक पुरोहित पनि मानिन्छ । यसरी नेवाः समाजको तान्त्रिक संस्कारमा जुगि जातको सांस्कृतिक तथा परम्परागत एवं प्रथाजन्य भूमिका देखिन्छ भने **सतःछें (सत्तलघर)** को वास हुनुको कारण पनि देखिन्छ ।

(ग) त्यसै गरी विभिन्न स्थानका **दःगः / घ्यगः (देगः / घ्यगः)** अर्थात् मन्दिरको रेखदेखका लागि त्यस्ता मन्दिर वरपरको **सतःछें (सत्तलघर)** मा पनि जुगि जातको बसोबास रहेको पाइन्छ । उक्त मन्दिरको रेखदेख गर्ने, सरसफाई गर्ने, इत्यादीका धार्मिक सांस्कृतिक कामकर्तव्यको पूर्तीका लागि पनि जुगि जातका मानिसहरूलाई राखिएको हुन्छ । यसरी नेवाः समाजको धार्मिक संस्कारमा जुगि जातको सांस्कृतिक तथा परम्परागत एवं प्रथाजन्य भूमिका देखिन्छ भने **सतःछें (सत्तलघर)** को वास हुनुको कारण पनि देखिन्छ ।

(घ) कसैको मृत्यु हुँदा मृत्यु भएको सात दिन पछी मृतकको नाममा भात लगायतका खाद्यान्न बनाइने गरिन्छ । यस भातलाई **क्वय्नुमा (न्हय्नुमा)** भनिन्छ । यस्ता **न्हय्नुमा** जुगि जातका मानिसहरूलाई दिने गरिन्छ । प्रत्येक घरको मूलढोका अगाडी **पिखालख् /**

ऋक्कना

पिखालाखि (पिखालखु / पिखालाखि) भन्ने हुन्छ । नेवाः जातिको बसोबास भएका घरको मूलढोका बाहिर भुइँमा रातो माटोले लिपेर पुजा गरेको देख्न सकिन्छ । हिजोआज मण्डला आकारमा धातुबाट आकृति बनाएर राख्ने गरेको पनि देखिन्छ । यही **पिखालखु / पिखालाखि** हो । मृतकको घर अगाडीको यसै **पिखालखु**मा उभिएर मृतकको परिवारबाट हाम्रो जातले **न्हय्नुमा** थापेर लिन्छन् । नेवाः जातिको मृत्यु संस्कारको यो एक प्रमुख परम्परा हो । यसरी मृतकको नाममा चढाइने न्हय्नुमालाई हाम्रो जातले ग्रहण गरेमा मात्र मृतकको आत्मा तर्ने भन्ने धार्मिक आस्था छ । यसै मृत्यु संस्कारको परिपूर्तीका लागि टोल-टोलमा सतःछेँ (सत्तलघर) बनाई जुगि जातका मानिसहरू राख्ने गरिन्थ्यो । यसरी नेवाः समाजको मृत्यु संस्कारमा जुगि जातको परम्परागत एवं प्रथाजन्य भूमिका देखिन्छ भने **सतःछेँ (सत्तलघर)** को वास हुनुको कारण पनि देखिन्छ ।

(ङ) यसका साथै नेवाः समाजमा कुनै प्रकारको चाडपर्व वा सांस्कृतिक रीतिजन्य कार्य भएमा आफ्नो मृतक पुर्खाको नाममा खाद्यान्न भाग चढाउने गरिन्छ । नेवाः समाजको जुनसुकै भोजमा मानिसहरूलाई सरह एक भाग देवतालाई तथा एक भाग मृतकलाई भनि छुट्याइएको हुन्छ । देवतालाई राखिएको भागलाई **द्यःब्व (द्यःब्व)** भनिन्छ भने मृतकलाई राखिएको भागलाई **सिकीब्व (सिकीब्व)** भनिन्छ । सोही **सिकीब्व** जुगि जातका मानिसहरूलाई दिनुपर्ने हुन्छ । यसरी **सिकीब्व** लिने कार्यलाई **त्वालय् कायेगु (त्वालय् कायेगु)** वा **त्वाःजं कायेगु (त्वाःजं कायेगु)** भनिन्छ । यो परम्परा विभिन्न स्थानहरूमा विभिन्न स्वरूपमा गरेको पाइन्छ । कतिपय स्थानहरूमा जुगि जातका मानिसहरू आआफै घर-घर गएर लिन जान्छन् । कतिपय स्थानहरूमा लिन आउ भनि बोलाउन आउँछन् । कतिपय स्थानहरूमा हाम्रै घर आँगनमा दिन ल्याउँछन् । यसै संस्कारको परिपूर्तीका लागि टोल-टोलमा सतःछेँ (सत्तलघर) बनाई जुगि जातका मानिसहरू राख्ने गरिन्थ्यो । यसरी नेवाः समाजको संस्कारमा जुगि जातको परम्परागत एवं प्रथाजन्य भूमिका देखिन्छ भने **सतःछेँ (सत्तलघर)** को वास हुनुको कारण पनि देखिन्छ ।

ऋक्कना

(च) उपरोक्त उल्लेख मृत्यु संस्कारसँग सम्बन्धित सबै प्रथाजन्य कार्य गर्नका लागि प्रत्येक टोलमा एक/एक परिवार जुगि जातका मानिसहरूलाई राख्ने गरिन्छ । मूलतः **ग्वालय् कायगु (त्वालय् कायेगु)** को शाब्दिक अर्थ **"टोलमा लिनु"** हो । त्यसै गरी **ग्वाःजं कायगु (त्वाःजं कायेगु)** को शाब्दिक अर्थ **"टोलको जन भई लिनु "** हो । त्यसैले नै प्रत्येक टोल-टोलको बासिन्दाका लागि आफ्नै टोलको जुगि हुने गर्दछ । आ-आफ्नो टोलमा बसिआएका जुगि जातका मानिसहरूबाट नै यी रीतिथिति पूर्ती गर्नुपर्ने भएकाले जुगि जातका मानिसहरूलाई **ग्वाःजं (त्वाःजं)** अर्थात् **टोलको जन** पनि भन्ने गरिन्छ । यसरी नेवाः समाजको मृत्यु संस्कारमा जुगि जातको परम्परागत एवं प्रथाजन्य भूमिका देखिन्छ भने **सतःछें (सत्तलघर)** को वास हुनुको कारण पनि देखिन्छ ।

(छ) जुगि जातले पुख्यौंली गरिआएको पेशा मध्ये **सुचिकाः ज्या (सुचिकाः ज्या)** अर्थात् सिलाई कार्य पनि रहेको पाइन्छ । आफू बसिआएको घर मुनी रहेको **सतः (सत्तल)** मा सिलाई मिसिन राखी सिलाई कार्य गर्दै आएको पुख्यौंली अभ्यास पाइन्छ । यसरी नेवाः समाजको पेशा तथा कार्यविभाजन संस्कारमा जुगि जातको पेशाजन्य भूमिका देखिन्छ भने **सतःछें (सत्तलघर)** को वास हुनुको कारण पनि देखिन्छ ।

(ज) जुगि जातका मानिसहरू तन्त्रविद्याको प्रयोग गर्ने काम पनि गरेको पाइन्छ । यसमा महिलाहरू **द्यःमां (द्यःमां)** अर्थात् झारफुक गर्ने महिलाका रूपमा काम गरेको एवं पुरुषहरू **बैद्य (बैद्य)** अर्थात् झारफुक गर्ने पुरुषका रूपमा काम गरेको पाइन्छ ।

(झ) जुगि जातका महिलाहरू **अजि / ऐचा / दिदि अजि / दिरि अजि (अजि / ऐचा / दिदि अजि / दिरि अजि)** अर्थात् सुँडेनी को काम गर्ने गरेको पनि पाइन्छ ।

(ञ) जुगि जातको परम्परागत **बाजं (बाजं)** अर्थात् बाजा भनि **म्वहालि / मुहालि / म्वाय्लि (म्वहालि / मुहालि / म्वाय्लि)** बाजा हो । नेवाः समाजमा **म्वाय्लि बाजा**को ठूलो महत्व रहेको पाइन्छ । **म्वाय्लि बाजा**को प्रयोजन **भिंज्या (भिंज्या)** अर्थात् सुमंगल कार्य मा गरिन्छ । जस्तै विवाहको अवशरमा **म्वाय्लि** बजाइन्छ । मन्दिरहरूमा **म्वाय्लि बाजा** बजाइन्छ । यस बाजाले देवीदेवतालाई आकर्षित पारी ल्याउने क्षमता रहेको

जनआस्था छ । । मन्दिरहरूको स्थापना गर्दा वा देवीदेवताको मूर्तीलाई स्थानान्तरण गर्दा यो बाजा बजाउन महत्वपूर्ण मानिन्छ । जात्रापर्वमा पनि **म्वाय्लि बाजा**को प्रयोग गरिन्छ । नेवाः जातिको अधिकांश सांस्कृतिक तथा परम्परागत कार्यमा यो बाजा **मदय् कँ मगाःगु (मदय्कं मगाःगु)** अर्थात् नभै नहुने बाजाका रूपमा लिइन्छ ।

७. **जुगि जातलाई हुने जातिय विभेद :** जात व्यवस्थामा जुगि जात एक उत्पीडित समुदाय हो । हामी जातका आधारमा विभेद, भेदभाव, छुवाछुत, वहिष्करण, अवहेलना लगायत जात व्यवस्थाले निम्त्याउने विभिन्न प्रकारका हिंसा तथा असमानताको शिकार हुन बाध्य भएका समुदाय हौं ।

(क) नेपाल संवत् ५०० सालमा **नारदस्मृति**लाई नेपाल भाषामा उतार गरी नेवाः समाजलाई जात व्यवस्थामा वर्गिकरण गरेको इतिहासले बताउँछ । **न्यायविकासिनी**मा **४ जात कुस्ले** भन्ने उल्लेख गरिएको छ ।[४३] यस समयमा जात विभाजन मात्र भएको थियो कि विभेद पनि सुरुवात भयो भन्ने विषयमा मतैक्यता भने देखिएन ।

(ख) **मुलुकी ऐन, १९१०** ले संस्थागत गरेको जात व्यवस्थामा **कुस्ले** नामले जुगि जातलाई **पानी नचल्ने तर छोइछिटो हाल्न नपर्ने** भनि वर्गिकरण गरिएको थियो । यसबाट स्पष्ट रूपमा कानूनले नै विभेद संस्थागत गरेको प्रस्ट हुन्छ ।

(ग) Francis Buchanan Hamilton को **An Account of the Kingdom of Nepal** (सन् १८१९) मा **कुस्ले जाति**को उल्लेख गरेको पाइन्छ । यसमा उनले कुस्ले जातिलाई अशुद्ध मान्ने भन्ने उल्लेख गरिएको पाइन्छ । [पाठ १, पाना ३७]

(घ) David N. Gellner को **Low Castes in Lalitpur** नामक लेखमा पनि कपालीहरूलाई समावेश गरिएको पाइन्छ ।

(ङ) Michael Allen ले आफ्नो **Hierarchy and Complementarity in Newar Caste, Marriage and Labour Relations** मा Unclean castes अन्तर्गत Jogi भनि उल्लेख

[43] जयस्थिति मल्लको सुधार, चन्द्रविक्रम बुढाथोकी, साझा प्रकाशन, वि.सं. २०३९ ।

गरेका छन् । [लेखको पाना ४, लेख समवेश पुस्तक Mankind, Aug, 1987, Vol. 17, No. 2, को पाना ९५]

(च) गोपाल सिंह नेपालीको **The Newars of Nepal** मा पनि Kusle (or Jogi) भनि Unclean Castes मा वर्गिकरण गरेको पाइन्छ । [पाना २५७]

(छ) Hiroshi Ishii को **Structure and Change of a Newari Festival Organization** मा Jugi लाई Untouchables को वर्गिकरणमा राखिएको छ ।[Himalayan Anthropology : The Indo- Tibetan Interface, 1978, Mouton Publishers, पाना ५०८]

(ज) Declan Quigley को **Ethnicity Without Nationalism : The Newars of Nepal** मा Castes from whom water may not be taken मा tailors भनि राखिएको छ । [European Journal of Sociology (28), 1987, पाना १५६]

(झ) Anil M Shakya को आफ्नो **Newar, Marriage and Kinship in Kathmandu, Nepal** मा Water Unacceptable भित्र Unclean service castes मा Jogi (Kapali, Darshandhari) भनि उल्लेख गरिएको छ । [पाना ४२]

(ञ) धन बहादुर कुँवरको नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विषयमा विद्यावारिधि (पीएच्.डी.) उपाधिका निमित्त मानविकी तथा सामाजिकशास्त्र सङ्कायमा प्रस्तुत "**काठमाडौं उपत्यकाका कुसले जातिको सामाजिक तथा धार्मिक जीवन र परिवर्तनका स्वरूपहरू**" शीर्षकको शोध प्रबन्धमा जुगि जातले भोग्ने जातिय विभेद, छुवाछुत तथा यसको प्रभाव जुगि जातका मानिसहरूको शिक्षा, रोजगार, आर्थिक अवस्था लगायतमा कसरी परेको छ भन्ने तथ्यलाई अघि सारिएको छ ।

(ट) तथापि राज्यसँग नेवाः जाति भित्रका जातजातिहरूको विखण्डित तथ्याङ्क छैन । राज्यले नेवाः जातिको समष्टिगत तथ्याङ्क मात्र राख्ने गरेको हुनाले नेवाः जाति भित्र जात व्यवस्थाका कारण सिमान्तकृत समुदायको वास्तविक अवस्था यकीन हुने तथ्याङ्क लगायतका आधारहरू राज्यसँग छैन ।

८. <u>सतःछेंको परिचय एवं सतःछें (सत्तल घर) तथा फलचा (पाटीपौवा) बीचको भिन्नता :</u> **सतःछें (सत्तल घर)** तथा **फलचा (पाटी)** मा समरूपता देखिन्छ, तर एउटै भने होइनन् ।

(क) **फलचा,** वैकल्पिक हिज्जे **फल्चा, (पाटीपौवा)** एकतल्ले मात्र हुन्छ । यो प्रायः बाटो रहेको भुइँ सतह भन्दा केही उकासिएको जगमा एकतल्ले संरचना हुन्छ । यो सार्वजनिक प्रयोग प्रचलनका लागि बनाइएको हुन्छ । बाटो हिँड्ने बटुवाहरूको लागि थकाई मार्न तथा ओत लिनका लागि यो बनाइएको हुन्छ । त्यसै गरी टोलछिमेकका मानिसहरूको सामाजिकिरण हुने थलो पनि हो । कतिपय **फलचा**हरूमा भजन गाउने लगायत थुप्रै धार्मिक-सांस्कृतिक कार्य हुने गर्दछ । **फलचा**को माथी छाना हुन्छ । प्रायः **फलचा**हरू चारै तर्फबाट खुल्ला हुने गर्दछ । विभिन्न **थां (थाम)** बाट छाना अडाइएको हुन्छ । छेउछाउमा घर भएमा मात्र चारैतर्फ खुल्ला हुँदैन ।

(ख) नेपाल भाषाको **सगःछँ (सतःछें)** शब्द दुई शब्दको समिश्रण हो । यो **सगः (सतः)** तथा **छँ (छें)** शब्दको समिश्रणमा बनेको छ । **सगः (सतः)** शब्दको अर्थ **सत्तल** हुन्छ भने **छँ (छें)** शब्दको अर्थ **घर** हुन्छ । यसलाई खस/पर्वते भाषा (नेपाली भाषा) मा **सत्तलघर** पनि भन्ने गरिएको पाइन्छ । खस/पर्वते भाषा (नेपाली भाषा) मा **सत्तल** भन्ने शब्द पनि नेपाल भाषाको शब्दबाट अपनाइएको छ । **सगः (सतः)** शब्दको मूल रूप **सगल (सतल)** हो । यसरी "ल वर्ण" लोप भएर दीर्घ स्वर उच्चारण बन्ने प्रक्रिया यस निवेदनको प्रकरण २ (क) मा व्याख्या गरिसकेको छ ।

(ग) **सतःछें**को भुइँतल्ला पनि **फलचा** जस्तै हुन सक्छ । **सतःछें** केवल एकतर्फबाट मात्र खुला हुन्छ । यसको भुइँ तल्ला तीन तिर भित्ताको आडमा हुन्छ । **सतःछें** बहुतल्ले हुन्छ । **सतःछें**को भुइँतल्ला सतःको प्रयोजन **फलचा**को जस्तै हुन सक्छ । यद्यपि त्यसमाथी रहने घरको प्रयोजन नितान्त नीजि हुन्छ ।

(घ) एक वास्तुशास्त्री Wolfgang Korn द्वारा लिखित **The Traditional Architecture of the Kathmandu Valley** मा धर्मशाला भन्ने प्रकारका तीन संरचना **फलचा (पाटी), सतः**

(सत्तल) तथा **चपाः (चपात)** रहेको व्याख्या गरेका छन् । उक्त पुस्तकमा वास्तुकलात्मक एवं संरचनात्मक रूपमै **फलचा (पाटी)** तथा **सतः (सत्तल)** बीच भिन्नता रहेको दर्शाइएको छ । *(पाना १२७ देखि पाना १४६) ।*

सोही पुस्तकबाट साभार यी दुई तस्वीर जसले फलचा तथा सतःछैं बीच भिन्नता छुट्याउने कार्यलाई दृष्टिगत गराउँछ ।

फलचाको तस्वीर (पाना १२९ बाट साभार) ।



सतःछैंको तस्वीर (पाना १३१ बाट साभार) ।



(ङ) सतःछैं (सत्तल घर) तथा फलचा (पाटीपौवा) बीचको भिन्नतालाई तालिकामा दृष्टिगत गराइएको छ ।

ऋङ्कना

फलचा	सतःछैं
१. यो एक तल्ले मात्र हुन्छ ।	१. यो बहुतल्ले हुन्छ ।
२. यो प्रायः चारैतर्फबाट खुल्ला हुन्छ ।	२. यसको भुँइ तल्ला केवल एक तर्फबाट मात्र खुल्ला हुन्छ ।
३. यसमा विशेषतः काठको थां (थाम) बाट अडाई माथी छाना राखिएको हुन्छ ।	३. यसमा तीन तर्फ भित्ताले अडाई माथिल्ला तल्लाहरूमा आवास बनेको हुन्छ ।
४. यसमा मानिस बस्न मिल्ने घर हुँदैन ।	४. यसमा मानिस बस्न मिल्ने घर हुन्छ ।
५. सार्वजनिक प्रयोजनका लागि बनाइएको ।	५. जुगि जातका मानिसहरूको आवासका लागि बनाइएको ।

९. **<u>सतःछैं तथा जुगि जातको ऐतिहासिक, सांस्कृतिक एवं परम्परागत सम्बन्ध</u>** : प्रकरण ६ मा व्याख्या गरिए अनुसार नेवाः जातिको परम्परागत तथा सांस्कृतिक प्रचलन प्रथाको आपूर्तीका लागि ऐतिहासिक कालखण्डदेखि **जुगि जात**को मानिसलाई **सतःछैं (सत्तलघर)** मा बसोबास गराएको तथ्य पुष्टी हुन्छ । यो कुनै एक सतःछैं, एक टोल, एक बस्ती वा एक स्थान विशेष नभएर लिच्छवीकालीन समयदेखि नै **जुगि जात**का मानिसहरूको बसाइँ **सतःछैं**मा रहेको एवं यो अवस्था ऐतिहासिक नेवाः बस्ती भरी नै रहेको भन्ने इतिहासको अध्ययनले देखाउँछ । त्यसैले **जुगि जात**का मानिसहरूको बसोबासको अवस्थालाई हेर्न यो इतिहासलाई मध्यनजरमा राख्नुपर्छ । यही ऐतिहासिक पक्षको निरन्तरताका रूपमा रहेको वर्तमानको परिपेक्ष्यको विश्लेषण गर्दा ऐतिहासिक पक्षलाई नकार्न सक्ने अवस्था हुँदैन । इतिहासले नै वर्तमानलाई आकार दिने हो । ऐतिहासिक तथ्यमा प्रवेश नगरी वर्तमानको उचित मूल्यांकन हुन सक्दैन ।

(क) धन बहादुर कुँवरको नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विषयमा विद्यावारिधि (पीएच्.डी.) उपाधिका निमित्त मानविकी तथा सामाजिकशास्त्र सङ्कायमा प्रस्तुत "**काठमाडौं उपत्यकाका कुसले जातिको सामाजिक तथा धार्मिक जीवन र परिवर्तनका स्वरूपहरू**" शीर्षकको शोध प्रबन्धमा लिच्छवीकालीन समय देखि जुगि जातको बसाइँ **सत्तल अतिरिक्तको घर**मा रहेको तथ्य पेश गरिएको छ ।

(ख) David N. Gellner को **Low Castes in Lalitpur** नामक लेखमा पनि कपालीहरू **सतःछेँ**मा बस्ने भन्ने उल्लेख गरिएको छ ।

(ग) लक्ष्मी प्रसाद कपाली, राजु कपाली तथा सुनिल कपालीले लेखेको "**कपाली : संक्षिप्त परिचय**"मा पनि विभिन्न अभिलेखहरूको अध्ययन गरी कपाली जातका मानिसहरूको **सतःछेँ**मा बसोबास रहेको देखाइएको छ ।

(घ) Ulrike Müller-Böker ले सन् १९८८ मा जातको आधारमा बसाइँ क्षेत्र निर्धारण सम्बन्धी अनुसन्धान गरी **Spatial Organization of a Caste Society: The Example of the Newar in the Kathmandu Valley, Nepal** नामक ग्रन्थ प्रकाशन गरेका थिए । उनले उपत्यकाका ४३ वटा नेवाः बस्तीमा अनुसन्धान गरेका थिए । उक्त अनुसन्धानमा उनले ***"The impure Jvagi, however, all live inside the settlement; often they live in saltats close to the temples they help to maintain. These sattals are multi-storey buildings, donated to provide accommodation for pilgrims and ascetics and they may also house a god."*** (पाना ३०) भनि उल्लेख गरेका छन् ।

(ङ) Todd T. Lewis को ***Buddhist Merchants in Kathmandu the Asan Twah Market and Uray Social Organization*** मा उनले असं (असन) मा उराय् जाति बारे अनुसन्धान गरेका छन् । त्यसमा उराय् जातिको अरू जातिसँग सम्बन्धको चर्चा गर्दा कपालीहरू ७ (सात) जना तथा ०.७% मा रहेको भन्ने उल्लेख गरेका छन् । यसमा उनले ***"This caste group of Newari-speaking musicians claim to be settled by Gorakhanathi yoginis honored by the Malla kings who gave them the control over major public rest-houses and legal rights to receive certain offerings"*** (पाना ६६) भनि उल्लेख गरेका छन् । अनुक्रमणिका

ऋक्कना

(च) इतिहास तथा संस्कृति दुबै **कानूनका स्रोत (Sources of Law)** हुन् । तसर्थ ऐतिहासिक, सांस्कृतिक, परम्परागत तथा प्रथाजन्य आधारमा जुगि जात समुदायको **सतःछेँ (सत्तलघर)** मा हकको सृजना हुन्छ । जुगि जात समुदायले **सतःछेँ (सत्तलघर)** मा पाएको सांस्कृतिक अधिकार नै हाम्रो हकको स्रोत बन्छ ।

१०. **<u>सरकारको त्रुटी :</u> सतःछेँ (सत्तल घर)** तथा **फलचा (पाटीपौवा)** मा भिन्नता रहेको तथ्य प्रकरण (८) ले पुष्टी गरिसकेको छ । तथापि सरकारी निकायहरूले **सतःछेँ (सत्तल घर)** तथा **फलचा (पाटीपौवा)** बीचको भिन्नतामा अनविज्ञ रही **सतःछेँ (सत्तल घर)** हरूलाई पनि **"पाटी"**को रूपमा उल्लेख गरेको पाइएको छ ।

(क) कानूनले **"पाटी"**लाई सार्वजनिक सम्पत्ति मानेको छ । **सतःछेँ (सत्तल घर)** पनि **फलचा (पाटीपौवा)** भनि दर्ता भएका छन् । सरकारको यो त्रुटीपूर्ण कार्यका कारण जुगि जातको आफ्नो घर आवास सरकारी वा सार्वजनिक जग्गा बन्न पुगेको छ ।

(ख) त्यति मात्र होइन लिच्छवीकालीन समय देखि बसोबास भएको जुगि जातको परिवारलाई ***"सार्वजनिक सम्पत्ति मिचेको"*** जस्ता लाञ्छना समेत लागेको / लाग्ने अवस्था पनि छ । इतिहास तथा सामाजिक व्यवस्थाले हामीलाई त्यस्ता स्थान अर्थात् **सतःछेँ (सत्तल घर)** को बास दिलाएको हो । नेवाः सभ्यताको उद्‌गमावस्था देखि हामी जुगि जातको घर नै यस्तै संरचना बने । त्यही हाम्रो घर हो, त्यही हाम्रो आवास हो । हामी सार्वजनिक सम्पत्ति मिचेर बसिरहेका जात होइनौँ । अहिलेको राज्य संरचना सुरुवात हुन अगाडीको राज्य संरचनाले हामीलाई यस्ता स्थानमा राखेका थिए । लिच्छवीकालीन राजाहरूको पालोमा तथा मल्लकालीन राजाहरूको पालोमा हाम्रो जातलाई त्यस्तै संरचनामा राखियो । गोरखा राज्यले हाम्रा राज्यहरू लिएपछी पनि त्यसैको निरन्तरता भयो । अब हाम्रो समकालीन देश तथा राज्य सत्ताले यो इतिहासलाई बेवास्ता गर्दैमा हाम्रो वास्तविकता फेरिने होइन ।

ऋक्कना

(ग) बरू राज्यले हाम्रो घर मिच्न आएको हो । अहिलेको कानूनी प्रणाली तथा अहिलेको राज्य निर्माण हुन अगाडी देखि एउटा सामाजिक संरचनाका कारण त्यस्ता भौतिक संरचनाहरूमा बसोबास गर्दै आएका हामीहरू विरुद्ध राज्यले यसरी हदैसम्मको उपेक्षा गरेको छ ।

(घ) यसरी **सतःछें (सत्तल घर)** हरू पाटीपौवाका रूपमा दर्ता हुनुमा बनेपा नगरपालिकाले केही तथ्य पेश गरेको विषयलाई नजरमा लिन उपयुक्त हुन्छ । बनेपा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको मिति २०८०/०७/०१ को च.नं. ११८६ को पत्रको बुँदा (घ) को (१) मा ***फल्चा र सतः फरक प्रकृतिका भए पनि पाटीपौवाकै नामबाट दर्ता हुनुको मुख्य कारणमा नापीका समयमा त्यस्ता संरचनाको छुट्टै अर्थ र महत्व भएको बुझ्ने कर्मचारी नहुनु तथा दर्ता गराउनेले समेत सो बमोजिम दर्ता गराउन नसक्नु हुनुपर्दछ*** भन्ने उल्लेख भएको छ ।

(ङ) विगतका व्यवस्थाहरूले नै जुगि जातका लागि आजको यो परिस्थिति निम्त्याएको हो भन्ने तथ्यलाई बेवास्ता गर्न भने मिल्दैन । आफ्नो अचल सम्पत्ति जस्तो महत्वपूर्ण विषय राज्यले हामीबाट खोस्दा यसले हाम्रो सम्पूर्ण जीवनावस्थामा नै गम्भीर प्रतिकूल असर पुर्याएको छ । तसर्थ **सतःछें (सत्तल घर)** लाई **फलचा (पाटी)** भनि उल्लेख गर्ने कार्य त्रुटीपूर्ण भएकाले बदरभारी छ ।

(च) त्यसै गरी भौतिक संरचनाहरूको नितान्त स्वतन्त्र (Absolutely independent) अस्तित्व हुँदैन । कुनै पनि शहर, गाउँ, बजार, बस्तीमा भएका भौतिक संरचनाहरू त्यहाँ बसोबास गर्ने मानिस तथा समाजसँगको अन्तरप्रभावमा रहिआएका हुन्छन् । नेवाः बस्तीहरूलाई नेवाः समाज, नेवाः समाजको संस्कृति, जातिय विभाजन, इतिहास लगायतका पक्षहरूबाट भिन्नै राखेर हेर्न मिल्ने हुँदैन ।

(छ) हामीले "पाटी" को स्वामित्व खोजेका होइनौं । सार्वजनिक सम्पत्तिका रूपमा रहने "पाटी" मा हकदाबी गरेको वा त्यस्तो कानूनलाई अमान्य बदर गराउन आएका होइनौं । नेवाः समाज तथा सभ्यताको गहन विश्लेषण बिना नै ***"पाटी जस्तो देखिएको"*** आधारमा **सतःछें (सत्तलघर)** हरूलाई "पाटी"को नाम दिएको हुनाले त्यसबाट हाम्रो हक

निम्ट्यान्न हुन आएको हुँदा पाटी भन्दा फरक **सतःछैं (सत्तलघर)** लाई आफ्नो वास्तविकता (fact) अनुसार **सतःछैं (सत्तलघर)** कै रूपमा पहिचान दिलाई सो संरचनामा पुर्खौं देखि बसिआएका जुगिहरूको आफ्नो स्वामित्व खोज्न आएका हौं ।

११. <u>उत्पीडकका रूपमा रहेका केही गुथि :</u> नेवाः समाज तथा संस्कारको एक अभिन्न अङ्गका रूपमा **गुथि (गुथि)**[४४] नेवाः समाजको एक प्रथाजन्य संस्था हो । नेवाः समाजमा चलिआएको प्रथाजन्य संस्था गुथिका व्यापक प्रकारहरू देहाय अनुसार छन् ।[४५] [४६]

१. **ध४याः गुथि (धःपाः गुथि)** :-

सिनाग्या (सिनाज्या) अर्थात् शाब्दिक अनुवादमा **"मर्ने काम"**, अर्थ अनुवादमा **"असारको धान रोपाइँ"**, गर्दा **ध४ (धः)** अर्थात् **ढल**को **या४ (पाः)** अर्थात् **पालो** बस्नका निम्ति रहिआएका गुथिलाई **ध४याः गुथि (धःपाः गुथि)** भनिन्छ । **सिनाज्या**का बेलामा कसैले पानी चोरेर नलगून् भन्ने कामका लागि यो गुथि रहिआएको छ ।

२. **याग्वा गुथि (पाल्चा गुथि)** :-

विभिन्न चाडपर्व तथा जात्राहरूमा तामझाम तथा रौनक बढाउनका निम्ति बत्ती बाल्नका लागि रहिआएका गुथिलाई **याग्वा गुथि (पाल्चा गुथि)** भनिन्छ । बत्ती बाल्ने भन्नाले **याग्वा (पाल्चा)** अर्थात् **दियो**मा **ल्हगा४ (इताः)** अर्थात् **बाती** राखी बत्ती बालिन्छ ।

ऋङ्कना

---

[44] नेपाल भाषामा "ट, ठ, ड, ढ" जस्ता वर्णहरू अस्तित्वमा छैनन् । त्यसैले "ठी" वर्णको अस्तित्व नहुँदा त्यस वर्णको प्रयोग गर्नुपर्ने खस भाषा / पर्वते भाषा (नेपाली भाषा) को वर्चस्व तथा प्रभुत्वका कारण हो । त्यसै गरी दीर्घ वर्ण "ई" हुनका लागि कुनै ह्रस्व वर्ण लुप्त भएको हुनुपर्छ । तर "गुथि" शब्दमा कुनै ह्रस्व वर्ण लुप्त नभएको हुनाले "गुथी" लेख्न मिल्दैन । तसर्थ "गुथि" लाई "गुठी" भनि लेख्ने कार्यले खस / पर्वते भाषा (नेपाली भाषा) को वर्चस्व तथा प्रभुत्वलाई निरन्तरता दिन्छ ।

[45] रविन श्रेष्ठ, https://jheeguinformation.com/.

[46] प्रा. प्रयागराज शर्मा, https://onlinemajdoor.com.

३. **मग गुथि (मत गुथि)** :-

कुनै जात्रा पर्वहरूमा बाटो हिँड्ने तथा आगमन गर्ने मानिसहरूको लागि अन्धकार नहोस् तथा उनीहरूले बाटो देखून् भन्ने हेतुले **मग (मत)** अर्थात् **बत्ती** बाली सहयोग गर्नका लागि रहिआएका गुथिलाई **मग गुथि (मत गुथि)** भनिन्छ ।

४. **लः गुथि (लः गुथि)** :-

जात्रा हेर्न आएका मानिसहरूलाई पानी खुवाउनका निम्ति रहिआएका गुथिलाई **लः गुथि (लः गुथि)** भनिन्छ । विभिन्न जात्राहरूमा **घः (घः)** अर्थात् **गाग्री**मा पानी राखी जात्रा हेर्न आएका दर्शनार्थीहरूको प्यास मेटाउनका निम्ति यो गुथि सक्रिय हुने गर्दछ ।

५. **सना गुथि (सना गुथि)** :-

गुथियार मध्येका परिवार जनको मृत्यु भएमा नीजको मृत शरीर घाटमा पुर्याउने सम्मको मृत्यु संस्कारका सम्पूर्ण कार्य पूर्ती तथा व्यवस्थापन गर्नका लागि रहिआएको गुथिलाई **सना गुथि (सना गुथि)** भनिन्छ ।

६. **सी गुथि (सी गुथि)** :-

गुथियार मध्येका परिवार जनको मृत्यु भएमा नीजको मृत शरीर घाटमा पुगेपछीको मृत्यु संस्कारका सम्पूर्ण कार्य पूर्ती तथा व्यवस्थापन गर्नका लागि रहिआएको गुथिलाई **सी गुथि (सी गुथि)** भनिन्छ ।

७. **स्यं ल्हवं गुथि (स्यं ल्हवं गुथि)** :-

कुनै प्रकारको सार्वजनिक सम्पत्ती तथा सामुदायिक सम्पत्ती लगायत **गुथियार** (गुथिका सदस्य) हरूको नीजि सम्पत्तिको मर्मत संभार गर्ने कार्यका लागि रहिआएका गुथिलाई **स्यं ल्हवं गुथि (स्यं ल्हवं गुथि)** भनिन्छ ।

८. **खः गुथि (खः गुथि)** :-

कुनै पनि जात्राका लागि आवश्यक **खsः (खः)** अर्थात् **खट** बनाउने तथा बोक्ने लगायतका कार्य गर्नका लागि रहिआएका गुथिलाई **खsः गुथि (खः गुथि)** भनिन्छ ।

९. **नासsः गुथि (नासः गुथि)** :-

कुनै प्रकारको धार्मिक, सामाजिक तथा सांस्कृतिक कार्यक्रम वा गतिविधी सञ्चालन गर्नका लागि प्रयोग गर्ने बाजाका लागि आवश्यक प्रशिक्षण तालिम दिने कार्य गर्नका लागि रहिआएका गुथिलाई **नासsः गुथि (नासः गुथि)** भनिन्छ ।

१०. **दिगुपूजा गुथि (दिगुपुजा गुथि)** :-

आफ्नो कुलका मानिसहरूले संयुक्त रूपमा कुलदेवताको पुजा गरी कुलका लागि बनाइएको गुथिलाई **दिगुपूजा गुथि (दिगुपुजा गुथि)** भनिन्छ । यसरी नै आफ्नो कुलदेवतासँग सम्बन्धित गुथिलाई **दिगुग्घsः गुथि (दिगुघः गुथि)** पनि भनिन्छ ।

११. **सम्ग्यक गुथि (सम्यक गुथि)** :-

सम्यक महादान पर्वको आयोजना तथा व्यवस्थापनका लागि बनाइएको गुथिलाई **सम्ग्यक गुथि (सम्यक गुथि)** भनिन्छ ।

१२. **संल्हु गुथि (संल्हु गुथि)** :-

संल्हु (संल्हु) अर्थात् **संक्रान्ती**मा हुने पुजा लगायतका गतिविधीको आयोजना तथा व्यवस्थापनका लागि बनाइएको गुथिलाई **सम्ग्यक गुथि (सम्यक गुथि)** भनिन्छ ।

इत्यादी ।

यसरी नेवाः जातिमा विविध प्रकृतिका **गुथि**हरू अस्तित्वमा रहेको पाइन्छ । नेवाः जातिको जीवनशैलीमा आवश्यक हरेक कार्यका लागि **गुथि**को व्यवस्था भएको देखिन्छ । बाजा बजाउन बाजा सम्बन्धी आ-आफ्ना **गुथि**हरू हुन्छन् । आफ्नो कुल परिवार मात्रको पनि **गुथि** हुन्छ । कुनै निश्चित देवीदेवतासँग सम्बन्धित धार्मिक कार्यका लागि पनि **गुथि** हुन्छ । जस्तै :- सरस्वतीको लागि **सस् गुथि (ससु गुथि)**, महालक्ष्मीको लागि **माहालछिमि गुथि (माहालछिमि गुथि)**, नारायणको लागि **नानांग्घsः गुथि (नारांघः गुथि)**, इत्यादी । कुनै निश्चित

चाडपर्वसँग सम्बन्धित कार्यका लागि पनि **गुथि** हुन्छ । जस्तैः- सिथि नखः पर्वका लागि **सिथि नखः गुथि (सिथि नखः गुथि)** हुन्छ । सिथि नखः पर्व आफ्नो वातावरण सफा गर्ने दिन भएकाले उक्त गुथिले सो प्रकारको कार्य गर्दछ । त्यसै गरी विभिन्न गुथिहरूलाई समेटेको वा संख्यात्मक रूपमा विशाल भएको **तःधं गुथि (तःधं गुथि)** हुन्छ भने तिनका हाँगाका रूपमा **चीधं गुथि (चीधं गुथि)** रहन्छ । कतिपय गुथिहरूमा उप-गुथि गर्दै सञ्चालात्मक व्यवस्था पनि हुन्छ । कतिपय ठूलठूला जात्रा वा स्थान विशेषको मुख्य जात्रा सञ्चालन गर्दा अनेकौं जिम्मेवारीको बाँढफाँढ रहेका विभिन्न गुथिहरूको संलग्नता हुन्छ । यसरी **गुथि** नेवाः समाज तथा संस्कृतिको मेरूदण्डका रूपमा रहेको पाइन्छ ।

(क) गुठी संस्थान ऐन, २०३३ अनुसार **राज गुठी, छुट गुठी** तथा **निजी गुठी** भनि परिभाषित गरिएको पाइन्छ । यस कानूनी व्यवस्थामा नेवाः समाजमा इतिहास देखि चलिआएका विभिन्न प्रकारका गुथिहरूको बारे जिकिर, व्याख्या र व्यवस्था गरिएको देखिँदैन ।

(ख) **गुथि** जस्ता प्रथाजन्य संस्थाको संरक्षण हुनुपर्ने विषयमा दुईमत छैन । नेवाः समाजको एक अभिन्न समुदायका रूपमा रहिआएको हुनाले **जुगि जात** समुदायको पनि आ-आफ्नै गुथिहरू छन् । यद्यपि **गुथि**को संरक्षणको नाउँमा ऐतिहासिक विभेद तथा उत्पीडनको निरन्तरता दिने कार्य भने संविधान सम्मत छैन ।

(ग) **गुथि**मा महिलाहरूको हैसियत समान हुँदैन । **गुथि**को संरचना नै पुरुष केन्द्रित छ । परिवारको मूल नै पुरुषलाई मान्ने पितृसत्तात्मक मान्यता तथा प्रचलनका कारण **गुथि**हरूमा पनि पितृसत्ताको पकड देख सकिन्छ । **गुथि**हरूमा महिलाहरूको भूमिका द्वितियात्मक (secondary) रूपमा मात्र रहन्छ । वास्तवमा महिलाहरू कुनै **गुथि**को सदस्य नै हुन सक्दैनन् । **गुथि**सँग उनीहरूको सम्बन्ध केवल पुरुषसँगको सम्बन्धले निर्धारण गर्दछ । विवाह अगाडी कसैको छोरी भएको नाताले र विवाह पश्चात् कसैको पत्नी भएको नाताले महिलाहरूको **गुथि**सँग सम्बन्ध रहन्छ । **गुथि**मा महिलाको स्वतन्त्र अस्तित्वलाई स्वीकार गरिएको पाइँदैन ।

(घ) **गुथि**को संघटनको आधार सहजातीय हुन्छ । फरक जातको महिला विवाह गर्ने पुरुषलाई **गुथि**मा प्रवेश दिइँदैन, वा **गुथि**बाट निष्कासन गरिन्छ । उक्त पुरुषलाई निष्कासन नगरेपनि, उसको पत्नीले आफ्नो पतिको **गुथि**मा अरू सहजातीय महिलाहरू सरहको स्थान पाउँदैन वा कुनै स्थान नै पाउँदैन । फरक जातको बुहारी **गुथि**मा समावेश हुँदैन, उसलाई **गुथि**मा भित्र्याइँदैन । विजातीय विवाह भएको खण्डमा नीज दुबै वा विजातीय बुहारीको कुनै संस्कार गर्न **गुथि**ले इन्कार पनि गर्न सक्छ ।

(ङ) त्यसै गरी कतिपय **गुथि** जस्ता प्रथाजन्य संस्था पनि जुगि जातको उत्पीडनका संवाहक रहिआएका छन् । कथित उच्च जातका नेवाःहरूले नेवाः बस्तीमा भएका विभिन्न **सतःछेँ**को स्वामित्व आफ्नो **गुथि**का नाउँमा राखी हाम्रो ऐतिहासिक बसोबासको संरचनाबाट हामीलाई कानूनी रूपमा विच्छेदित राख्ने शोषणजन्य अभ्यास रहेको पाइन्छ ।

(च) यसरी प्रायः बसोबासको एकमात्र आधार भएको **सतःछेँ**को सम्पूर्ण संरक्षण संवर्द्धन जस्ता कार्य जुगि जातका मानिसहरूले गर्दै आउने तर स्वामित्व भने उच्च जात कहलिएका नेवाःहरूको **गुथि**को अधीनमा रहने प्रथाले वैधानिकरण प्राप्त गर्दा हामी विरुद्ध हुँदै आएको विभेदकारी, शोषणजन्य एवं दासजन्य कुप्रथा कुप्रचलनले समेत निरन्तरता पाएको छ । यस्ता प्रथाजन्य संरचना मार्फत् हामी उपर हुँदै आएको विभेद, दासत्व तथा शोषणको पनि अन्त्य हुनुपर्छ ।

(छ) वर्षको ३६५ दिन बसिआएका जुगि जातका मानिसहरूलाई हकविहीन अवस्थामा रखिराख्ने अनि वर्षमा १/२ पटक बत्ती बाल्न आउने, पुजा गर्न आउने, भोज खान आउने समुदाय वा **गुथि**ले भने त्यसको स्वामित्वमा आधिपत्य जनाउने प्रथा समानताको प्रतिकूल छ भने यसले ऐतिहासिक विभेदलाई पनि निरन्तरता दिइरहन्छ । यस्ता सामन्ती अभ्यासलाई राज्यले स्वीकारोक्ती दिन संविधानतः पनि मिल्दैन ।

(ज) त्यसै गरी वर्षमा २/३ पटक केही अवशरमा आएर पुजाआजा गर्ने समुदाय एवं वर्षभरी बसोबास गर्ने समुदाय बीच वर्षभरी बसोबास गर्ने समुदायको हक निम्ट्यान्न

नै पारी उठीबास लगाउनुपर्ने तथा वर्षमा २/३ पटक केही अवशरमा आएर पुजाआजा गर्ने पाउने हकलाई ठूलो मान्नुपर्ने अवस्था ऐतिहासिक विभेद तथा उत्पीडनकै निरन्तरता भएकाले संविधान प्रतिकूलको कार्य हो ।

(झ) पुजा गर्न नपाउनु तथा बेघर भई सुकुमबासी हुनु एउटै गाम्भीर्यताको हनन होइन । शताब्दीयौं देखि हाम्रो बसोबासले नरोकिएका उनीहरूको पुजाआजा आजको दिनमा आएर मात्र रोकिने पनि होइन । उच्च जात कहलिएका नेवाःहरूले वर्षमा केही पटक आएर पुजाआजा गर्न पाउने अधिकारलाई जुगि जातका मानिसहरूको जीवन धान्ने अधिकार भन्दा ठूलो मान्नु नै विभेदको पराकाष्ठा हो । अतः संविधान प्रतिकूलको कार्य हो ।

(ञ) नेवाः समाज भित्र भएको विभेद तथा भेदभाव एवं त्यसले समाजमा नेवाः भित्रका विभिन्न जातजातिहरूको फरक-फरक सामाजिक, सांस्कृतिक, आर्थिक लगायतका परिवेशको सृजना गरेको तथ्यलाई नकारेर यो विषयको निक्यौंल हुन सक्दैन ।

(ट) त्यसै गरी धर्मसंस्कृतिको नाममा ऐतिहासिक विभेद, असमानता, उत्पीडन, शोषण जस्ता कार्यहरूको निरन्तरता भइरहने कार्य संविधान तथा कानून विरुद्धको कार्य हो । संस्कृति जोगाउने नाममा तिनीहरूमा भएका विभेद, विकृति, विसंगतीका पक्षहरू नकेलाउने हो भने संविधानले स्थापना गर्न खोजेको परिवर्तनकै मजाक बन्न जान्छ । तसर्थ **गुथि**को नाममा हामी विरुद्ध हुँदै आएको शोषणजन्य तथा विभेदकारी प्रचलनमा रोक लगाइनु नै पर्छ ।

१२. **<u>जातिय सिमान्तिकरणका विभिन्न आयाम :</u>** जात व्यवस्थाले उत्पीडित समुदायहरूलाई उनीहरूको जीवनको सर्वाङ्गीन पक्षमा प्रतिकूल प्रभाव पारेको हुन्छ । त्यस्ता प्रभावित पक्षहरूको संक्षिप्त जानकारी देहाय अनुसार छ ।

(क) **<u>शैक्षिक सिमान्तिकरण :</u>** जातीय विभेदका कारण जुगि जातमा शैक्षिक सिमान्तिकरण पनि छ । उपरोक्त उल्लेखित प्रकरण-प्रकरणमा चर्चा गरिएका दस्तावेज अध्ययन गर्दा जुगि जातको शैक्षिक स्तर निम्न नै रहेको देखिन्छ । म आफै पनि यस जातको व्यक्ति

भएकाले हाम्रो शैक्षिक अवस्था बुझेको छु । मेरो परिवारमा मात्र नभएर ताढाका नातेदार सम्म हेर्दा मेरो पुस्ता नै शिक्षामा राम्ररी दखल राखी विद्यालय तह पूरा गरी उच्च शिक्षमा प्रवेश गरेका पहिलो पुस्ता हुन् । यस अघिको पुस्तामा औंलामा गन्न सक्ने व्यक्तिहरूले विद्यालय तहसम्म पढेका होलान् । अधिकांश व्यक्तिहरू औपचारिक शिक्षाबाट ताढा छौं । आफू बसोबास गरिरहेको घरबारको प्रशासनिक कानूनी विषयमा दखल राख्नको लागि शैक्षिक पृष्ठभूमी सुदृढ हुनु महत्वपूर्ण छ । निरक्षर व्यक्तिहरूले चाहेर पनि यसमा दखल दिन सक्दैनन् । औपचारिक शिक्षामा पहुँच राख्न नसकेको वा पहुँच नभएको जातका लागि प्रशासनिक विषय बुझ्नु उत्तिकै कठिन छ । विद्यालयमा हुने छुवाछुत तथा जातिय विभेदका कारण आजका दिन पनि निश्चित जातका विद्यार्थीहरू विद्यालय जान नसक्ने अवस्था देख्न पाइन्छ नै । हाम्रो जातको आवसीय अवस्थामा शैक्षिक सिमान्तिकरणको पनि महत्वपूर्ण भूमीका रहेको छ ।

(ख) **<u>आर्थिक तथा व्यवसायिक सिमान्तिकरण :</u>** जात व्यवस्थामा व्यवसाय रोज्न पाउने स्वतन्त्रता हुँदैन । परम्पराले तोकेको व्यवसाय गर्नुपर्ने हुन्छ । यस निवेदनमा देखाइए अनुसार जुगि जातको पेशामा आर्थिक आमदानी हुन सक्ने पेशा सिलाईको कार्य मात्र देखिन्छ । अहिलेको बजारमा सिलाईको काम पनि रेडिमेडले प्रतिस्थापन गर्दै लगेको पाइन्छ । निश्चित जातका मानिसहरूले निश्चित पेशा मात्र अपनाउन पाउने व्यवस्थाले पेशागत तथा सीपशक्तिमा संकुचन पैदा गरेको हुन्छ । जात व्यवस्थाले पेशा तथा पेशागत सीपमा संकुचन सृजना गर्दा त्यो घेरालाई तोड्दै अन्य पेशा अपनाउन थाल्नु पनि निकै चुनौतीपूर्ण छ । यस निवेदनमा उल्लेख गरिएका दस्तावेजहरू हेर्दा हाम्रो जात आर्थिक हिसाबले पनि निकै पछाडी परेको समुदाय पुष्टी हुन्छ । आर्थिक सिमान्तिकरणकै कारण आफूहरू बसिआएको **सतःछैं**हरू जीर्ण अवस्था हुँदा पनि पुनःनिर्माण गर्न सक्ने धेरैको पीडा प्रताडना छ । यस निवेदनमा दर्शाए अनुसार यही कमजोर आर्थिक अवस्थाका कारण आफू बसेको **सतःछैं** जीर्ण छोडेको भन्ने बहानामा राज्यले पुनःनिर्माण गर्छु भनि कब्जामा लिने गरेको देख्न पाइन्छ । यस्तो कार्य भनेको exploitation of vulnerability हो । उत्पीडित थिचोमिचोमा परेको समुदायको पीडा उत्पीडनलाई उनीहरूको विरुद्ध दुरुपयोग गर्ने कार्य कहाँसम्मको अन्याय हो ।

(ग) **<u>भाषिक सिमान्तिकरण :</u>** नेपाल एक बहुभाषिक देश हो । हाम्रो मातृभाषा **नेपाल भाषा** हो । तर हालसम्म पनि नेपालमा **खस / पर्वते भाषा (नेपाली भाषा)** को एकाधिकार छ । नेपालको संविधानले सरकारी कामकाजमा बहुभाषाको प्रयोगको प्रावधान गरेको छ तर हालसम्म संघ, प्रदेश तथा स्थानीय तहमा **नेपाल भाषा**ले सरकारी कामकाजको भाषाको मान्यता पाउने गरी कानून बन्न सकेको छैन । अर्थात् आजको मिति सम्म सरकारी कामकाजमा **खस / पर्वते भाषा (नेपाली भाषा)** कै एकाधिकार छ । नेवाः समुदायमा **नेपाली भाषा**लाई मुख्यतः दुईवटा नामले चिन्ने गरिएको छ । एउटा **खय् ताय् (खय् भाय्)** जसको अर्थ **खस भाषा** हो । यो नाम विशेषतः काठमाडौं-ललितपुरमा प्रचलित छ । त्यसै गरी **पर्त्या ताय् (पर्त्या भाय्)** पनि भन्ने गरिन्छ जसको अर्थ **पर्वते भाषा** हो । यो नाम विशेषतः भक्तपुरमा प्रचलित छ । त्यसै गरी **बाज्याबज्यय्** (बाजेबज्यै) हरूका अनुसार नेवाः समुदायमा **खय् भाय्** भनेको ठूला जात भनाउँदाहरूले मात्र बुझ्ने गरेको लोक-भनाई छ । यो भनाई आजको मितिमा पनि ज्येष्ठ नागरिकहरू माझ सत्य छ । हामी **क्वय् लाकातःगु जात** मात्र नभएर नेवाः जातिका अधिकांश जेष्ठ नागरिक तथा उत्तर-मध्य उमेरका मानिसहरूमा पनि नेपाली भाषा बुझ्दै नबुझ्ने, समान्य बुझे पनि फर्काउन नजान्ने, समान्य बोलीचाली बाहेक बोल्न नजान्ने व्यक्तिहरू थुप्रै छन् । राज्यसँग खस / पर्वते भाषा (नेपाली भाषा) नबुझ्ने नेपाल भाषाका एकल भाषीहरूको तथ्याङ्क छैन । त्यसै गरी भाषा बुझ्दैमा प्रशासनिक कार्यप्रणाली तथा कार्यविधीका बारेमा बुझ्न तथा आफूले स्वतन्त्र रूपमा प्रयोग गर्न सक्ने क्षमता हुन्छ नै भन्ने छैन । यस बारे पनि राज्यसँग तथ्याङ्क छैन । सामान्य बोलीचाली जान्दैमा प्रशासनिक कामकाजमा दखल दिन सक्नेसम्म भइँदैन । स्पष्ट दखल तथा necessary fluency नभएको भाषामा विकल्पहीन ढङ्गले सबै सरकारी कामकाज हुँदा हामीहरू भाषिक सिमान्तिकरणमा परेका छौं । भाषा नबुझ्दा सरकारी अड्डाहरू जान झर्को मानेको, डराएको, जान नसकेको तथा आफ्नो बोलाई लवजका कारण सरकारी अड्डामा खिल्ली उडाउने जस्ता समस्याहरू हाम्रो समाजमा यावत् छन् । त्यसै गरी भाषा नबुझेकै कारणले नापी आउँदा मानिसहरू खेतमा लुक्न जाने, घरबाट ननिस्कने तथा communication gap का कारण धेरै समस्या परेको विषय पनि हाम्रो समाजमा थुप्रै चर्चा गरिन्छ । यो नेवाः समाजमा धेरै चर्चा हुने गरेको विषय भए तापनि सरकारले यसलाई दस्तावेजिकरण गरी समस्याको सम्बोधन गर्ने कुनै चासो देखाएको छैन । मौजुदा

नेपालको संविधानले बहुभाषालाई सरकारी कामकाजमा समेत प्रवेश दिएको खण्डमा त संविधान बनेको आठ (८) वर्ष सम्म पनि सरकारी कामकाज बहुभाषिक हुन सकेको छैन, हामी नापी आउँदा बखतको चर्चा गर्ने हो भने तत्कालीन मौजुदा संविधान तथा कानूनमा बहुभाषिक सरकारी कामकाजको जिकिर नै गरिएको थिएन । त्यस्तो भाषिक दमन, भाषिक विभेद तथा भाषिक हिंसाको बखतमा भाषाका कारण सिमान्तिकरणमा परेको तथ्यलाई नकार्न सकिँदैन ।

(घ) **राज्यमा पहुँच :** राज्यसँगको निकटता र राज्यमा पहुँच, आफ्नो प्रतिनिधित्व राज्यको निकायमा भएको छ वा छैन भन्ने विषयले निक्यौंल गरिन्छ । स्थानीय सरकारकै निर्णायक तहमा हाम्रो जातको कोही प्रतिनिधित्व छैन । नेवाः जातिबाट हुने प्रतिनिधित्वमा प्रायः कथित माथिल्ला जातहरू श्रेष्ठ, प्रधान जस्ता थरहरू मात्र देख्न पाइन्छ । यसकारण हाम्रो दृष्टिकोणले हेरिदिने मान्छेको नीतिगत तहमा पहुँचको अभाव छ । **सतःछैं**को बसोबास र **सतःछैं** सम्बन्धी राज्यले अवलम्बन गर्ने नीतिगत व्यवस्थामा हाम्रो जीवन्त अनुभवको दृष्टिगत गराइदिने हाम्रो संघीय सरकार त परै जाओस् हाम्रो वडा कार्यालयमा समेत छैन । हामी Nothing about us without us को कुरा गछौं । निर्णायक तहमा प्रतिनिधित्व हुनु र नहुनुले पनि कुनै जनसंख्याको अवस्थामा प्रभाव पारेको हुन्छ । हाम्रो जातको जीवन्त अनुभूतीको दृष्टिकोणले दृष्टिगत हुन नसकेको भएकाले हामीलाई मैत्रीपूर्ण हुने गरी निर्णय भएको अवस्था छैन ।

(ङ) **छरछिमेक टोलवासीको त्रास** : ऐतिहासिक नेवाः बस्तीहरूमा मानिसको बसाईंको ढाँचा जातले निर्धारण गरेको हुन्छ । यस बारे प्रकरण १५ मा विस्तृत चर्चा गरिएको छ । कथित ***"पानी नचल्ने जात"*** का मानिसहरूलाई शहर घेरिएको गढ पर्खाल बाहिर वा शहरको सीमामा राखिएको हुन्छ । तर हामी जुगि जातका मानिसहरू भने शहर भित्रकै **सतःछैं (सत्तलघर)** मा बसोबास गर्ने हुनाले प्रायः एक-एक टोलमा एक-दुई घरपरिवार बाहेक हुँदैनौं । हाम्रो सामाजिक अवस्थामा हाम्रो घरबास कथित उपल्लो जातका मानिसहरूले घेरिएको हुन्छ । त्यसले अरू जातको मात्र बसोबास भएको एकजातिय टोलहरू प्रशस्तै भएपनि हाम्रो जुगि जातको छुट्टै टोल हुँदैन । टोलटोलमा हामी अल्पमतमा परेका हुन्छौं । दैनिक जीवनयापन देखि लिएर साक्षी सर्जिमी जस्ता

प्रशासनिक कार्यका लागि टोलवासी छरछिमेकको साथ सहयोग चाहिन्छ । टोलवासी छरछिमेकबाट साथ सहयोग टुट्ने तथा antagonize गर्दै जाने हो कि भन्ने त्रास अधिकांशमा रहेको छ । त्यसैले पनि caste demographics ले यसमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

(च) <u>राज्यको त्रास :</u> **फलचा (पाटी)** तथा **सतःछैं (सत्तलघर)** बीचको भिन्नता छुट्याउन नसकेको हुनाले राज्यबाट हामी त्रसित भएर बाँच्न बाध्य छौं । कुन दिन आएर ***"पाटीमा बसोबास गरेको, सार्वजनिक सम्पत्ति मिचेर बसेको"*** लगायतको आरोप लाञ्छनाले उठीबास लाग्ने हो भनेर हामी राज्यबाट निरन्तर त्रसित भएर बाँच्न बाध्य छौं । यस निवेदनको अवधारणा तथा श्वेतपत्र अघि लाँदै गर्दा मैले यस्ता समस्या भोगेका दर्जनौं परिवारसँग भेटघाट गर्ने मौका पाएँ । प्रायः परिवारहरूमा एउटा ठूलो डर हाबी छ । अहिले जसोतसो बसिरहन पाएको ठाउँमा हामीले राज्यलाई आफ्नो समस्या बारे जानकारी दियौं भने हामीलाई झन लक्षित गरी पुर्जा नभएकाहरू भन्ने लाञ्छना साथ विस्थापित गरिदेलान् ! अझै पनि हाम्रो जातका धेरै उपल्लो पुस्ताका मानिसहरूमा दौरा सुरुवाल लगाएर आएको मानिस देखेपछी डराउने गरेको हामीले हाम्रो समाजमा देखिभोगी आएको कुरा हो । उनीहरूको मनमा दौरा सुरुवाल लगाएर आउने मानिसहरू सरकारी कर्मचारी हुन् र उनीहरूलाई अब बसोबास गर्दै आएको घरको पुर्जा माग्लान् भन्ने डरभय लिएर बाँचिरहेका छन् । आफूहरूसँग स्रोतसामाग्री नभएको, पहुँच नभएको, जान्ने सुन्ने नभएको कारण आफू विरुद्ध राज्य लाग्यो भने पीडाले दबिनु बाहेक विकल्प नभएको महसुस गरेको पाइयो । राज्यबाट यसरी नागरिक डराइरहन पर्ने अवस्था सामान्य कदापि हुन सक्दैन ।

(छ) <u>**राज्यसँग विखण्डित तथ्याङ्क (disaggregated data) नै छैन :**</u> मानव विकास सूचांकमा **नेवाः** र **थकाली** जाति विकसित जाति भनेर भनिन्छ ।[४७] नेवाः जातिको प्रतिनिधित्वमा श्रेष्ठ, प्रधान, शाक्य, जस्ता उपल्लो जातका थरहरूमा देखिने विषयलाई हामी **क्वय् लाकातःगु जात**हरूले मनन गरेका छौं । राज्यले नेवाः जातिको संयुक्त तथ्याङ्क मात्र राख्ने तथा जात विखण्डित तथ्याङ्क राज्यले नलिएको हुनाले राज्यसँग यस बारे जानकारी

[47] Nepal Human Development Report 2020.

नै शून्य छ । यस प्रकरणमा उठाइएका सिमान्तिकरणका विभिन्न आयामहरूमा राज्यसँग कुनै जानकारी नै छैन । नेवाः समाजको जात व्यवस्थाका कारण नेवाः समाज भित्र रहेका विभिन्न जातजातिहरूको शिक्षा, स्वास्थ्य, रोजगार लगायतको जीवनावस्था बारेमा विखण्डित तथ्याङ्क नै छैन । राज्यले कुनै अध्ययन अनुसन्धान नै गरेको छैन । राज्यले यस विषयमा चासो समेत देखाएको छैन ।

१३. <u>जुगि जातको विस्थापन :</u> यिनै कारण जुगि जातका घरपरिवारहरू विस्थापित भएका कैयौं उदाहरणहरू छन् । यी मध्ये केही उदाहरण देहाय बमोजिम छन् :-

(क) धन बहादुर कुँवरको नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विषयमा विद्यावारिधि (पीएच्.डी.) उपाधिका निमित्त मानविकी तथा सामाजिकशास्त्र सङ्कायमा प्रस्तुत "**काठमाडौं उपत्यकाका कुसले जातिको सामाजिक तथा धार्मिक जीवन र परिवर्तनका स्वरूपहरू**" शीर्षकको शोध प्रबन्धमा उल्लेख भए अनुसार जुगि जातका मानिसहरू यस्तै सतःछेंलाई नीजि घरका रूपमा बनाई बस्ने गरेको भने उल्लेख गरिएको छ । *(पाना २)*

(ख) अहिले राष्ट्रिय धरोहरका रूपमा चितपरिचित **काष्ठमण्डप**मा पनि जुगि जातका परिवार बस्थे । काष्ठमण्डपलाई नेपाल भाषामा **मनूसगः (मरुसतः)** भनिन्छ । यो पनि एउटा **सतः (सत्तल)** हो । विसं २०२२-२३ सालमा सत्तललाई राष्ट्रिय संरक्षण दिने नाउँमा जुगि जातको परिवारको उठीबास लगाइएको थियो ।[४८] त्यसपछी त्यहाँ बसोबास गर्ने जुगि जातका परिवारको अवस्था केकसो रह्यो भन्ने कहीकतै जानकारी छैन ।

(ग) **यल लाय्कू (यल लायकू)** अर्थात् **पाटन दरबार** क्षेत्रमा **मनि गनेघ्गः (मनि गनेघः)** छेवैको एउटा सतःछेंमा जुगि जातको बसोबास थियो । ललितपुर महानगरपालिकाले घर नं

[48] काठमाडौं उपत्यकाका कुसले जातिको सामाजिक तथा धार्मिक जीवन र परिवर्तनका स्वरूपहरू, धन बहादुर कुँवर, नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विषयमा विद्यावारिधि (पीएच्.डी.) उपाधिका निमित्त मानविकी तथा सामाजिकशास्त्र सङ्कायमा प्रस्तुत शोध प्रबन्ध । (पाना ४७) ।

१५१२ दिएको छ । त्यहाँ पनि जुगि जातको परिवार विस्थापित भएको छ । अहिले त्यहाँ पर्यटक प्रहरी पोष्ट राखिएको छ ।

(घ) **यल दय् (यल देय्)** अर्थात् **पाटन शहरमा क्वन्ति (क्वन्ति)** टोलको एक सतःछेंमा पनि जुगि जातको बसोबास थियो । ललितपुर महानगरपालिकाले घर नं ३६९ दिएको छ । त्यहाँ पनि जुगि जातको परिवार विस्थापित भएको छ ।

(ङ) **यल दय् (यल देय्)** कै अर्को टोल **नुगः (नुगः)** टोलमा रहेको **लुँहिति (लुँहिति)** पछाडीको एक सतःछेंमा पनि जुगि जातको बसोबास थियो । त्यहाँ पनि जुगि जातको परिवार विस्थापित भएको छ ।

(च) यस निवेदनको प्रयोजनका लागि मैले सामाजिक सञ्जाल तथा आफन्त चिनाजानीको मार्फत् विभिन्न परिवारहरूलाई सम्पर्क गरें । तर प्रायः धेरैले आफ्नो समस्यालाई उजागर गर्न चाहेनन् । उनीहरू यस्तै समस्या भोगिरहेपनि समाजमा जातिय विभेदका कारण तथा राजनीतिक दबाबका कारण पनि अगाडी आउन सकेका छैनन् । कतिपय परिवारहरू आफू यस समस्यालाई लिएर अगाडी आएँ भने अहिले बसिराख पाएको पनि उठीबास लाग्छ कि भन्ने डर छ । कतिपयलाई अड्डा अदालतको चक्करमा पर्दा दुःख पाउने भनि यो समस्या सहेरै बस्न तयार भएको देखें । त्यसै गरी यस समस्यालाई मूलप्रकाशमा ल्याइएमा राज्य झनै खनिएर लाग्न थाल्यो भने पहुँच स्रोत सामाग्री नभएका हामीले के नै गर्न सक्छौं भने भय पनि व्यापक रहेको पाएँ । सरकारले "पुर्जा छैन" भन्ने आधारमा उठाउँदै आएको छ; नियमित अदालतहरूले "पुर्जा छैन" भन्ने आधारमा मुद्दा हराउँदै आएको छ; यो विषयको फरकपनाको उचित मूल्यांकन हुन सकेको छैन; त्यसैले पनि राज्यबाट संरक्षित हुने आशा विश्वास धेरैमा नरहेको पाएँ । सिमान्तकृत वर्ग यसरी खुलेर राज्यसँग आफ्नो समस्या व्यक्त गर्न डराउनु भनेको निकै नै चिन्ताजनक स्थिति हो । राज्यले हामीहरूलाई संरक्षणको आभास दिलाउनु वाञ्छनीय छ ।

रक्षना

१४. <u>**घरबारविहीनताको संहारमा जुगि जात :**</u> यिनै कारण जुगि जातका मानिसहरू सुकुमबासी बन्दै गएको अवस्था छ ।

(क) धन बहादुर कुँवरको नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विषयमा विद्यावारिधि (पीएच्.डी.) उपाधिका निमित्त मानविकी तथा सामाजिकशास्त्र सङ्कायमा प्रस्तुत "**काठमाडौं उपत्यकाका कुसले जातिको सामाजिक तथा धार्मिक जीवन र परिवर्तनका स्वरूपहरू**" शीर्षकको २०६२ सालमा प्रकाशित यस शोध प्रबन्धले जुगि जातको आवासीय समस्यालाई औंल्याएको छ । यसको खण्ड ४.३.२ (पाना १३७ देखि १४१ सम्म) मा बसोबासको चर्चा गरिएको छ । पाना १४०-१४१ मा यस्तो पनि उल्लेख छ, ***"घरको बनोटको सन्दर्भमा परम्परागत रूपमा अधिकांश कुस्लेहरू धार्मिक देवस्थलसँगै वा सत्तलमा बसोबास गर्ने गरे पनि कानूनी रूपमा नीजि भइनसकेको देखिन्छ । यसरी कतिपय कुस्लेहरूले कानूनी प्रक्रिया थाहा नपाई आफ्नो नाममा दर्ता गराउन नसक्दा घरवास विहीन हुने स्थितिमा रहेको समेत देखिन्छ ।"***

(ख) म निवेदकको आफ्नो परिवार पनि घरबाविहीनताको यो संहारमा धकेलिएका छौं । हामी ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं १६ पतक्व टोल सिमाक्वय् कित्ता नं २४२ घर नं १०८/२२ मा बसोबास गछौं । यो पनि एक **सतःछें (सत्तलघर)** हो । यसलाई पनि सरकारले पाटी भनि आफ्नो नाममा दर्ता गरेको रहेछ । हाम्रो बाउबाजे सम्मका कसैलाई थहा थिएन । एक्कासी २०७९ पौष महिनामा ललितपुर महानगरपालिकाले हाम्रो उठीबास लगाउने निर्णय गर्यो । त्यहाँबाट सोधीखोजी गर्दै जाँदा हाम्रो घर त पाटी भनि श्री ५ को सरकारका नाउँमा दर्ता भएको रहेछ । त्यस्तो जानकारी पाउन बित्तिकै हामी आफ्नो घरमा आफ्नै हक कायम गरिपाउनका निमित्त कानूनी प्रक्रियामा अघि बढ्यौं ।

(ग) काठमाडौं महानगरका एक स्थानीय अस्मीत मल्लद्वारा प्रदान सूचना अनुसार महानगरको core city भित्र **जनबहाः (जनबहाल)** स्थित सतःछें तथा **नघः (नघल)** स्थित सतःछेंमा पनि जुगि जातको मानिसहरूको बसोबास छ एवं उनीहरू यही समस्याका भुक्तभोती छन् । उनले प्रदान गरेको सूचना मिसिल साथ संलग्न छ ।

ऋक्कना

(घ) काठमाडौं महानगर, **असं (असन)** का स्थानीय दिपक तुलाधर अनुसार उनको टोल वरीपरीका सबै सतःछेंहरूमा जुगि जातका परिवारहरूको बसोबास छ । **भ्वताहिति (भोटाहिटी)** को साझा भण्डार पछाडी पनि एक सतःछेँ थियो तथा त्यसमा पनि कपाली परिवारको बसोबास थियो भन्ने जानकारी गराएका छन् । **असं (असन)** नजीकैको **न्हाय्कंत्वाः** नामक टोलको सतःछेँमा पनि कपाली परिवारको बसोबास रहेको, उक्त सतःछेँ निकै नै जीर्ण भइसक्दा पनि यस्तै कानूनी जटिलताका कारण पुनःनिर्माण हुन नसकेको बताएका छन् । उनले प्रदान गरेको सूचना मिसिल साथ संलग्न छ ।

(ङ) लक्ष्मी प्रसाद कपाली, राजु कपाली तथा सुनिल कपालीले लेखेको **"कपाली : संक्षिप्त परिचय"** मा तत्कालीन काठमाडौं महानगर भित्र जुगि जातिको आवासीय अवस्थाको तथ्याङ्क पेश गरेको छ । उक्त पुस्तकको पाना नं १२५ को खण्ड "ग" अनुसार २०५५/०५६ सालमा तत्कालीन महानगर भित्र २३१ जना जुगि जातिका मानिसहरू रहेको देखाइएको छ । तथापि ती मध्ये कोहीकसैको पनि नाममा आफ्नो घर रहेको देखिँदैन । ती २३१ मध्ये १९८ जना (८५.७%) मानिसहरू स्ववासी बसेको घर अर्थात् यसरी नै लालपुर्जा विहीन अवस्थामा सतःछेँहरूमा बस्दै आएको तथ्याङ्क पेश गरिएको छ । त्यस बाहेकका ३३ जना (१४.३%) मानिसहरू बाहालमा बसेको भन्ने देखिन्छ । मानव शृष्टिको प्रारम्भिक काल देखि आधारभूत मानिने गाँस, बास र कपास मध्ये आवास जस्तो महत्वपूर्ण विषयमा पनि कुनै एउटा निश्चित जात समुदायको यस्तो डरलाग्दो अवस्था कदापि सामन्य हुन सक्दैन ।

ऋक्कना

खण्ड 'ग'

जनसंख्या तथ्याङ्क विवरण (२०५५/०५६)

१) घर संख्या

क्र. सं.	विवरण	संख्या	प्रतिशत
क)	स्वबासी बसेको घर	१९८	८५.७ %
ख)	बाहालमा बसेको घर	३३	१४.३ %
	जम्मा घर संख्या	२३१	१००.० %

(च) Aashish Mishra को The Rising Nepal मा प्रकाशित **Why can't Kapalis have houses of their own?** शीर्षकको लेखको एक अंश यहाँ उद्धृत गरिँदैछ ।[४९]

This case of the Darshandhari family in Patko is representative of the plight of the entire Kapali community of Kathmandu Valley, Sunil Kapali, president of the Kapali society, said. "The Kapalis have been living in Sattals since the reign of the Lichhavi dynasty. They were the spaces conferred to us by the rulers and societies of the past," he stated. "But now, we are being asked to vacate the residences we have held for centuries."

According to linguistic activist Dipak Tuladhar, a Kapali family used to live in the Sattal behind the Sajha Bhandar in Bhotahiti. But now, neither the Sattal nor the family remain. There was also a legal dispute when the Kapalis of Keltole allegedly tried to sell the communal shelter they inhabited.

Kapalis used to live or still do in Sattals near Ason (Kathmandu) and in Kirtipur and Bhaktapur.

"A lack of education and awareness prevented our forebears from seeking ownership certificates for the structures they lived in," he said. "We did not know the bureaucratic requirements. As a result, we were left without deeds and registrations." Sunil Kapali though pledged support and asked Kapalis to

[49] https://risingnepaldaily.com/news/22747

approach the Society with their problems. "We will hold legal consultations and provide any required assistance."

(छ) प्रबिता श्रेष्ठद्वारा उकालो अनलाइनमा **"६ पुस्तादेखि सत्तलमा बसेको परिवारलाई महानगरको पत्र — अब नहटे कानूनी कारबाही"** को एक अंशमा यसरी उल्लेख छ ।[५०]

इतिहासकार श्रेष्ठका अनुसार, केही वर्षयता स्थानीय सरकारले सत्तलमा बसिरहेका परिवारलाई हटाइ सार्वजनिक सम्पतिको रूपमा राख्न थालेको छ । भक्तपुरमा पनि केही समयअघि यस्तो गरिएको थियो । "अमूर्त सम्पदासँग जोडिएका उनीहरूका संस्कृति, दैनिकी र रहनसहन पनि अमूर्त सम्पदा हुन् । यसकारण उनीहरूलाई निमिटयान्न पार्नु भनेको अमूर्त सम्पदालाई पनि निमिटयान्न पार्नु हो", श्रेष्ठले भने ।

अधिवक्ता सन्जय अधिकारीका अनुसार, नेपाली नागरिकलाई आवासको हक हुनुपर्छ । "मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्र संघको विश्वव्यापी घोषणामा आदिवासीको हक अधिकारको कुरा छ । उनीहरूसँग सम्बन्धित हुने निर्णयमा उनीहरूको सहभागिता तथा अनुमति हुनुपर्छ", अधिकारी भन्छन्, "त्यस्तै, नेपालले हस्ताक्षर गरेको आइएलओ १६९ अनुसार, सामान्य मानिस र आदिवासीलाई हेर्ने दृष्टिकोण फरक हुनु पर्छ।"

मानव अधिकारकर्मी विश्वमोहन जोशी सांस्कृतिक तथा ऐतिहासिक रूपमा बस्दै आएका समुदायलाई आफ्नो बासस्थानबाट छुटाउन नमिल्ने बताउँछन् । "पहिलेदेखि चल्दै आएको चलनअनुसार नै सत्तलको सरसफाइसहित उनीहरूलाई भोगचलन गर्न दिने, बस्न दिने व्यवस्थालाई निरन्तरता दिनु पर्छ"।

अधिवक्ता अधिकारी भने घरको विकल्प भवन नहुने बताउँछन् । उनी भन्छन्, आदिवासीको भूमि अरूको भूमिभन्दा फरक हो । उनीहरू अन्य स्थानमा सरेर बस्न जानेका छैनन् । यसको कारण घरको विकल्प अन्य कतै स्थानान्तरण हुँदैन ।"

[50] https://www.ukaalo.com/news/20230106-sattal-in-temple/2971

आदिवासीले सत्तल, पाटी कब्जा गरे वा अतिक्रमण गरे भन्नु गलत रहेको उनी बताउँछन् । परम्परागत रूपमा बसेको ठाउँबाट आदिवासीलाई हटाउन नसकिने उनको भनाइ छ ।

१५. **नेवाः शहरी संरचना :** नेवाः बस्तीको आफ्नै पृथक संरचना छ ।

(क) भौतिक संरचना हेर्ने हो भने शहरको मध्यमा **लायकू (लायकू)** अर्थात् **दरबार** हुन्छ । यहाँ प्रत्येक टोल-टोलमा **मन्दिर** तथा **चैत्य** हुन्छ । जहाँ चैत्य हुन्छ, त्यहाँ मन्दिर पनि हुन्छ र जहाँ मन्दिर हुन्छ त्यहाँ चैत्य पनि हुन्छ । यहाँ तीनतर्फ घरले घेरिएको **लाछि (लाछि)** पनि छ । चारैतर्फ घरले घेरी घरमुनिको प्रवेशद्वारबाट चोक-चोकको जटिल सञ्जाल बनेका **वहाः (बहाः)**, **वही (बही)**, **ननि (ननि)**, **चुक (चुक)**, **लिवि (लिबि)** जस्ता पृथक संरचना पनि छन् । **रूलचा (फलचा)**, **सगः (सतः)**, **हिति (हिति)** जस्ता संरचना पनि छन् । यिनै विविध संरचना मध्ये **सतःछें (सत्तलघर)** पनि एक हो ।

(ख) नेवाः बस्तीमा बसोबासको विभाजन जातको आधारमा हुन्छ । **लायकू** क्षेत्रमा राजपरिवारहरू हुन्छन् । त्यस वरिपरि **कथित उच्च जात**का मानिस बस्छन् । त्यो घेराबाहिर **ज्यापु** जाति बस्छन् । त्यस घेरा बाहिर सेवामूलक पेशा अपनाएका जातिहरू बस्छन् । बौद्धमार्गी **गुभाजु** तथा **बरेजु** लगायतको बसोबास **बहाः** तथा **बही** जस्ता स्थानमा देखिन्छ । शहरलाई चारैतर्फ पर्खालले घेरिएको हुन्छ । त्यस पर्खाल बाहिर कथित *"तल्लो जात"* का मानिसहरूको बसोबास हुन्छ ।

(ग) तल्लो जातमै गणना भएतापनि जुगि जातको अवस्था भने केही फरक छ । जुगि जातका मानिसहरूको शहरको भित्री भेगमा नै बास रहेको पाइन्छ । जुगि जातका मानिसहरू **सतःछें (सत्तलघर)** सँगको परम्परामा गाँसिएको भएकाले यस्तो हुन गएको हो । तसर्थ प्रायः सबै टोलमा जुगि जातको एक वा दुई घर रहेको देखिन्छ ।

(घ) Ulrike Müller-Böker ले सन् १९८८ मा जातको आधारमा बसाइँ क्षेत्र निर्धारण सम्बन्धी अनुसन्धान गरी **Spatial Organization of a Caste Society: The Example of**

the Newar in the Kathmandu Valley, Nepal नामक ग्रन्थ प्रकाशन गर्दा नेवाः शहरी संरचनामा जातका आधारमा हुने बसोबासको वर्गिकरण बारे केन्द्रित रही अनुसन्धान गरेको पाइन्छ । यसबाट पनि नेवाः बस्तीहरूमा जातको आधारमा बसाइँको निर्धारण हुने पुष्टी हुन्छ ।

(ङ) Niels Gutschow तथा Bernhard Kolver द्वारा लिखित **Bhaktapur : Ordered Space Concepts and Functions in A Town of Nepal** मा भक्तपुरको स्थान उपयोग तथा अवधारणा बारे चर्चा गरिएको छ । उक्त पुस्तकमा पनि जातका आधारमा मानिसहरूको बसाइँ शहरको कुन भेगमा हुने भन्ने निर्धारण गरेको भन्ने पुष्टी हुन्छ ।

(च) Anil M Shakya ले आफ्नो **Newar, Marriage and Kinship in Kathmandu, Nepal** नामक विद्यावारीधि शोध प्रबन्धमा जातको आधारमा बसाइँ रहनेमा थप प्रकाश पारिएको छ । दस्तावेजमा उल्लेख छ, ***"Caste plays an important role not only in the cultural but also geographical aspects of Newar society. I once asked a Buddhist high-caste man, aged 70, to guide me on a tour of the historical sites of the old Kathmandu. Apart from telling me the legends and myths of each significant place, he also clearly identified each twäh or locality according to main caste groups who dominate each twäh (see Table 2.3)"*** [पाना ३९, ४०]

Table 2.3: Main localities (*twāḥ*) and the principal castes found in southern Kathmandu according to one knowledgeable informant.

Localities (*twāh*)	Principal castes
Jhochẽ	Śreṣṭha, Vajrācārya, Mānandhar
Om bāhā	Vajrācārya, Śākya, Tāmrākār
Nabahī	Vajrācārya, Śreṣṭha
Yaṅgā (Yaṅgāl)	Maharjan and others.
Manjeshwari	Ranjitkār
Iku bāhā	Śreṣṭha, Vajrācārya
Jyā bāhā	Śreṣṭha, Ranjitkār, Citrakār
Lagā (Lagan)	Śākya, Tulādhar
Nāy Pācho	Maharjan, Shāhi, Śākya
Podetwāḥ	Dyaḥlā

Brahma	Maharjan, Vajrācārya
Gophal	Maharjan, Shāhi
Wande	Prajāpati
Dalāchẽ	Maharjan, Kāranjit
Khālchẽ	Śākya
Hyumat	Mixed
Kohiti	Maharjan, Śākya, Citrakār, Cyāmkhalaḥ
Nhūghaḥ (Jaisideval)	Śreṣṭha, Citrakār and others.
Majipāt	Ranjitkār, Śreṣṭha
Chikāmuga	Ranjitkār, Śreṣṭha
Bhindyaḥ (Bhimsensthān)	Citrakār, Sthāpit and others.
Maru	Tāmrākār, Śākya, Jośī and others.

(छ) नेपालमा ऐतिहासिक नेवाः बस्तीको पृथकतालाई सम्बोधन गर्ने विशेष कानून नै छैन । जग्गा, मालपोत तथा भूमी सम्बन्धीका कानूनले नेपाल भरीकै बस्तीहरूकै एकै डालोमा राखेर हेर्ने गरिएको छ । काठमाडौंको **असन** र काठमाडौंको **अनामनगर**को बस्तीलाई एकै डालोमा राखेर हेर्न सकिँदैन । भक्तपुरको **गठ्ठाघर** र भक्तपुरको **जगाति**को बस्तीलाई एकै डालोमा राखेर हेर्न सकिँदैन । ललितपुरको **सानेपा** र ललितपुरको **गाःबहाल**को बस्तीलाई एकै डालोमा राखेर हेर्न सकिँदैन । विशिष्ट प्रकारको ऐतिहासिक, सांस्कृतिक, धार्मिक, परम्परागत, वास्तुकलात्मक एवं संरचनात्मक प्रकृतिको **ऐतिहासिक नेवाः बस्ती**का लागि छुट्टै कानूनको तर्जुमा हुनु वाञ्छनीय छ । तसर्थ घरजग्गा, मालपोत, नापी जस्ता विषयमा रहेका गोश्वारा कानूनले नेवाः बस्तीहरूको पृथकतालाई सम्बोधन गर्न सकेको छैन ।

(ज) उदाहरणका लागि **बहाः** संरचनालाई लिन सकिन्छ । यस्ता संरचनाहरूमा प्रायः बौद्धमार्गी समुदाय बस्छन् । यसमा चारै तर्फबाट घरले घेरिएको हुन्छ । बीचमा चारकुन्ने खुल्ला स्थान हुन्छ । त्यसको बीचमा **चैत्य, चीबहाः** जस्ता संरचना पनि हुन्छ । **बहाः**मा पस्नका लागि एउटा वा केही स्थानबाट घर मुनीको बाटो हुन्छ । कुनै बाहिरी व्यक्तिको नजरले हेर्ने हो भने **बहाः** भित्रका घरहरूलाई बाटो नभएको ठाउँमा बनाइएको घर भन्ने लाग्न सक्ला । अथवा जसको घरमुनीबाट बाटो छ उसले बाटो मिचेर घर बनाएको भन्ने पनि लाग्न सक्ला । तर ती दुबै सोचाई गलत हो । त्यस्ता संरचनालाई बुझ्न नेवाः बस्तीहरूको विशिष्टताको ज्ञान हुनु आवश्यक छ ।

(झ) यस निवेदनमा उठाइएका समस्या त्यँही भूक्षेत्रमा छ, जहाँ **नेवाः राज्य**को ऐतिहासिकता छ । उदाहरणको लागि :- नेवाः समुदायको बसोबास विराटनगर, मोरङमा पनि छ । जुगि जातका मानिसहरू विराटनगर, मोरङमा पनि छन् । तर यस निवेदनमा उठाइएको समस्या विराटनगर, मोरङमा छैन किनभने त्यो ऐतिहासिक **नेवाः राज्य** क्षेत्रमा पर्दैन । यस निवेदनमा उठाइएको समस्याको भूक्षेत्र वा प्रभावित क्षेत्र मापन गर्नका लागि ऐतिहासिक **नेवाः राज्य**को क्षेत्रलाई निक्यौंल गर्न आवश्यक हुन्छ । यस निवेदनमा उठाइएको समस्या अहिलेको राज्यसत्ताको स्थापना भन्दा अघिको राज्यसत्ताको संरचना तथा व्यवस्थाको निरन्तरता हो । त्यसैले यसरी विभिन्न ऐतिहासिक तथा सांस्कृतिक पक्षहरूको सुदृढ विश्लेषण अन्वेषण गर्नका लागि **एक विशिष्ट ऐतिहासिक तथा सांस्कृतिक भूखण्डका रूपमा नेवाः राज्यको पहिचान तथा मान्यता** हुनु वाञ्छनीय छ । यसले निवेदनमा उठान गरिएको समस्या लगायत यसरी नेवाः समाजमा रहेका विषयवस्तुको सम्बोधन गर्नका लागि क्षेत्रगत नक्साङ्कनको उपलब्धतालाई सुनिश्चित गरी यस क्षेत्र विशेष कुनै निर्णय गर्नपरेमा राज्यलाई नै सहजिकरण गर्दछ ।

(ञ) यसरी ऐतिहासिक नेवाः राज्यलाई सांस्कृतिक एवं ऐतिहासिक क्षेत्रका रूपमा मान्यता दिँदा यहाँको सांस्कृतिक विशिष्टता सम्बन्धी राज्यलाई नै सहज हुने सँगसँगै यसले यहाँबाट बाहिरका नेवाः समुदायहरूको विशेष अवस्थाको विश्लेषणमा पनि सहजिकरण गर्दछ । यसै निवेदनको रोहमा चर्चा गर्दा ऐतिहासिक नेवाः राज्यको क्षेत्रमा त यो समस्या छँदै छ, यस्तै समस्या डायस्पोरा (diaspora) का रूपमा रहेका नेवाः समुदायमा छ वा छैन भनि अध्ययन गरी त्यहाँको विशेष समस्या देखिएमा त्यसलाई सम्बोधन गर्न पनि सहजिकरण गरिदिन्छ । उदाहरणका लागि :- ऐतिहासिक मगरात राज्यमा पर्ने तनहुँको बन्दिपुरमा तीन शताब्दी अगाडी स्थापित नेवाः बस्तीमा यस्तै समस्या छ कि छैन ? प्रायः भक्तपुरबाट बसाइँ सरी तीन शताब्दी अगाडी पोखरामा बस्ती बसाएका नेवाः समुदायमा पनि यस्तै समस्या छ कि छैन ? त्यहाँ पुगेपछी नेवाः समुदायले फरक स्वरूप लियो कि लिएन ? नेवाः राज्यमा देखिएका समस्या त्यहाँ नदेखिएको हुनाले केही गर्न नपर्ने हो कि, त्यहाँ पनि त्यही समस्याको निरन्तरता छ कि, त्यहाँ यस समस्याले फरक स्वरूप लिएको हुनाले नेवाः राज्यमा भन्दा फरक विधि अपनाउनु पर्ने

हो ? यस्ता विषयमा स्पष्ट आधार तयार गरिदिन्छ । बन्दिपुर, पोखरामा जस्तै शताब्दीको समय अगाडी बसाइँ सरी बस्ती स्थापना नभएका पछिल्लो समयमा मात्र बसाइँ सरेका नेवाः समुदायमा, वा त्यसरी गुचुमुच्च बस्ती नभएर छरिएर बसोबास गरेका स्थानमा कस्तो अवस्था छ ? यसरी नेवाः राज्यलाई ऐतिहासिक सांस्कृतिक भूखण्डका रूपमा पहिचान गर्दा राज्यलाई कुनै विशिष्ट सांस्कृतिक, ऐतिहासिक, धार्मिक तथा जनसांख्यिक विषयवस्तुमा निर्णय निक्यौंल गर्न सहजिकरण गर्दछ ।

(ट) नेपालको संविधान, धारा ५६ (५) मा संघीय कानून बमोजिम सामाजिक सांस्कृतिक संरक्षणका लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सक्ने उल्लेख गरिएको छ । अतः संघीय कानून बनाई ऐतिहासिक तथा सांस्कृतिक दृष्टिकोणले नेवाः राज्यलाई पहिचान दिन सक्ने नै अवस्था छ ।

१६. **<u>सम्पदा संरक्षणको जातिभेदी मान्यता :</u>** सम्पदा संरक्षण आफैमा जातिभेदी नहोला तर हाम्रो समाजको चरित्र तथा यस समाजमा बसोबास गर्ने मानिसहरूको मूल्यमान्यताका कारण सम्पदा संरक्षणको कार्यले जातिय विभेदलाई थप प्रसय दिएको, निरन्तरता दिएको तथा झन संस्थागत पारेको अवस्था पनि छ ।

(क) ऐतिहासिक नेवाः बस्तीहरू ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक धरोहरले भरिपूर्ण छन् । यसका कुना-कुनामा सूक्ष्मदेखि विशालरूपी धरोहरको व्यापकता पाइन्छ। तर सम्पदा संरक्षणको मापदण्ड जुगि जातको **सतःछैं**मा मात्र लागू हुनुपर्ने कारण के हो ? यसले सरकारको जातिभेदी मानसिकतालाई छर्लङ्याएको छ ।

(ख) नेवाः सभ्यता कुनै मृत सभ्यता होइन । जीवित सभ्यता गतिशील हुनु स्वभाविक नै हो । संग्राहलयीकरण (museumification) गर्नु सम्पदा संरक्षणको उद्देश्य हो भने सबै ऐतिहासिक नेवाः बस्तीहरूबाट बसोबासीहरूलाई धमाधम उठाउँदै बस्ती खाली गरी भौतिक संरचनालाई मल्लकालीन स्वरूपमा सरकारले फर्काउनु पर्ने हो । तर जुगि जातलाई मात्र लक्षित गरी **सतःछैं**हरू खाली गराउनु भनेको जातिभेदी अभ्यास हो ।

(ग) ऐतिहासिक नेवाः बस्तीका सबै संरचना सम्पदा नै हुन् । यहाँका प्रत्येक घरहरूको ऐतिहासिक महत्व छ । अरू जातिका परिवारलाई सम्पदा संरक्षणका लागि आफ्नो घर खाली गराउन लगाएको छैन । उनीहरूलाई उठीबास लगाएको छैन । सम्पदा संरक्षणलाई उनीहरूको बसोबास सहितको परिकल्पना गरिएको छ । ऐतिहासिक कालखण्डदेखि जुगि जातहरू बसिआएको **सतःछैं**को बनोट संरचना अरू घरको भन्दा फरक हुँदैमा सम्पदा संरक्षणको नाउँ दिएर बेघर पार्ने, उठीबास गर्ने कार्य जातिय विभेदको फल हो । फरक संरचना त **बहाः**, **बही**, **लाछि**, **ननि**, इत्यादीहरूको पनि छ । जस्तैः- ऐतिहसिक विहार भएका **बहाः** क्षेत्र पनि सम्पदा हुन् । त्यस **बहाः**लाई जोगाउन **बहाः** खाली गराउन लगाएको छैन । त्यस सम्पदाको संरक्षणलाई भौतिक संरचना एकल मात्र नभएर त्यहाँका बसोबासीहरू सहितको परिकल्पना गरिएको छ । तसर्थ **सतःछैं**को सम्पदा जोगाउन बसोबासी जुगि जातको परिवारलाई विस्थापित गर्नुपर्छ, निम्ट्यान्न पार्नुपर्छ, हटाउनु पर्छ भन्ने मान्यता जातिय विभेदको उच्चतम् पराकाष्ठा हो ।

(घ) ऐतिहासिक नेवाः बस्तीका कति घरआवास मौलिक शैलीमा रहेका छन् ? अरू जातका मानिसहरूले ऐतिहासिक नेवाः बस्ती भित्र आधुनिक शैलीको घर निर्माण गरेका छन् कि छैनन् ? उनीको घर मल्लकालीन समयमा दुई तल्ले थियो भने अहिले पनि दुई तल्ले नै राख्नुपर्ने प्रावधान छ कि छैन ? उनीहरूले आफ्नो घरलाई माटो-इँट्टाले नै बनाउनुपर्ने प्रावधान छ कि छैन ? हामीले माटो-इँट्टाको विरोध गरेका होइनौं वा मौलिक शैलीको विरोध गरेका होइनौं । म निवेदक पनि सम्पदा-प्रेमी हुँ, सम्पदा संरक्षणको लागि वकालत गर्छु । मौलिक शैलीमै आफ्नो घर बनाउने मेरो ठूलो इच्छा छ । तर ऐतिहासिक नेवाः बस्ती भित्रकै कुनै जातलाई आफ्नो घर आफ्नो इच्छाले बनाउने स्वतन्त्रता हुने कुनै जातलाई बन्देज लगाउने कार्यमा आपत्ति छ । सम्पदा संरक्षणको यो असमान मापदण्ड जातिय विभेदको उपज हो ।

(ङ) हुनेखानेहरूले ऐतिहासिक शहर भित्रै आधुनिक संरचना खडा गरेका छन् । उनीहरू आधुनिक घरको विलासितामा बस्छन् । जसरी उनीहरूले आफ्नो पुर्खाबाट हस्तान्तरण हुँदै आएको संरचनालाई समसामयिक जीवनानुकूल निर्माण तथा पुनर्निर्माण गरेका छन्, त्यही समान सुविधा हामी जुगि जातका मानिसले आफ्ना पुर्खाबाट हस्तान्तरण हुँदै

आएको संरचनामा अपनाउन खोज्दा सम्पदा मासिन्छ भन्नु पूर्णतः दोगलापन तथा जातिभेदी मानसिकताको परिणाम हो ।

(च) **यल लाय्कू (यल लायकू)** अर्थात् **पाटन दरबार** क्षेत्रमा **मनि गनेघः (मनि गनेघः) / मणि गणेश** छेवैको एउटा **सतःछेँ**मा जुगि जातको बसोबास थियो । सम्पदा संरक्षणको नाममा उनीहरूलाई हटाएर भौतिक संरचनाको मात्र संरक्षण गरियो । अहिले त्यहाँ पर्यटक प्रहरी पोष्ट राखिएको छ । **क्वान्ति (क्वन्ति)** टोलमा रहेको **सतःछेँ**बाट पनि जुगिहरूलाई निकालेर अहिले खाली प्रयोजनविहीन बनाइएको छ । पुख्यैंली बसोबास रहेको जुगि जातको बसोबासले निरन्तरता पाउँदा सम्पदा संरक्षण हुन नसक्ने, **सतःछेँ** जस्तो संरचनाको इतिहास नै जुगि जातसँग जोडिएको अवस्थामा उनीहरूलाई सम्पदा संरक्षणको बाधक मान्ने तर प्रहरी पोष्ट राख्दा सम्पदा संरक्षण हुने, यसमा जातिभेदी मान्यता छर्लङ्ग देखिन्छ ।

(छ) सम्पदा संरक्षणकै जातिभेदी अभ्यासमा एउटा चर्चा गर्नुपर्दा **Kathmandu Valley Preservation Trust नामक** एक संस्थाले आफूहरू सम्पदा संरक्षणको लागि कार्यरत रहेको बताउँछन् । यल (पाटन) का विभिन्न स्थानहरूमा सरकारी निकायसँग **सतःछेँ** पुनःनिर्माणमा उनीहरूको भूमिका रहिआएको छ । उनीहरूले आफ्नो वेबसाइटमा विभिन्न सतःछेँहरूको पुनःनिर्माणको चर्चा गर्दा त्यहाँका बासिन्दालाई ***"negligent owner", "लापरवाही हकदार"*** जस्ता शब्दहरूले सम्बोधन गरी जुगि जातका मानिसहरूलाई दानवीयकरण गरिएको पाइन्छ ।[५१] [५२] जातिय सिमान्तिकरणमा परेका जुगि जातका मानिसहरूको आर्थिक अवस्था दुर्बल छ । आर्थिक अवस्थाका कारण आफूले चाहेर पनि आफू बसिआएको घर पुनःनिर्माण गर्न नसक्ने बाध्यताको पीडा धेरैको छ । जीर्ण घरमा बस्ने कसको रहर होला ? तर यसरी सम्पदा संरक्षणका नाममा सिमान्तकृत वर्गको दानवीयकरण गरी exploitation of vulnerability गर्नू कहाँ सम्मको प्रताडना हो ।

[51] https://danam.cats.uni-heidelberg.de/report/28f77756-69bc-11ea-8083-0242ac130006?fbclid=IwAR3guCAbjqoR7aBLz1AF3io5gKCJ32wzhNCBYjunp3fVGMUtyjpq94Hfe3Q

[52] https://www.asianart.com/kvpt/page8.html

(ज) जातिय सिमान्तिकरणमा परेको जुगि जात आर्थिक रूपमा पछाडी परेका छन् । यसै कारण पनि कतिपय परिवारहरूले आफू बसिआएको **सतःछैं** जीर्ण अवस्थामा भए पनि पुनःनिर्माण गर्न सकेका छैनन् । यसैलाई आधार मानेर सरकारले हामीलाई ***"वास्ता गरेनन्, लापरवाही गर्यो"*** भन्ने लाञ्छना लगाई हामीलाई हटाएर कब्जा जमाउनु पर्छ भन्ने सोच राखे हो भने भूकम्पका कारणले जीर्ण भई पुनःनिर्माण गर्न असमर्थ रहेका सबै नेपाली परिवारहरूको घर सबै सरकारले खोस्न जानुपर्ने हो ।

(झ) वास्तुकलात्मक तथा संचनागत रूपमा अवश्य पनि सतःछैं एक विशिष्ट प्रकृतिको संरचना हो । यसको मौलिकता जोगाउनका निम्ति, यसको अस्तित्व जोगाउनका निम्ति आवश्यक पहल हुनुपर्छ, गर्नु ठीकै हो । तर यस्ता संरचनाहरूको भौतिकतामा राज्यको मोह हुने तर त्यस संरचनासँग जोडिएका मानिसहरूप्रति राज्य जिम्मेवारीशून्य हुने अवस्था हाम्रो संविधानले परिकल्पना गरेको लोककल्याणकारी राज्य विरुद्ध हुन जान्छ ।

(ञ) सम्पदा भनेको मूर्त सम्पदा मात्र होइन, अमूर्त सम्पदा पनि हो । सतःछैं मूर्त सम्पदा हो भने, जुगि जातका मानिसहरू अमूर्त सम्पदा हुन् । त्यसैले जुगि जातका मानिसहरूको सतःछैंमा बसोबासको सुनिश्चितता पनि सम्पदा संरक्षणकै दायरामा पर्छ ।

(ट) अतः सम्पदा संरक्षणको कार्यमा सामाजिक न्यायलाई जोडएन भने यसले सम्पदा संरक्षणका नाउँमा जातिय उत्पीडनलाई थप सब्बलिकरण गर्दछ एवं ऐतिहासिक विभेदले निरन्तरता पाइरहन्छ ।

१७. **<u>स्वामित्व नै समाधान :</u>** जुगि जातको **सतःछैं**मा बसोबासको प्रश्नमा भोगाधिकार मात्र सुनिश्चित हुनु पर्याप्त छैन, होइन । भोगाधिकार मात्र सुनिश्चित गरेर बसोबास मात्र गर्न पाउनाले हाम्रो जातको सम्पत्तिको हकमा असमान अवस्थाले निरन्तरता पाइरहन्छ ।

(क) भोगाधिकार मात्र सुनिश्चित भएमा अरू जातले जस्तै आफ्नो पुखौंली सम्पत्तिमा बसोबास बाहेक अन्य कुनै अधिकार उपभोग गर्न पाउँदैन । फलतः नीज परिवारहरूले व्यवसाय दर्ता गर्न चाहेमा, संस्था दर्ता गर्न चाहेमा, विद्युत जडान गर्न चाहेमा, टेलिफोन लाइन जडान गर्न चाहेमा, पानीको लाइन चाहिएमा, वित्तीय संस्थाबाट ऋण लिन चाहेमा

लगायत घरजग्गाको स्वामित्वसँग सम्बन्धित सबै हक अधिकारबाट वञ्चित भई अरू नागरिक सरह स्वच्छन्द जीवन निर्वाह गर्न पाउँदैनन् । यसरी हाम्रो जात समुदायको असमान हैसियतले निरन्तरता पाइरहन्छ ।

(ख) त्यसै गरी ऐतिहासिक जात व्यवस्थामा पिल्सिन बाध्य बनाई कुनै पनि घरजग्गाको स्वामित्व राख्न नदिनु एवं यस्ता **सतःछेँ**हरूमा मात्र बस्न पाउनु भनेको ऐतिहासिक विभेदको उपज हो । एउटा कालखण्डमा हाम्रो जातका मानिसहरूलाई विभेदजन्य ढङ्गले हेरिएकै कारणले **सतःछेँ** बाहेक अन्यत्र घर दिइएन, बस्न दिइएन । इतिहासको घटनाक्रमले हाम्रो जातलाई त्यहाँ पुर्यायो । अब समकालीन राज्यसत्ताले त्यसमा पनि हक कायम नगरिदिने हो भने यो ऐतिहासिक विभेद तथा उत्पीडनको अन्त्य हुँदैन ।

(ग) त्यो बेलाको व्यवस्थाले सर्वप्रथमतः **सतःछेँ**मा मात्र बस्नुपर्ने बाध्यकारी व्यवस्था बनायो बनायो, त्यसका साथै ती **सतःछेँ**हरूमा पनि भोगाधिकार मात्र सीमित गरी अन्य जात समुदाय सरह घरजग्गाको स्वामित्वको अधिकार दिएन । त्यति मात्र होइन, कथित उपल्ला जातका मानिसहरूको सांस्कृतिक तथा रीतिजन्य कार्य पूरा गरिदिन परे हामीलाई ल्याएर राख्ने, उनीहरूलाई चित्त बुझेन भने उक्त परिवारलाई निकालेर फालिदिने, अर्को परिवारबाट प्रतिस्थापन गर्ने यस्ता दमनकारी प्रथा चलनचल्तीमा थियो । यो असमान तथा विभेदकारी प्रथाले निरन्तरता पाउनु हुँदैन ।

(घ) त्यसै गरी **सतःछेँ**हरूलाई उच्च जातका नेवाःहरूको **गुथि**को सम्पत्तिका रूपमा हक आफूले सञ्चित गरी हाम्रा जातका मानिसहरू उपर नियन्त्रण गर्ने कार्य ऐतिहासिक दासत्व तथा शोषणजन्य प्रचलन हो । यस्ता सतःछेँहरूमा जुगि जातका मानिसहरूको बसोबास हुँदाहुँदै पनि उच्च जातका नेवाःहरूले त्यस संरचनालाई नियन्त्रणमा राख्न पाउने कार्यले संविधानमा संकल्प गरिएको ऐतिहासिक विभेदको अन्त्य हुन सक्दैन ।

(ङ) तसर्थ यो विभेद तथा असमानताको अन्त्यका लागि भोगाधिकार मात्र पर्याप्त छैन । भोगाधिकार मात्रले स्थायी आवासको सुनिश्चितता गर्दैन । भोगाधिकार मात्रले यो disposable community सरह व्यवहार गर्ने कार्य रोकिँदैन । भोगाधिकार मात्रले अन्य नागरिक सरह आफ्नो घर आवासमा पूर्णतः स्वतन्त्र भई अधिकार प्रचलन गर्न पाउँदैन

। त्यसैले बसोबास गर्दै आएका जुगि जातको परिवारको नाममा नै उक्त **सतःछेँ**को स्वामित्व कायम हुनुपर्छ ।

१८. **<u>विकल्प एउटा विकल्प हुँदैन :</u>** आफ्नो बसोबास हुँदै आएको **सतःछेँ**बाट अन्यत्र वैकल्पिक व्यवस्था गर्नु विकल्प होइन ।

(क) घरको विकल्प भवन हुन सक्दैन ।

(ख) सम्पदा भनेको भौतिक संरचना मात्र होइन । त्यस भौतिक संरचनासँग जोडिएका इतिहास, संस्कृति, रीतिरिवास एवं त्यससँग सम्बन्धित मानिसहरू पनि हुन् । **सतः (सत्तल)** मूर्त सम्पदा हो भने प्राचीन कालदेखि त्यहाँ बसोबास गरिआएका **जुगि जात**का मानिस अमूर्त सम्पदा हुन् ।

(ग) अमूर्त सम्पदा बिना मूर्त सम्पदाको मात्र रक्षा हुन सक्दैन । यो भनेको सबै ऐतिहासिक नेवाः बस्तीबाट मानव बसोबास हटाएर सबै संरचना मात्र जोगाएर राख्नु सरह हुन्छ । जुगि जातको परिवार हटाएर **सतःछेँ**लाई मात्र एउटा आत्माविहीन शरीरजस्तै ठड्याइएमा त्यस **सतःछेँ**को महत्व नै हराउँछ ।

(घ) ऐतिहासिक नेवाः बस्तीहरूको महत्व यहाँका संरचना मात्रले नभएर त्यस संरचनाको अभिन्न अंग भई पुखौँदेखि बसिआएका मानिस पनि हुन् । यहाँ वर्षभरि चलायमान रहने अनेकौं मानवीय गतिविधिले संस्कृति, सभ्यता र सम्पदा जीवित राख्ने हो ।

(ङ) जुगि जातको बास रहेको **सतःछेँ**को सम्पदालाई जोगाउन भने हामीलाई हटाउनै पर्ने मानसिकता जातिय विभेदकै मानसिकता हो । तसर्थ **सतःछेँ**को इतिहास पुखौँदेखि बसोबास गर्ने जुगि परिवारलाई सम्पदा संरक्षणको अभिन्न अङ्ग नमान्दा त्यस्ता **सतःछेँ**को अमूर्त सम्पदा नै लोप हुने अवस्थामा छ ।

(च) यसरी राज्यले **सतःछैं**हरू आफ्नो नाममा गर्दै जाने तथा जुगि जातको परिवारलाई हटाउँदै जाने हो भने ऐतिहासिक नेवाः बस्तीहरूबाट जुगि जातको अस्तित्व नै नामेट हुन्छ, पूर्णतः पलायन हुन्छ, निम्ट्यान्न हुन्छ । ऐतिहासिक बस्तीहरूबाट जुगि जातको नामोनिशान नै मेटिन्छ । यस्तो कार्यलाई caste cleansing को कार्य समेत भन्न सकिन्छ ।

(छ) राज्यले हामी विशेष अवस्था भोगिरहेका समुदायलाई पुर्जा दिन नसक्नु राज्यको कमजोरी हो । यसबाट पीडित भएका हामीलाई ***"पुर्जा नभएको", "सार्वजनिक सम्पत्ति मिचेको"*** जस्ता दुर्वाच्य प्रयोग गरी दोषारोपण गर्ने कार्य झन victim shaming र victim blaming को कार्य हुन्छ ।

१९. **<u>संवैधानिक प्रश्न :</u>** यस निवेदनमा उठाइएका विषयवस्तुमा देहायका संवैधानिक प्रावधानहरू आकर्षित हुन्छन् ।

(क) नेपालको संविधानको प्रस्तावनामा नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात् गरेको उल्लेख छ । संविधानले आत्मसात् गरेको "राष्ट्रिय एकता" अन्तरगत नेपालमा बसोबास गर्ने सबै जातजातिहरूको पहिचान एवं सम्मानलाई समेटेको अवस्था छ । समाजमा कायम विभेद, तिरस्कार तथा वहिष्करण जस्ता अभ्यासले निरन्तरता पाएमा राष्ट्रिय एकता हासिल गर्न सकिँदैन । यसले सँधै नेपाली-नेपाली बीच फुटको अवस्थालाई निरन्तरता दिइरहन्छ । त्यसै गरी संविधानले आत्मसात् गरेको "स्वाभिमान" अन्तरगत नेपालमा बसोबास गर्ने प्रत्येक समूह समुदायको स्वाभिमान पनि पर्दछ । प्रत्येक समूह समुदायको स्वाभिमानलाई सुनिश्चित गर्न विभेद तथा असमानताको अवस्थाको अन्त्य हुनुपर्छ ।

(ख) नेपालको संविधानको प्रस्तावनामा राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक— पटक गर्दै आएका ऐतिहासिक जन आन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवं शहीदहरू तथा बेपत्ता र पीडित

नागरिकहरूलाई सम्मान गरेको उल्लेख छ । संविधानले सम्मान गरेको आन्दोलन, संघर्ष तथा त्याग बलिदानको दायरामा जुगि जात समुदायले जातिय विभेद विरुद्ध गर्दै आएको संघर्ष तथा आन्दोलनको पनि संविधानले सम्मान गरेको छ ।

(ग) नेपालको संविधानले सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गरेको भन्ने पनि उल्लेख छ । यस निवेदनमा उठान गरिएको जुगि जातिको आवसीय संकट विगतको सामन्ती तथा निरंकुश राजकीय एवं सामाजिक व्यवस्थाको उपज हो । जुगि जात समुदायको आफ्नै छुट्टै घर हुन नमिल्नु एवं इतिहास देखि बसोबास गर्दै आएको **सतःछेँ**मा पनि स्वामित्व नहुनु यही विगतका सामन्ती तथा निरंकुश व्यवस्थाको प्रतिफल हो । संविधानले यसको अन्त्य गर्ने प्रस्तावना अङ्गिकार गरेको अवस्थामा राज्यले निरन्तरता दिइरहनु संविधान विरुद्धको कार्य हो । त्यसै गरी संविधानले सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गरेको अवस्थामा हामी जुगि जात समुदायका मानिसहरू उपर हुँदै आएको सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य हुनुपर्छ । आफूहरू ऐतिहासिक कालखण्डदेखि बसोबास गर्दै आइरहेको **सतःछेँ**बाट आफ्नो हक नै निम्ट्यान्न हुनुपर्ने, आफूहरू विस्थापित एवं घरबारविहीन सुकुमबासीमा परिणत हुनुपर्ने अवस्थाले संविधानले भनेको विभेद तथा उत्पीडनको अन्त्य हाम्रो हकमा लागू भएन । हामी उपर हुँदै आएको विभेद तथा हामीले भोग्न बाध्य भएको उत्पीडनले विभिन्न स्वरूपमा निरन्तरता पाइ नै रहेको छ । त्यसैले ऐतिहासिक कालखण्डदेखि बसोबास गर्दै आएको **सतःछेँ**हरूमा स्वामित्व दिलाई संविधान अनुरूप जुगि जात समुदाय उपरको विभेद तथा उत्पीडनको अन्त्य हुनु वाञ्छनीय छ भने त्यसको अन्त्य गर्नु राज्यको संवैधानिक दायित्व हो ।

(घ) नेपालको संविधानले बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्ने भनि पनि उल्लेख गरेको अवस्था छ । यस बहुजातीय तथा बहुसांस्कृतिक विविधता अन्तर्गत हामी नेवाः जाति अन्तर्गतका जुगि जात समुदाय पनि पर्ने नै भयौँ । **सतःछेँ** तथा **सतःछेँ**को बाससँग सम्बन्धित सांस्कृतिक पक्षहरू पनि यही संविधानले आत्मसात् गरेको बहुजातीय तथा

बहुसांस्कृतिक विविधता अन्तर्गत पर्ने विषय हो । त्यसै गरी विविधताबीचको एकता कायम हुनका लागि प्रत्येक विविधताले समान रूपमा फक्रन फुल्न अवशर पाउनुपर्ने हुन्छ । आवास जस्तो आधारभूत मानवीय आवश्यकताबाट वञ्चित रहने अवस्थामा विविधताबीचको एकता नभएर विविधताबीचको असमानताले नै व्यापक स्थान पाउने निश्चित छ । त्यसै गरी सामाजिक सांस्कृतिक ऐक्यबद्धता हुनका लागि समाजमा भएका विभेदहरू उन्मूलन हुनु वाञ्छनीय छ । जुगि जात समुदाय उपर हुँदै आएको विभेद चल्दा सामाजिक सांस्कृतिक ऐक्यबद्धता हासिल हुन सक्दैन । एक समूहले अर्को समूहलाई थिचोमिचोमा पारिरहेको अवस्थामा ऐक्यबद्धता, सहिष्णुता र सद्भाव कुनै पनि हासिल गर्न सक्ने अवस्था हुँदैन ।

(ङ) नेपालको संविधानले वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । हामी जुगि जात समुदायका मानिसहरू उपर हुँदै आएको विभेदका विभिन्न स्वरूपहरूको अन्त्य गर्ने संकल्प पनि संविधानले परिकल्पना गरेको अवस्था छ । त्यसै गरी संविधानले सबै प्रकारका छुवाछूतको समेत अन्त्य गर्ने संकल्प गरेको छ । ऐतिहासिक कालखण्डदेखि जुगि जात समुदायलाई हुँदै आएको विभेदले आजको मितिमा जुगि जात समुदायको यो आवसीय संकटको अवस्था निम्त्याएको हो । त्यसै गरी यही आवसीय संकटका कारण हामीलाई जातीय, धार्मिक, भाषिक लगायत आर्थिक विभेद तथा उत्पीडन समेत भएको अवस्था छ । ऐतिहासिक कालखण्डदेखि बसोबास गर्दै आएको **सतःछैं**को स्वामित्वको अधिकार बिना संविधानले संकल्प गरेको आर्थिक समानता सम्भव छैन । यसले हाम्रो जात समुदायलाई असमान आर्थिक हैसियतमा राखिरहन्छ । आफ्नो पुर्खादेखि बसोबास गर्दै आएको आवासबाट निकाली सुकुमबासी सरहको जीवन व्यतित गर्न बाध्य पार्ने कार्य यस संविधानको संकल्प विरुद्ध रहेको छ । संविधानले त अझ समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प लिएको छ । यो समानुपातिक समावेशी सिद्धान्त अन्तर्गत नेवाः जाति भित्रका सबै जातजातिहरूको समावेशितालाई पनि जनाएको छ भने तिनीहरूलाई राज्यमा समेत

सहभागिता जनाउने अधिकार दिलाएको छ । तसर्थ राज्यमा नै समावेश हुनुपर्ने जुगि जात समुदायका मानिसहरू आफ्नो पुर्खा देखि बसिआएको सतःछैंमा समावेश हुन नसक्ने भन्नु संविधान प्रतिकूल रहन्छ ।

(च) नेपालको संविधानले श्री ५ को सरकार तथा राजतन्त्रलाई विस्थापित गरी नेपाली जनतामा सार्वभौमसत्ता भएको गणतन्त्र लोकतन्त्रलाई स्थापित गरेको छ । यस अर्थात् विगतमा भएका वंशाधारी, जहानिया तथा शक्तिसञ्चित राजतन्त्रले स्थापना गरेको असमान संरचनाहरूलाई विनिर्माण गर्ने तथा विखण्डित गर्ने दायित्व राज्यको रहेको छ । मल्लकालका राजाहरूले स्थापित गरेको, शाहकालका राजाहरूले स्थापित गरेको, राणाशासनको निरंकुशताले स्थापित गरेको सबै त्यस्ता उत्पीडनकारी, विभेदकारी तथा हिंसाजन्य संरचनाहरू फुटाउने राज्यको संवैधानिक कर्तव्य हो । राजतन्त्रलाई गणतन्त्र लोकतन्त्रले विस्थापन गर्ने तर राजतन्त्रमा स्थापित भएका असमान संरचनाहरूले निरन्तरता पाइरहनु आफैमा विरोधाभासपूर्ण एवं संविधान विरुद्धको कार्य हो ।

(छ) नेपालको संविधान, धारा १६ ले सम्मानपूर्वक बाँच्न पाउने हक सुनिश्चित गरेको छ । हामी जुगि जात समुदायको आवास, हाम्रो रहनसहन एवं ऐतिहासिक कालखण्ड देखि बसिआएको **सतःछैं** हाम्रो आत्मसम्मानसँग जोडिएको विषय हो । इतिहासले नै हाम्रो जातलाई **सतःछैं**सँग जोडेको छ । कथित ***"ठूलो जात"*** हरूको मृत्यु संस्कारलाई पूरा गरिदिन पर्दा हामीलाई ल्याएर राख्ने, अनि उनीहरूलाई नचाहिएपछी निकालेर फालिदिने जस्तो असभ्य अमावनीय अभ्यासले निरन्तरता पाइराख्ने हो भने हामी **फाल्न योग्य समुदाय (disposable community)** को रूपमा रहिरहन बाध्य हुन्छौं । यसरी हामीलाई फाल्न योग्य समुदायको रूपमा व्यवहार गर्दा हाम्रो सम्मानपूर्वक बाँच्न पाउने हक हनन भएको छ । मानव सभ्यताको प्रारम्भिक समय देखि नै गाँस, बास र कपाँसलाई आधारभूत आवश्यकता मानिरहँदा यो हाम्रो जीवनको अधिकारसँग जोडिएको संवेदनशील तथा अत्यावश्यक विषय हो । त्यसै गरी आफ्नो पुख्यौंली बसोबासको घरजग्गा, आफ्नो पुर्खाको स्मृति, आफ्नो जीवन्त स्मृति बोकेको स्थान आफ्नो आत्मसम्मानसँग गाँसिएको विषय पनि हो ।

ऋक्कना

(ज) नेपालको संविधान, धारा १७ ले स्वतन्त्रताको हक सुनिश्चित गरेको छ । उपधारा २ (ङ) मा नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता दिएको छ । नेपालको जुनसुकै नागरिकलाई नेपालको जुनसुकै भेगमा बसोबास गर्ने स्वतन्त्रता हुँदा हामीलाई झन आफ्नै पुर्खाले पुस्तान्तरण गर्दै आएको **सतःछेँ**मा बस्न पाउने अधिकार नहुने भन्न मिल्दैन । हामी अर्काको ठाउँमा गएर अर्काको ठाउँ मिचेर अर्काको हकभोगको सम्पत्तिलाई आफ्नो बनाएका समुदाय होइनौँ । हामीले त केवल हाम्रो जात समुदायको यस नेपाल मन्दलमा उत्पत्तिकाल देखि बस्दै आएको **सतःछेँ**मा आफ्नो बसोबासको निरन्तरताको माग गरेका हौँ । तसर्थ हाम्रो ऐतिहासिक, सांस्कृतिक, धार्मिक तथा पुख्यौंली अस्तित्व रहेको **सतःछेँ**हरूमा बस्न नपाउनु, त्यसको स्वामित्व नपाउनु यस धारा प्रदत्त मौलिक हकको हनन हो ।

(झ) नेपालको संविधान, धारा १८ ले समानताको हक सुनिश्चित गरेको छ । उपधारा (१) मा सबै नागरिक कानूनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने कुरा स्पष्ट उल्लेख गरिएको छ । हामीलाई जुगि जातको व्यक्ति हुँदैमा कानूनको दृष्टिमा असमान व्यवहार गर्ने तथा समान संरक्षणबाट वञ्चित गर्ने कार्य संविधानले निषेध गरेको छ । उपधारा (२) मा सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, जात, जाति, आर्थिक अवस्था, भाषा वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन भन्ने उल्लेख गरिएको छ । उत्पत्तिका आधारमा हाम्रो जुगि जातको यस नेपाल मन्दल तथा नेपाः उपत्यकामा उत्पत्तिको कालखण्ड देखि **सतःछेँ**कै बास रहेको इतिहासको अध्ययनले पुष्टी गर्छ । यसका आधारमा विभेद गर्नु पनि संविधानतः निषेधित छ । त्यसै गरी हामीलाई कथित ***तल्लो जात*** तथा ***पानी नचल्ने जात*** भनि जातको आधारमा विभेद गरेको विषय पनि पुष्टी गर्ने आधारहरू छन् । यसका आधारमा विभेद गर्नु पनि संविधानतः निषेधित छ । हामी नेवाः जाति भित्रका जुगि जात समुदायलाई जातको आधारमा पनि विभेद गर्न मिल्दैन । जात व्यवस्थाको उत्पीडनका कारण हाम्रो आर्थिक अवस्था कमजोर हुँदैमा पनि विभेद गर्न मिल्ने रहेन । त्यसै गरी खस / पर्वते भाषा (नेपाली भाषा) नबुझेकै कारणले पनि विभेद गर्न मिल्दैन । उपधारा (३) मा राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, जात, जाति, आर्थिक अवस्था, भाषा वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन भन्ने संविधानिक संरक्षण दिएको छ ।

ऋक्कना

नक्कल

तसर्थ राज्यले अरू जातका मानिसहरूलाई आफ्नो पुख्यौंली सम्पत्तिमा स्वामित्व दिए सरह हामी जुगि जातका मानिसहरूको पुख्यौंली बसोबास रहेको **सतः छैं**मा पनि स्वामित्व दिलाउन नसक्नु यस मौलिक हक प्रतिकूलको कार्य हो । नापी हुँदाकै समयमा तत्कालीन राज्य व्यवस्थाले हामी जुगि जात समुदायको विशेष अवस्थालाई बुझ्न नचाहेर हाम्रो विशेष अवस्थालाई सम्बोधन हुने गरी नापी सम्बन्धी कुनै कार्य नगर्नु तत्कालीन राज्य व्यवस्थाले गरेको विभेद हो । वर्तमान संविधानको परिपेक्ष्यले समानतालाई मौलिक हकका रूपमा स्थापित गरेको अवस्थामा उक्त विभेदजन्य अभ्यासले नै निरन्तरता पाउने तथा त्यसमा कुनै पुनर्विचार वा पुनरावलोकन नहुने अवस्था संविधानको यस धारा विरुद्ध हुन जान्छ ।

(ञ) त्यति मात्र नभएर सोही उप-धाराको प्रतिबन्धात्मक वाक्यमा सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको छैन । राज्यले त हामी पिछडिएका जुगि जात समुदायलाई विशेष प्राथमिकता दिएर हाम्रो जीवनस्तर उकास्नु पर्ने हो । तर विडम्बनापूर्ण यहाँ हामीलाई राज्यले झन थप प्रताडना दिने गरी भएको एउटा छत पनि खोस्दै सुकुमबासी बनाउँदैछ । तसर्थ जुगि जातका मानिसहरूको आवासको विशेष अवस्थालाई दृष्टिगत गर्दै हाम्रो बसोबास रहेको **सतः छैं**हरूमा हाम्रो स्वामित्व कायम गर्न लागि सरकारले विशेष कानूनी व्यवस्था गर्न सक्ने नै देखिन्छ ।

(ट) नेपालको संविधान, धारा २४ ले छुवाछूत तथा भेदभाव विरुद्धको हक सुनिश्चित गरेको छ । हामी जुगि जात समुदायका मानिसहरूको **सतः छैं**मा बास हुनु भनेकै हामी विरुद्ध भइरहेको ऐतिहासिक जातिय छुवाछूत तथा भेदभावको प्रतिफल हो । ऐतिहासिक कालखण्डमा अन्य स्थानमा घरजग्गा राख्न नपाउनु एवं **सतः छैं**हरूमै बस्न पर्नु भनेको जातिय विभेदको पराकाष्ठा हो । आजको मितिमा भएको त्यो एउटा बासबाट पनि हक नामेट गर्ने कार्य संविधानको यस धारा विरुद्ध हुन जान्छ । उपधारा (१) मा कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसायका आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिने छैन भन्ने उल्लेख गरिएको छ । सरकार जस्तो सार्वजनिक संस्थानहरूले हामीलाई भइरहेको

नक्कल

छुवाछूत तथा भेदभावलाई निरन्तरता दिन एवं थप सब्बलिकरण गर्न संविधानतः निषेध छ । त्यसै गरी उपधारा (३) मा उत्पत्ति, जात, जातिको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन भन्ने स्पष्ट उल्लेख गरिएको पाइन्छ । सरकारले यसरी हामीलाई हाम्रो ऐतिहासिक पुख्यौंली बसोबासको स्थानबाट निकालेर फालेर हटाएर हामी विरुद्धको जातीय विभेदलाई उच्चतम रूपले प्रोत्साहन गरिरहेको छ । यस्तो कार्यले हामीलाई सरकारबाट नीच दर्शाएको अनुभूती हुन्छ । त्यसै गरी हाम्रो ऐतिहासिक पक्षलाई बेवास्ता गरी हामीलाई ***"सार्वजनिक सम्पत्ति मिचेको"*** लाञ्छना लगाई हाम्रो जात प्रति घृणा समेत फैलिरहेको अवस्था छ । यस्ता कार्यले हामीलाई जातको आधारमा नीच दर्शाउने अभ्यास पनि भएको छ । उपधारा (५) ले त अझै यस धाराको प्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछूत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने प्रावधान पनि गरेको छ । यस्तो गम्भीर सामाजिक अपराधलाई सरकारले निषेध गर्नुपर्ने ठाउँमा आफै यसको हिमायती भएर लाग्नु कहाँसम्मको अन्याय हो । तसर्थ जुगि जातका मानिसहरूले आफ्नो बसोबास रहेको **सतःछैं**मा स्वामित्व नपाउनु यस धारा प्रतिकूलको अवस्था हो ।

(ठ) नेपालको संविधान, धारा २५ ले सम्पत्तिको हक सुनिश्चित गरेको छ । यसको उप-धारा (१) मा सम्पत्ति भोग गर्ने हक पनि सुनिश्चित गरेको छ । जसरी अरू नेवाः जातिका अरू जातहरूले ऐतिहासिक कालखण्ड देखि बसिआएको स्थानहरूमा सम्पत्तिको हक प्राप्त गरेका छन् त्यसै गरी हामी कथित ***तल्लो जात*** भनिएकाहरूले नपाउने भन्ने हुँदैन । ऐतिहासिक नेवाः बस्तीहरूमा सबै जातजातिहरूले ऐतिहासिक कालखण्ड देखिको घर आवास पुस्तान्तरण हस्तान्तरण गर्दै आएको हो । हामी जुगि जातका व्यक्तिहरूले पनि सोही गर्न नपाउने भन्ने हुँदैन । शहरी नापी आउन अगाडी यहाँ कसैको पनि घरपुर्जा थिएन । त्यस बेला आएको नापीले हामी जुगि जातका मानिसहरूको सम्पत्तिको विशेष अवस्थालाई बुझेन । तसर्थ तत्कालीन राज्य व्यवस्थाले

त्यस बेला हाम्रो सम्पत्तिको हक सुनिश्चित गर्न सफल भएन । त्यसै गरी सम्पत्ति भन्नाले केवल भौतिक संरचना मात्र होइन । यस अन्तर्गत अमूर्त सम्पत्तिहरू पनि छन् । ती अमूर्त सम्पत्तिहरू हामी जुगि जात समुदायको सतःछेँमा बसोबासबाट भएको धार्मिक, सांस्कृतिक तथा परम्परागत पाटाहरू रहेका छन् । त्यसै गरी हाल अधिकांश सतःछेँहरू पाटीपौवाका नामले नेपाल सरकारको नाममा दर्ता भएका छन् । सतःछेँहरूमा हामी नेपाल सरकार पछी आएका होइनौँ । नेपाल सरकार हामी पछी आएको हो, हामी हुँदाहुँदै आएको हो । लिच्छवीकालीन समयदेखि बसोबास गर्ने हाम्रो जात समुदायले नेपाल सरकारको सम्पत्ति मिचेका होइनौँ, नेपाल सरकारले हाम्रो सम्पत्ति मिचेको हो । तत्कालीन राज्य व्यवस्थाले सम्बोधन गर्न असफल रहेकै कारणले वर्तमान परिपेक्ष्यमा पनि हाम्रो सम्पत्ति उपर स्वामित्व विहीनताको अवस्था वर्तमान संविधानले परिकल्पना गरेको छैन । तसर्थ जुगि जातका मानिसहरूले आफ्नो बसोबास रहेको **सतःछेँ**मा स्वामित्व नपाउनु यस धारा विरुद्धको अवस्था हो ।

(ङ) नेपालको संविधान, धारा २६ ले धार्मिक स्वतन्त्रताको हक सुनिश्चित गरेको छ । उपधारा (१) ले धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुने उल्लेख गरिएको छ । **सतःछेँ**को बास हामी जुगि जातको धर्मसँग सम्बन्धित विषय पनि हो । हाम्रो मात्र नभएर सम्पूर्ण नेवाः जातिको धर्मसँग पनि जोडिएको विषय हो । हाम्रो जातका मानिसहरू **सतःछेँ**मा बसोबास गर्नाले नै अन्य जातका नेवाःहरूको धार्मिक काजक्रिया पूरा हुने हो । हाम्रो उपस्थिति बिना उनीहरूको मृत्युसंस्कार पूरा हुँदैन । तसर्थ धर्मसंस्कृतिकै आडमा हामीलाई ***तल्लो जात*** भनि हेपेकै भएपनि उनीहरू जस्ता ***उच्च जात*** कहलिएकाहरूको मृतकको आत्मा तराइदिन हामी नै चाहिन्छ । यस्ता स्थानहरूबाट हामीलाई विच्छेद गराई विस्थापन गर्ने कार्यले समग्र नेवाः जातिकै हकमा यस धारा प्रतिकूलको अवस्था सृजना गरेको छ ।

(ढ) सोही धाराको उपधारा (३) मा यस धाराद्वारा प्रदत्त हकको प्रयोग गर्दा कसैले पनि सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा सार्वजनिक शान्ति भंग गर्ने क्रियाकलाप गर्न, गराउन वा कसैको धर्म परिवर्तन गराउने वा अर्काको धर्ममा

जरूरना

खलल पर्ने काम वा व्यवहार गर्न वा गराउन हुँदैन त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने भन्ने उल्लेख गरेको छ । यद्यपि एउटा मानवको प्रतिष्ठाको विषय आउँदा धर्मसंस्कारलाई सिरानी हाल्दै ऐतिहासिक विभेद, शोषण तथा दासत्वलाई निरन्तरता दिन पाइन्छ भन्ने पनि होइन । त्यसैले पहिले जस्तै धर्मसंस्कृतिको आडमा हामीलाई हाम्रो पुर्खादेखिको बसोबास रहेको सतःछेँबाट स्वामित्वविहीन अवस्थामा राखिराख्ने कार्यले निरन्तरता पाउनु मिल्दैन ।

(ण) नेपालको संविधान, धारा २८ ले गोपनीयताको हक सुनिश्चित गरेको छ । यसमा आवास तथा सम्पत्ति सम्बन्धी विषयको गोपनीयता अनतिक्रम्य हुने उल्लेख गरिएको छ । राज्यले हाम्रो नीजि आवासलाई सार्वजनिक सम्पत्तिको दायरामा ल्याउने कार्य गर्दा हाम्रो संविधान प्रदत्त यस मौलिक हकको हनन भएको छ ।

(त) नेपालको संविधान, धारा २९ ले शोषण विरुद्धको हकको हक सुनिश्चित गरेको छ । उपधारा (१) मा प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुने उल्लेख गरिएको छ । त्यसै गरी उपधारा (२) मा धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन भन्ने उल्लेख गरिएको छ । पहिले जस्तै हामी जुगि जातका मानिसहरूलाई जातकै आधारमा शोषण गर्नु संविधानतः निषेधित कार्य हो । जातका आधारमा शोषण गरी हामीलाई निश्चित भूमीकामा बाँधी आफ्नो संस्कार पूर्तीका लागि कथित ***उपल्लो जात*** हरूले चाहेमा ल्याएर राख्ने तथा नचाहेमा निकालेर फालिदिने प्रकारको शोषणपूर्ण कार्यको मान्यता हुन सक्दैन । त्यसै गरी उपधारा (३) मा कसैलाई पनि दास बनाउन नपाइने पनि उल्लेख गरिएको छ । यसरी आफ्नो मृत्यु संस्कारको आपूर्तीका लागि ल्याएर राख्ने अनि आवश्यक नठानेपछी निकाल्ने जस्तो कार्य दास प्रथाजन्य अभ्यासकै उपज हो । जुगि जातका मानिसहरूको बसोबास रहेको **सतःछेँ**हरूमा उनीहरूकै स्वामित्व कायम नभएसम्म विभिन्न पक्षहरूबाट यसरी भइरहने शोषणजन्य तथा दासजन्य प्रचलनको अन्त्य हुन सक्दैन ।

जरूरना

जरुरी

(थ) नेपालको संविधान, धारा ३० ले स्वच्छ वातावरणको हक सुनिश्चित गरेको छ । यसको उपधारा (१) मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुने उल्लेख गरिएको छ । स्वच्छ तथा स्वस्थ वातावरण भौतिक रूपमा मात्र नभएर सामाजिक, आर्थिक, भावनात्मक तथा मानसिक स्वच्छता तथा स्वस्थताको पनि विषय हो । सरकारको त्रुटीका कारण हाम्रो आवासीय मर्यादा भङ्ग हुँदा हाम्रो सामाजिक, आर्थिक, भावनात्मक तथा मानसिक स्वच्छता तथा स्वस्थताको वातावरणमा गम्भीर प्रतिकूल असर पुर्याएको छ । जब सम्म जातिय विभेदको अन्त्य हुँदैन तब सम्म हामी स्वच्छ तथा स्वस्थ वातावरण हासिल गर्न सक्दैनौं । जात व्यवस्थाले दुर्गन्धित समाजमा बस्न बाध्य हुनु भनेको यस मौलिक हक प्रतिकूलको अवस्था हुनु हो । भौतिक स्वच्छताको चर्चा गर्ने हो भने पनि आफू बसिरहेको आवासको स्वामित्व बगेर जुनसुकै पुनःनिर्माण, मर्मत संभार जस्ता कार्यहरू बसोबासी परिवारले गर्नबाट अंकुश लाग्ने अवस्था सृजित हुन्छ । यसरी स्वामित्वको अभावमा स्वच्छताको पनि सुनिश्चितता हुँदैन । तसर्थ जुगि जातका मानिसहरूले आफ्नो बसोबास रहेको **सतःछैं**हरूमा आफ्नो स्वामित्व नपाउँदा यो मौलिक हक हनन भएको छ ।

(द) नेपालको संविधान, धारा ३१ ले शिक्षा सम्बन्धी हक सुनिश्चित गरेको छ । आनुधिक मानव जीवनमा शिक्षा एक आधारभूत आवश्यकता हो । जातिय विभेदका कारण हामी जुगि जातका व्यक्तिहरू शैक्षिक रूपमा पछाडी परेका छौं । आवासको समस्यामा रुमलिरहन बाध्य अवस्था एवं आफ्नो छत खोसिने निरन्तरको डर त्रासले शिक्षा हासिल गर्ने प्रतिकूल वातावरण सृजना गर्दछ । यसै गरी छत खोसिने भयमा बाँचिरहँदा त्यसकै लडाइँमा होमिरहन पर्दा आर्थिक लगायतका भार परी शिक्षाबाट विमुख हुने अवस्था सृजना हुन्छ । शिक्षा पाउने विषय शैक्षिक संस्थानमा रहने पहुँचमा मात्र सीमित छैन । कुनै शैक्षिक कार्यक्रममा भर्ना हुन सक्ने वातावरण छ कि छैन तथा यदि भर्ना भएमा पनि निर्धक्क अध्ययन गर्न पाउँछ कि पाउँदैन भन्ने विषय पनि जोडिन्छ । आफ्नो घरजग्गाका लागि लडाइँमा होमिरहन पर्ने बाध्यताका कारण आफ्नो शिक्षामा दिन सक्ने समय दिन नसक्ने अवस्थामा पुर्याइदिन्छ । अतः यसरी शिक्षाको हकमा पनि प्रतिकूल प्रभाव पुग्छ ।

जरुरी

ऋक्कना

(ध) नेपालको संविधान, धारा ३२ ले भाषा तथा संस्कृतिको हक सुनिश्चित गरेको छ । ऐतिहासिक नेवाः बस्तीहरूमा जुगि जातको **सतःछेँ**मा बास सम्पूर्ण नेवाः जातिको संस्कृतिको हिस्सा पनि हो । त्यसै गरी उपधारा (२) ले प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुने एवं उपधारा (३) ले नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुने उल्लेख गरिएको छ । ऐतिहासिक नेवाः बस्तीको **सतःछेँ**हरूबाट जुगि जातका व्यक्तिहरू धमाधम विस्थापित हुँदै जाने हो भने यसले ती बस्तीहरूमा हुने सम्पूर्ण सांस्कृतिक क्रियाकलापहरूबाट जुगि जातका व्यक्तिहरूलाई विच्छेद विमुख पार्छ भने जुगि जातको पलायनले समस्त नेवाः संस्कृति सभ्यताको अङ्गभङ्ग हुन जान्छ । त्यसै गरी आफ्नो ऐतिहासिक तथा सांस्कृतिक वातावरण भएकै स्थानमा बसोबासको निरन्तरता पाउनु पनि यही धारा प्रदत्त अधिकार हो । तसर्थ जुगि जातका मानिसहरू आफ्नो बसोबासको **सतःछेँ**मा आफ्नो स्वामित्व कायम नहुँदा यस धाराद्वारा प्रदत्त मौलिक हकबाट विमुख हुने अवस्था छ ।

(न) नेपालको संविधान, धारा ३३ ले रोजगारीको हक सुनिश्चित गरेको छ । छत खोसिने भयमा बाँचिरहँदा त्यसकै लडाइँमा होमिरहन पर्दा निधर्क्क रोजगारी गर्नबाट पनि वञ्चित हुन्छ ।

(प) नेपालको संविधान, धारा ३५ ले स्वास्थ्य सम्बन्धी हक सुनिश्चित गरेको छ । हाम्रो घरबार हाम्रो भौतिक स्वास्थ्यसँग सम्बन्धित विषय हो । यसमा हाम्रो स्वामित्व कायम नभएको कारणले यसमा कुनै मर्मत संभार गरी सफासुगर बनाउन परेमा पनि बाधा आइरहने अवस्थाले गर्दा हाम्रो स्वास्थ्यमा प्रतिकूल असर पुर्याउने अवस्था छ । त्यसै गरी आवास गुम्ने त्रासमा बाँचिरहन पर्नु वा आवास खोसिएर सुकुमबासी जीवन व्यतित गर्न बाध्य हुनाले मानसिक तथा भावनात्मक प्रताडना दिई मनोभावनात्मक स्वास्थ्यमा गम्भीर असर पुर्याएको छ । त्यसै गरी जातिय विभेदयुक्त समाजमा बाँच्न बाध्य हुँदा सामाजिक स्वास्थ्यमा पनि गम्भीर आघात पुग्न जान्छ । तसर्थ जुगि जातका मानिसहरू आफ्नो बसोबासको **सतःछेँ**मा आफ्नो स्वामित्व कायम नहुँदा यस धाराद्वारा प्रदत्त मौलिक हक हनन हुन जान्छ ।

ऋक्कना

(फ) नेपालको संविधान, धारा ३७ ले आवासको हक सुनिश्चित गरेको छ । राज्यले हामी जुगि जातका मानिसहरू आवास खोस्न मिल्दैन एवं हामीलाई सुकुमबासी बनाउन मिल्दैन । सुकुमबासीहरूलाई घरजग्गा सुनिश्चित गर्न पर्ने कानूनी दायित्व भएको सरकारले हामी ऐतिहासिक बसोबास भएको समुदायलाई सुकुमबासी बनाउने कार्य गर्नु कहाँसम्मको अन्याय हो । हामी आफ्नो घरजग्गा नभएका समुदाय होइनौं । हाम्रो पुख्यौंली बसोबासको घरजग्गा छ । त्यसको भौतिक संरचना पृथक देखिएकै कारणले राज्यले हामीबाट त्यसको अधिकार खोसेको छ । आफू बस्दै आएको **सतःछैं**मा आफ्नो स्वामित्व कायम नभएसम्म संविधान प्रदत्त आवासको हक सुनिश्चित हुन सक्दैन । कुनदिन कुन तहको सरकारले आएर उठीबास लगाउने हो भने constant fear मा बाँच्न बाध्य अवस्थामा छौं । तसर्थ लिच्छवीकालीन समय देखि आफ्नो आवासको रूपमा रहेको सतःछैंमा स्वामित्व दिलाई राज्यले हामी जुगि जात समुदायको संविधान प्रदत्त यस मौलिक हक सुनिश्चित गर्नु संवैधानिक दायित्व हो ।

(ब) नेपालको संविधान, धारा ३८ ले महिलाको हक सुनिश्चित गरेको छ । महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने तथा त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक समेत संविधानले सुनिश्चित गरेको छ । राज्यले हाम्रो घरबार खोस्ने कार्यले हामी जुगि जातका महिलाहरू मानसिक, मनोवैज्ञानिक, सामाजिक तथा आवासीय हिंसामा परेका छौं ।

(भ) नेपालको संविधान, धारा ३९ ले बालबालिकाको हक सुनिश्चित गरेको छ । छत खोस्ने निरन्तर त्रास हुँदा त्यस्ता परिवारको बालबालिकाको लालन पालन भरण पोषणमा प्रतिकूल प्रभाव पर्छ । यसले बालबालिकाहरूको सर्वांगीण व्यक्तित्व विकासमा समेत बाधा पुर्याउँछ । त्यसै गरी आफ्नो परम्परा संस्कृतिको सेरोफेरोमा हुर्कन बढ्न पाउने बालबालिकाको हक अधिकारबाट पनि वञ्चित हुन जान्छ ।

ऋक्षना

(म) नेपालको संविधान, धारा ४१ ले ज्येष्ठ नागरिकको हक सुनिश्चित गरेको छ । छत खोस्ने निरन्तर त्रास हुँदा त्यस्ता परिवारका ज्येष्ठ नागरिकको सर्वाङ्गीन पक्षमा प्रतिकूल प्रभाव पर्छ । ज्येष्ठ नागरिकको शारीरिक, मानसिक, भावनात्मक तथा सामाजिक अवस्था अरू व्यक्तिहरू सरह हुँदैन । उनीहरूका लागि यी विषय अझै संवेदनशील हुन्छ । आफू बाल्यकाल देखि बसि आएको, हुर्केको तथा आफ्नो समस्त जीवन व्यतित गरेको **सतःछेँ**हरूबाट बुढेसकालमा आएर निकाली फालिएको अवस्थाले उनीहरूको समग्र अस्तित्वमा नै नकरात्मक प्रभाव पार्दछ ।

(य) नेपालको संविधान, भाग ४ ले राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व स्पष्ट पारेको अवस्था छ । संविधानको धारा ५० (१) ले नागरिकको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गर्ने भनेको छ । त्यसै गरी कानूनको शासन, मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैंगिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्यव्यवस्थाको स्थापना गर्ने राज्यको राजनीतिक उद्देश्य हुने भनेको छ । नागरिकको जीउ तथा धनको संरक्षणमा हामी जुगि जात समुदायका मानिसहरू जीउ तथा ऐतिहासिक कालखण्ड देखि बसोबास रहिआएको सतःछेँ (धन) पनि संरक्षण गर्नुपर्ने हुन्छ । त्यसै गरी समानताको संरक्षणमा हाम्रो जात समुदाय उपर हुँदै आएको विभेदले निम्त्याएको यस आवसीय संकटको अवस्थालाई सम्य पारी समानताको संरक्षण गर्नुपर्ने हुन्छ । त्यसै गरी जुगि जात समुदायको यस आवसीय संकट मौलिक हक तथा मानव अधिकारका मूल्यमान्यताको दृष्टिले पनि संवेदनशील एवं गम्भीर विषय हो । त्यसै गरी संविधानको यस धारमा प्रयुक्त "लोककल्याणकारी राज्यव्यवस्थाको स्थापना" भन्ने यस निवेदनको रोहमा निकै महत्वपूर्ण विषय हो । लोककल्याणकारी राज्यव्यवस्थाले नागरिकको समस्यालाई प्राविधिकता मात्रको आधारमा इन्कार गर्न सक्दैन । नागरिक हितको सर्वोच्चतालाई स्वीकार गर्नु एवं प्रत्येक नागरिकको आधारभूत मानव अधिकारलाई अंगीकार गर्नु नै लोककल्याणकारी राज्यव्यवस्थाको जग हो । त्यसैले जुगि जात समुदायले भोगिरहेको यस आवसीय संकटलाई यथास्थितिमा राख्ने कार्य संविधान प्रतिकूलको कार्य हो ।

ऋक्षना

जरुरी

(र) संविधानको धारा ५० (२) अनुसार धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामूलक समाजको निर्माण गर्ने सामाजिक र सांस्कृतिक उद्देश्य हुने उल्लेख गरेको छ । अतः यस निवेदनमा जिकिर गरिए अनुसार धर्मसंस्कृतिको आडमा जुगि जात समुदायलाई आफ्नो बसोबास रहेको सतःछेंबाट स्वामित्वविहीन अवस्थामा राख्ने लगायत धर्मको आधारमा हामी उपर हुने विभेद, शोषण तथा अन्यायको अन्त्य हुनुपर्ने हुन्छ ।

(ल) संविधानको धारा ५० (३) ले उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुने उल्लेख गरेको छ । जोकसैको घरबार छैन, जो सुकुमबासी छन्, तिनलाई राज्यले घरबार दिलाउनुपर्ने संवैधानिक दायित्व रहेको छ भने हामी त घरबार नभएका पनि होइनौं । उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनकै जिकिर गर्दा हामी जुगि जात समुदायलाई आवसीय स्थापना गर्नका लागि लिच्छावीकालमै बनेका सतःछेंहरू प्रशस्तै छन् । राज्यले हामीलाई लगानी गरेर अन्त कुनै नयाँ भवन आवास निर्माण गरिरहनुपर्ने अवस्था समेत छैन । राज्यले हामीलाई पुखदिखि बसिआएको सतःछेंहरूबाट स्वामित्व दिन इन्कार गर्ने हो भने अन्यत्र स्थायी आवासको सुनिश्चितता गर्नैपर्ने हुन्छ । यसले राज्यलाई नै आर्थिक भार हुने हो । कसैको बसोबास नभएको मानवविहीन संरचना मात्र राज्यले आफ्नो दम्भका लागि आफ्नो नाममा कब्जा लिने अवस्थामा त्यसको हेरचाह गर्न अझै थप जनशक्तीमा आर्थिक भार हुन जान्छ । त्यसैले उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन अन्तर्गत हामी जुगि जात समुदायको आवसीय स्थापना हाम्रै पुर्खा देखि बसिआएको सतःछेंहरूमा हुनु यही संविधान निर्दिष्ट राज्यको आर्थिक उद्देश्य हो । त्यसै गरी राज्यको कुनै पनि समूह समुदाय आर्थिक असमानतले उत्पीडित भइरहँदा राष्ट्रिय अर्थतन्त्र आत्मनिर्भर हुन सक्दैन ।

जरुरी

(ब) संविधानको धारा ५१ ले राज्यका नीतिहरू औंल्याएको अवस्था छ । धारा ५१ को (क) को (२) ले विभिन्न जात, जाति, धर्म, भाषा, संस्कृति र सम्प्रदायबीच पारस्परिक सद्भाव, सहिष्णुता र ऐक्यबद्धता कायम गरी राष्ट्रिय एकता प्रवर्धन गर्ने भनेको छ । त्यसको (४) ले सर्वांगीण मानवीय सुरक्षाको प्रत्याभूति गर्ने पनि भनेको छ । धारा ५१ को (ख) को (१) ले आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपान्तरणका माध्यमबाट जनताको सर्वोत्तम हित र समुन्नति प्रत्याभूत गर्ने भनेको छ । त्यसको (२) ले मानव अधिकारको संरक्षण र संवर्धन गर्दै विधिको शासन कायम राख्ने भनेको छ । त्यसको (३) ले नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको कार्यान्वयन गर्ने भनेको छ । धारा ५१ को (ग) को (२) ले ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, संवर्धन र विकासका लागि अध्ययन, अनुसन्धान, उत्खनन तथा प्रचार प्रसार गर्ने भनेको छ । त्यसको (५) ले समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त्य गर्ने भनेको छ । त्यसको (६) ले देशको सांस्कृतिक विविधता कायम राख्दै समानता एवं सहअस्तित्वका आधारमा विभिन्न जातजाति र समुदायको भाषा, लिपि, संस्कृति, साहित्य, कला, चलचित्र र सम्पदाको संरक्षण र विकास गर्ने भनेको छ । धारा ५१ को (ञ) को (८) ले आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यस समुदायसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्धन गर्ने भनेको छ । त्यसको (९) ले अल्पसंख्यक समुदायलाई आफ्नो पहिचान कायम राखी सामाजिक र सांस्कृतिक अधिकार प्रयोगको अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने भनेको छ । त्यसको (११) ले उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने भनेको छ ।

(श) नेपालको संविधान, धारा ५१ को (ञ) को (६) ले भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने भन्ने उल्लेख गरेको छ । यसबाट के स्पष्ट हुन्छ भन्दा राज्यले केही नभएकाहरूलाई त व्यवस्था गर्नुपर्ने

संवैधानिक दायित्व छ भने, हामी भएकाहरूबाट खोस्न मिल्ने हुँदैन । यदि राज्यले यसरी जुगि जात समुदायबाट सतःछैंको स्वामित्व खोस्ने हो भने हामी भूमिहीन सुकुमबासीमा परिणत हुने गम्भीर अवस्था छ ।

(ष) नेपालको संविधान, धारा ५२ ले मौलिक हक तथा मानव अधिकारको संरक्षण र संवर्धन, राज्यका निर्देशक सिद्धान्तहरूको अनुसरण तथा राज्यका नीतिहरूको क्रमशः कार्यान्वयन गर्दै नेपाललाई समृद्ध तथा समुन्नत बनाउने राज्यको दायित्व हुने उल्लेख गरेको छ ।

२०. **अन्तर्राष्ट्रिय कानून :** यस निवेदनमा उठाइएका विषयवस्तुमा देहायका अन्तर्राष्ट्रिय कानूनहरू आकर्षित हुन्छन् ।

(क) **United Nations Declaration on the Rights of Indigenous Peoples**

Article 1: Indigenous peoples have the right to the full enjoyment, as a collective or as individuals, of all human rights and fundamental freedoms as recognized in the Charter of the United Nations, the Universal Declaration of Human Rights and international human rights law.

यस धाराले आदिवासीहरूलाई व्यक्तिगत रूपमा वा सामूहिक रूपमा सबै प्रकारका मौलिक स्वतन्त्रता तथा मानव अधिकारको उपभोग गर्न पाउने हक सुनिश्चित गरेको छ । नेपालको संविधान प्रदत्त मौलिक हक लगायत अन्तर्राष्ट्रिय कानून प्रदत्तको हक हामी आदिवासी नेवाः जाति अन्तर्गतका जुगि जात समुदायका मानिसहरूलाई नहुने सवालै उठ्दैन ।

Article 2: Indigenous peoples and individuals are free and equal to all other peoples and individuals and have the right to be free from any kind of discrimination, in the exercise of their rights, in particular that based on their indigenous origin or identity.

यस धाराले आदिवासीहरूलाई आफ्नो उत्पत्ति तथा पहिचानको आधारमा समानताको हक तथा विभेद विरुद्धको हक दिलाएको छ । त्यसैले हामी आदिवासी नेवाः जाति

अन्तर्गतका जुगि जात समुदायलाई हाम्रो उत्पत्तिकाल देखि नै **सतः**छेँको बास दिलाएको भएर त्यस स्थानबाट विस्थापित गर्ने कार्य यस धारा विपरीत छ ।

Article 3: Indigenous peoples have the right to self-determination. By virtue of that right they freely determine their political status and freely pursue their economic, social and cultural development.

यस धाराले आदिवासीहरूलाई आत्मनिर्णयको अधिकार दिलाएको छ । आफ्नो आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास स्वतन्त्र रूपमा प्राप्तीका लागि यसले अधिकार सुनिश्चित गरेको छ ।

Article 7

1. Indigenous individuals have the rights to life, physical and mental integrity, liberty and security of person.

यस धाराको उपधाराले आदिवासीहरूलाई जीवनको अधिकार, शारीरिक तथा मानसिक प्रतिष्ठाको अधिकार एवं स्वतन्त्रता तथा सुरक्षाको अधिकार दिलाएको छ ।त्यसैले सर्वप्रथमतः राज्यले हामी आदिवासी समुदायको सहमती बिना **सतःछेँ**लाई पाटीका रूपमा दर्ता गर्ने कार्य नै गैर-कानूनी थियो भने हाम्रो सहमती बिना हामीलाई हाम्रो पुख्यौंली थलोबाट उठाइ धपाउने कार्य पनि यस धारा प्रदत्त अधिकार विरुद्ध छ ।

Article 8

1. Indigenous peoples and individuals have the right not to be subjected to forced assimilation or destruction of their culture.

2. States shall provide effective mechanisms for prevention of, and redress for:

(b) Any action which has the aim or effect of dispossessing them of their lands, territories or resources;

(c) Any form of forced population transfer which has the aim or effect of violating or undermining any of their rights;

यस धारा उपधारा तथा बुँदा अनुसार आफ्नो संस्कृतिको विनाश वा जबर्जस्तीको **आत्मसात्करण** विरुद्धको अधिकार सुनिश्चित छ । हामी आदिवासी नेवाः जाति अन्तर्गतका जुगि जातका मानिसहरू आफ्नो सांस्कृतिक थलोमै बसोबासको निरन्तरता दिन चाहन्छौं भने राज्यले त्यसको सुनिश्चितता गर्नुपर्छ । हामीलाई ऐतिहासिक नेवाः

बस्तीहरूबाट हटाएर अन्यत्र पठाउने कार्यले हाम्रो संस्कृति तथा सांस्कृतिक वातावरणमा बाँच्न पाउने हकलाई विमुख बनाइदिएको छ । त्यसै गरी यस धारा अनुसार राज्यले आदिवासीहरूलाई आफ्नो भूमी, क्षेत्र तथा स्रोतसामाग्रीबाट **निस्वीमित्विकरण** गर्ने उद्देश्य वा प्रभाव रहेको कार्यलाई रोक्नुपर्छ । हामीलाई हाम्रो भूमी, क्षेत्र तथा स्रोतसामाग्री तीनै विषयबाट विमुख गरिएको छ । त्यसै गरी यसरी **सतःछेँ**हरूबाट हटाउँदै जाँदा जबर्जस्तीको जनसंख्या स्थानान्तरण समेत भएको छ ।

Article 10: Indigenous peoples shall not be forcibly removed from their lands or territories. No relocation shall take place without the free, prior and informed consent of the indigenous peoples concerned and after agreement on just and fair compensation and, where possible, with the option of return.

यस धारा अनुसार आदिवासीहरूलाई आफ्नो भूमी तथा क्षेत्रबाट बलजफ्ती हटाउन पाइँदैन । त्यसै गरी स्थानान्तरण गर्नुपरेमा उनीहरूको स्वतन्त्र, पूर्व तथा सुसूचित मञ्जुरी लिनुपर्छ । त्यसपछी कुनै न्यायिक तथा उचित क्षतीपूर्ती प्राप्त भएपछी मात्र स्थानान्तरण गर्न सकिन्छ । यद्यपि फर्कन सक्ने सम्भावना हुँदा सोको विकल्प पनि दिनुपर्छ । हामी आदिवासी नेवाः जाति अन्तर्गतका जुगि जात समुदाय बस्दै आएका सतःछेँहरू कुनै सशस्त्र द्वन्द भएको वा कुनै प्राकृतिक बिपत्ती आइपुगेको हाम्रो जीउज्यानै जोखिममा परेको अवस्था छैन । त्यसैले हामीलाई त्यहाँबाट स्थानान्तरण गर्नुपर्ने कुनै कारणै छैन । अतः यसरी हामीलाई हाम्रो पुख्यौंली सतःछेँबाट हटाउने कार्य यस धारा अनुसार गैर-कानूनी रहेको छ ।

Article 21

1. Indigenous peoples have the right, without discrimination, to the improvement of their economic and social conditions, including, inter alia, in the areas of education, employment, vocational training and retraining, housing, sanitation, health and social security.

2. States shall take effective measures and, where appropriate, special measures to ensure continuing improvement of their economic and social conditions. Particular attention shall be paid to the rights and special needs of indigenous elders, women, youth, children and persons with disabilities.

यस धाराले आदिवासीहरूको आर्थिक तथा सामाजिक अवस्था सम्बन्धी हक अधिकार सुनिश्चित गरेको छ । हामी आदिवासी नेवाः जाति अन्तर्गतका जुगि जात समुदायको

ऊरक्कना

आर्थिक तथा सामाजिक अधिकार हाम्रो पुख्यौंली थलो तथा आवासको सुनिश्चिततामा निहित छ ।

Article 26

1. Indigenous peoples have the right to the lands, territories and resources which they have traditionally owned, occupied or otherwise used or acquired.

2. Indigenous peoples have the right to own, use, develop and control the lands, territories and resources that they possess by reason of traditional ownership or other traditional occupation or use, as well as those which they have otherwise acquired.

3. States shall give legal recognition and protection to these lands, territories and resources. Such recognition shall be conducted with due respect to the customs, traditions and land tenure systems of the indigenous peoples concerned.

यस धाराले आदिवासीहरूको आर्थिक तथा सामाजिक अवस्था सम्बन्धी हक अधिकार सुनिश्चित गरेको छ । यस धाराले हामीलाई परम्परा देखि स्वामित्वमा रहेको, अधीनमा लिएको वा भोगचलन प्रयोगप्रचलन वा पुस्तान्तरण भएको भूमी, क्षेत्र तथा स्रोतसाधनमा अधिकार सुनिश्चित गरेको छ । यस धारा बमोजिम हामीले परम्परा देखि हकभोग गर्दै आएको भूमीमा स्वामित्व राखी त्यसको प्रयोग तथा विकास गर्न पाउने अधिकार दिएको छ । अतः हामी आदिवासी नेवाः जाति अन्तर्गतका जुगि जात समुदायले परम्परा इतिहास देखि बस्दै आएको सतःछेंमा हाम्रो स्वामित्व कायम गरिदिई हामीले त्यसको प्रयोग तथा विकास गर्न पाउने अधिकार प्रदान गरेको छ ।

(ख) Indigenous and Tribal Peoples Convention

Article 3

1. Indigenous and tribal peoples shall enjoy the full measure of human rights and fundamental freedoms without hindrance or discrimination. The provisions of the Convention shall be applied without discrimination to male and female members of these peoples.

2. No form of force or coercion shall be used in violation of the human rights and fundamental freedoms of the peoples concerned, including the rights contained in this Convention.

ऊरक्कना

यस धाराले कुनै विभेद तथा अवरोध बिना मानव अधिकार तथा मौलिक स्वतन्त्रताको उपभोग गर्न आदिवासीहरूलाई अधिकार दिएको छ । यस महासन्धी सहित कुनै मानव अधिकार तथा मौलिक स्वतन्त्रताको हनन गर्ने कार्य गर्न बल प्रयोग गर्न नहुने उल्लेख छ ।

Article 14

1. The rights of ownership and possession of the peoples concerned over the lands which they traditionally occupy shall be recognised. In addition, measures shall be taken in appropriate cases to safeguard the right of the peoples concerned to use lands not exclusively occupied by them, but to which they have traditionally had access for their subsistence and traditional activities. Particular attention shall be paid to the situation of nomadic peoples and shifting cultivators in this respect.

2. Governments shall take steps as necessary to identify the lands which the peoples concerned traditionally occupy, and to guarantee effective protection of their rights of ownership and possession.

3. Adequate procedures shall be established within the national legal system to resolve land claims by the peoples concerned.

यस धाराको उपधारा (१) ले आदिवासीहरूले परम्परा देखि भोगचलन गर्दै आएको भूमीको स्वामित्वलाई चिन्नुपर्ने उल्लेख गरेको छ भने हाम्रो भूमीको प्रयोग प्रचलन गर्न पाउने अधिकारको सुनिश्चित गर्नुपर्ने साथै परम्परागत कार्यलाई निरन्तरता दिन पाउनुपर्ने उल्लेख छ । उपधारा (२) अनुसार आदिवासीहरूले परम्परा देखि भोगचलन गर्दै आएको भूमीलाई सरकारले पहिचान गरी उनीहरूको स्वामित्वको सुनिश्चितता गर्नुपर्ने उल्लेख गरिएको छ । अतः हामी आदिवासी नेवाः जाति अन्तर्गत पर्ने जुगि जात समुदायका व्यक्तिहरूले इतिहास परम्परा देखि प्रयोग प्रचलन भोगचलन तथा बसोबास गर्दै आएको सतःछेंमा स्वामित्व दिलाउनु राज्यको अन्तर्राष्ट्रिय कानूनी दायित्व हो । त्यसै गरी यस्ता भूमीहरू सम्बन्धीका दाबीहरूका लागि पर्याप्त कानूनी संयन्त्र समेत बनाउनुपर्ने उल्लेख गरिएको छ । नेपालमा प्रचलित गोश्वारा प्रकृतिको कानूनी संयन्त्रले यस समस्यालाई कुनै ढङ्गले सम्बोधन गर्न सकेको छैन ।

Article 16

1. Subject to the following paragraphs of this Article, the peoples concerned shall not be removed from the lands which they occupy.

2. Where the relocation of these peoples is considered necessary as an exceptional measure, such relocation shall take place only with their free and informed consent. Where their consent cannot be obtained, such relocation shall take place only following appropriate procedures established by national laws and regulations, including public inquiries where appropriate, which provide the opportunity for effective representation of the peoples concerned.

3. Whenever possible, these peoples shall have the right to return to their traditional lands, as soon as the grounds for relocation cease to exist.

4. When such return is not possible, as determined by agreement or, in the absence of such agreement, through appropriate procedures, these peoples shall be provided in all possible cases with lands of quality and legal status at least equal to that of the lands previously occupied by them, suitable to provide for their present needs and future development. Where the peoples concerned express a preference for compensation in money or in kind, they shall be so compensated under appropriate guarantees.

5. Persons thus relocated shall be fully compensated for any resulting loss or injury.

यस धाराको उपधारा (१) ले आदिवासीहरूले परम्परा देखि भोगचलन गर्दै आएको भूमीबाट आदिवासीलाई हटाउन नमिल्ने उल्लेख गरेको छ । उपधारा (२) ले स्थानान्तरणलाई अपवादात्मक अवस्थाको रूपमा पहिचान गरी त्यस्ता स्थानान्तरण गर्दा पनि हाम्रो स्वतन्त्र तथा सुसूचित मञ्जुरी हुनुपर्ने उल्लेख गर्दछ । उपधारा (३) ले त्यसरी स्थानान्तरण गर्दा फर्कन सक्ने अवस्था समेत सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ । हाम्रा नेवाः बस्तीहरू सशस्त्र द्वन्द्वमा परी हामीलाई स्थानान्तरण गर्नुपर्ने अवस्था भएको होइन । खासमा सरकारले त हामीलाई स्थानान्तरण पनि गर्न खोजेको छैन । सरकारले केवल हाम्रा सतःछेँहरूलाई पाटीपौवाको नाम दिएर सार्वजनिक सम्पत्तिको दायरामा ल्याई हामीलाई त्यहाँबाट धपाउने कार्य मात्र गरेको छ ।

(ग) Convention for the Safeguarding of the Intangible Cultural Heritage

Article 2 – Definitions

1. The "intangible cultural heritage" means the practices, representations, expressions, knowledge, skills – as well as the instruments, objects, artefacts and cultural spaces associated therewith – that communities, groups and, in some cases, individuals recognize as part of their cultural heritage.

यस महासन्धीको परिभाषा अनुसार अमूर्त सांस्कृतिक सम्पदा अन्तर्गत आफ्नो सांस्कृतिक सम्पदाको हिस्सा भनि पहिचान गरेका व्यक्तिहरू, समुदाय तथा समूहहरूलाई समेत जनाउने उल्लेख गरेको छ । अतः सतःछेँको मूर्त सम्पदामा हामी जुगि जात समुदायका मानिसहरू अमूर्त सम्पदाका अभिन्न अविछिन्न अङ्ग हौँ ।

Article 11 – Role of States Parties Each State Party shall:

(a) take the necessary measures to ensure the safeguarding of the intangible cultural heritage present in its territory;

महासन्धीको यस धारा अनुसार आफ्नो क्षेत्र भित्र रहेका अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण गर्न आवश्यक संयन्त्रहरू राज्यले सुनिश्चित गर्न उल्लेख गरिएको छ ।

Article 13 – Other measures for safeguarding to ensure the safeguarding, development and promotion of the intangible cultural heritage present in its territory, each State Party shall endeavour to:

(a) adopt a general policy aimed at promoting the function of the intangible cultural heritage in society, and at integrating the safeguarding of such heritage into planning programmes;

महासन्धीको यस धारा अनुसार आफ्नो क्षेत्र भित्र रहेका अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण, विकास तथा संवर्धनको सुनिश्चितताका लागि नीति तथा कार्यक्रमहरू राज्यले अवलम्बन गर्नुपर्ने उल्लेख छ ।

Article 15 – Participation of communities, groups and individuals: Within the framework of its safeguarding activities of the intangible cultural heritage, each State Party shall endeavour to ensure the widest possible participation of communities, groups and, where appropriate, individuals that create, maintain and transmit such heritage, and to involve them actively in its management.

महासन्धीको यस धारा अनुसार अमूर्त सांस्कृतिक सम्पदाको संरक्षणको खाका भित्र सम्बन्धित समुदाय तथा समूहको साम्भव्य व्यापक सहभागिता सुनिश्चित गर्नुपर्ने साथै त्यस्ता सांस्कृतिक सम्पदाको व्यवस्थापनमा तिनीहरूको सक्रिय भूमिका हुनुपर्ने पनि उल्लेख गरिएको छ ।

(घ) Universal Declaration of Human Rights

Article 1: All human beings are born free and equal in dignity and rights. They are endowed with reason and conscience and should act towards one another in a spirit of brotherhood.

Article 2: Everyone is entitled to all the rights and freedoms set forth in this Declaration, without distinction of any kind, such as race, colour, sex, language, religion, political or other opinion, national or social origin, property, birth or other status.

Article 7: All are equal before the law and are entitled without any discrimination to equal protection of the law. All are entitled to equal protection against any discrimination in violation of this Declaration and against any incitement to such discrimination.

Article 12: No one shall be subjected to arbitrary interference with his privacy, family, home or correspondence, nor to attacks upon his honour and reputation. Everyone has the right to the protection of the law against such interference or attacks.

Article 13: Everyone has the right to freedom of movement and residence within the borders of each state.

Article 17: Everyone has the right to own property alone as well as in association with others. No one shall be arbitrarily deprived of his property.

Article 25: Everyone has the right to a standard of living adequate for the health and well-being of himself and of his family, including food, clothing, housing and medical care and necessary social services, and the right to security in the event of unemployment, sickness, disability, widowhood, old age or other lack of livelihood in circumstances beyond his control.

(ঙ) **International Convention on the Elimination of All Forms of Racial Discrimination**

Article 1

1. In this Convention, the term "racial discrimination" shall mean any distinction, exclusion, restriction or preference based on race, colour, descent, or national or ethnic origin which has the purpose or effect of nullifying or impairing the recognition, enjoyment or exercise, on an equal footing, of human

rights and fundamental freedoms in the political, economic, social, cultural or any other field of public life.

Article 2

1. States Parties condemn racial discrimination and undertake to pursue by all appropriate means and without delay a policy of eliminating racial discrimination in all its forms and promoting understanding among all races, and, to this end:

(a) Each State Party undertakes to engage in no act or practice of racial discrimination against persons, groups of persons or institutions and to ensure that all public authorities and public institutions, national and local, shall act in conformity with this obligation;

(b) Each State Party undertakes not to sponsor, defend or support racial discrimination by any persons or organizations;

(c) Each State Party shall take effective measures to review governmental, national and local policies, and to amend, rescind or nullify any laws and regulations which have the effect of creating or perpetuating racial discrimination wherever it exists;

(d) Each State Party shall prohibit and bring to an end, by all appropriate means, including legislation as required by circumstances, racial discrimination by any persons, group or organization;

2. States Parties shall, when the circumstances so warrant, take, in the social, economic, cultural and other fields, special and concrete measures to ensure the adequate development and protection of certain racial groups or individuals belonging to them, for the purpose of guaranteeing them the full and equal enjoyment of human rights and fundamental freedoms. These measures shall in no case en tail as a con sequence the maintenance of unequal or separate rights for different racial groups after the objectives for which they were taken have been achieved.

Article 5

In compliance with the fundamental obligations laid down in article 2 of this Convention, States Parties undertake to prohibit and to eliminate racial discrimination in all its forms and to guarantee the right of everyone, without distinction as to race, colour, or national or ethnic origin, to equality before the law, notably in the enjoyment of the following rights:

(a) The right to equal treatment before the tribunals and all other organs administering justice;

(b) The right to security of person and protection by the State against violence or bodily harm, whether inflicted by government officials or by any individual group or institution;

(d) Other civil rights, in particular:

(v) The right to own property alone as well as in association with others;
(vi) The right to inherit;
(vii) The right to freedom of thought, conscience and religion;
(e) Economic, social and cultural rights, in particular:
(iii) The right to housing;
(vi) The right to equal participation in cultural activities;

(च) **International Covenant on Economic, Social and Cultural Rights**

Article 11

1. The States Parties to the present Covenant recognize the right of everyone to an adequate standard of living for himself and his family, including adequate food, clothing and housing, and to the continuous improvement of living conditions. The States Parties will take appropriate steps to ensure the realization of this right, recognizing to this effect the essential importance of international co-operation based on free consent.

Article 12

1. The States Parties to the present Covenant recognize the right of everyone to the enjoyment of the highest attainable standard of physical and mental health.

Article 15

1. The States Parties to the present Covenant recognize the right of everyone: (a) To take part in cultural life;

(छ) **International Covenant on Civil and Political Rights**

Article 2

1. Each State Party to the present Covenant undertakes to respect and to ensure to all individuals within its territory and subject to its jurisdiction the rights recognized in the present Covenant, without distinction of any kind, such as race, colour, sex, language, religion, political or other opinion, national or social origin, property, birth or other status.

Article 12

1. Everyone lawfully within the territory of a State shall, within that territory, have the right to liberty of movement and freedom to choose his residence.

Article 17

1. No one shall be subjected to arbitrary or unlawful interference with his privacy, family, home or correspondence, nor to unlawful attacks on his honour and reputation.

Article 27: In those States in which ethnic, religious or linguistic minorities exist, persons belonging to such minorities shall not be denied the right, in community with the other members of their group, to enjoy their own culture, to profess and practise their own religion, or to use their own language.

(জ) **CESCR General Comment No. 4: The Right to Adequate Housing (Art. 11 (1) of the Covenant) Adopted at the Sixth Session of the Committee on Economic, Social and Cultural Rights, on 13 December 1991 (Contained in Document E/1992/23)**

1. Pursuant to article 11 (1) of the Covenant, States parties "recognize the right of everyone to an adequate standard of living for himself and his family, including adequate food, clothing and housing, and to the continuous improvement of living conditions". The human right to adequate housing, which is thus derived from the right to an adequate standard of living, is of central importance for the enjoyment of all economic, social and cultural rights.

6. The right to adequate housing applies to everyone. While the reference to "himself and his family" reflects assumptions as to gender roles and economic activity patterns commonly accepted in 1966 when the Covenant was adopted, the phrase cannot be read today as implying any limitations upon the applicability of the right to individuals or to female-headed households or other such groups. Thus, the concept of "family" must be understood in a wide sense. Further, individuals, as well as families, are entitled to adequate housing regardless of age, economic status, group or other affiliation or status and other such factors. In particular, enjoyment of this right must, in accordance with article 2 (2) of the Covenant, not be subject to any form of discrimination.

(a) Legal security of tenure. Tenure takes a variety of forms, including rental (public and private) accommodation, cooperative housing, lease, owner-occupation, emergency housing and informal settlements, including occupation of land or property. Notwithstanding the type of tenure, all persons should possess a degree of security of tenure which guarantees legal protection against forced eviction, harassment and other threats. States parties should consequently take immediate measures aimed at conferring legal security of tenure upon those

persons and households currently lacking such protection, in genuine consultation with affected persons and groups;

(g) Cultural adequacy. The way housing is constructed, the building materials used and the policies supporting these must appropriately enable the expression of cultural identity and diversity of housing. Activities geared towards development or modernization in the housing sphere should ensure that the cultural dimensions of housing are not sacrificed, and that, inter alia, modern technological facilities, as appropriate are also ensured.

२१. **अन्तरिम राहतको मागदाबि :** यस विषयमा सरकारबाट तत्काल पहल नहुँदा -

(क) जुगि जातका परिवारको **सतःछें**हरूबाट उठीबासले निरन्तरता पाइरहनाले दिन प्रति दिन सुकुमबासीको संख्या बढ्दै गई विकराल अवस्था सृजना हुने;

(ख) सुकुमबासी व्यवस्थापनमा राज्यलाई नै थप आर्थिक लगायतका भारहरू पर्न जाने;

(ग) आवास गुमेपछी यसले नीज परिवारको जीवनको स्वास्थ्य, शिक्षा, रोजगार, आर्थिक अवस्था लगायत सर्वाङ्गीन पक्षमा निरन्तर प्रतिकूल असर पुर्याइरहने;

(घ) समाजमा जातिय विभेदले निरन्तरता पाइरहने;

(ङ) ऐतिहासिक पुराना बस्तीहरूमा जुगि जात समुदायको भूमीकालाई उनीहरूबाट खोस्ने, विच्छेद पार्ने तथा बेदेखल हुने;

(च) ऐतिहासिक नेवाः बस्तीमा जुगि जात समुदायले निर्वाह गर्नुपर्ने सांस्कृतिक, धार्मिक, रीतिजन्य तथा परम्परागत कार्यभूमिकाबाट वञ्चित हुने;

(छ) जुगि जात समुदायको अनुपस्थिति तथा अभावमा समग्र नेवाः संस्कृति तथा सांस्कृतिक क्रियाकलापको निर्वाध प्रचलनमा अवरोध सृजना हुने;

(ज) क्रमशः यसले समग्र नेवाः समाजको सांस्कृतिक परिवेशमा गम्भीर प्रतिकूल प्रभाव पार्ने;

(झ) क्रमशः यसले समग्र जुगि जात समुदायका ती परिवारहरूको जीवनावस्थामा नै गम्भीर, प्रतिकूल तथा दीर्घकालीन असर पुर्याउने;

(ञ) राज्यबाट संरक्षणको अनुभूती महसुस नहुँदा यस्ता समस्या भएर पनि खुलेर आउन नसकेकाहरूलाई लुकेरै बस्न बाध्य बनाइरहने अवस्थाले निरन्तरता पाउने;

भएकाले बागमती प्रदेश केन्द्रित रही वा आवश्यक देखिएमा नेपालका अन्य स्थानमा समेत सबै सरकारी कार्यालयहरूलाई लागू हुने गरी देहायका निर्देशन जारी गरिपाऊँ ।

ऊरक्कना

(क) जुगि जातका परिवारहरूलाई आफ्नो पुख्यौंली, पुस्तौनी र/वा परम्परागत बसोबासको **सतःछेँ (सत्तलघर)** बाट उनीहरूको बसोबास हटाउने कार्य कोहीकसैले नगर्नू नगराउनू ।

(ख) उनीहरूको बसोबासलाई यथास्थितिमा राखी आफ्नो पुर्खा परम्परा देखि बसिआएको **सतःछेँ (सत्तलघर)** मा बसोबास गर्न दिनू दिलाउनू ।

(ग) त्यस्ता **सतःछेँ (सत्तलघर)** लाई पाटीपौवा भनि दर्ता गरिएको कारणले सार्वजनिक सम्पत्तिको दायरामा परेको एवं मर्मत संभार वा पुनःनिर्माणको आवश्यकता भएकाले कुनै सरकारी निकायबाट पुनःनिर्माण गर्न लागेको खण्डमा त्यहाँ बसोबास गर्ने जुगि जातका मानिसहरूलाई मर्मत संभार वा पुनःनिर्माणको समयभर वैकल्पिक बसोबासको प्रबन्ध गर्न; मर्मत संभार वा पुनःनिर्माणको प्रक्रियामा उनीहरूको समेत सहभागिता सुनिश्चित गर्न; मर्मत संभार वा पुनःनिर्माण गर्दा उनीहरूका सरोकार तथा आवश्यकतालाई पनि समेट्न; एवं मर्मत संभार वा पुनःनिर्माण पश्चात् उनीहरूलाई पूर्ववत् जस्तै बसोबास गर्न पाउनका लागि समुचित व्यवस्था मिलाउनू ।

२२. **अध्ययनको मागदाबि :** निवेदनमा उठान गरिएको विषयवस्तुमा देहाय बमोजिम अध्ययन समिति गठन गरी अध्ययन अनुसन्धान गरिपाऊँ ।

(क) अध्ययन समितिमा देहायका व्यक्तिहरूलाई संलग्न गरिपाऊँ ।

- संस्कृति विषयमा विज्ञता हासिल गरेका व्यक्ति - १ जना ।
- समाजशास्त्र विषयमा विज्ञता हासिल गरेका व्यक्ति - १ जना ।
- मानवशास्त्र विषयमा विज्ञता हासिल गरेका व्यक्ति - १ जना ।
- इतिहास विषयमा विज्ञता हासिल गरेका व्यक्ति - १ जना ।
- नेपाल भाषा तथा नेवाः समुदायको विषयमा विज्ञता हासिल गरेका व्यक्ति - १ जना ।
- आदिवासी समुदायको विषयमा विज्ञता हासिल गरेका व्यक्ति - १ जना ।
- जात व्यवस्थाको विषयमा विज्ञता हासिल गरेका व्यक्ति - १ जना ।

ऊरक्कना

- सम्बन्धित जुगि जात समुदायको विषयमा विज्ञता हासिल गरेका वा अध्ययन गरेका व्यक्ति - १ जना ।
- कानून विषयमा विज्ञता हासिल गरेका व्यक्ति - १ जना महिला सहित २ जना ।
- सम्बन्धित जनसमुदायबाट प्रतिनिधित्व गरेका व्यक्ति - २ जना महिला सहित ४ जना ।

(ख) निवेदनमा उठाइएको विषयवस्तुबाट प्रभावित घरपरिवरहरूको स्थानीय पालिकासँगको सहकार्यमा प्रत्येक घरपरिवारको अवस्था बारे बुझी case study गरिपाऊँ ।

(ग) निवेदनमा उठाइएको विषयवस्तुबाट नीजहरूको जीवनको आर्थिक, समाजिक, सांस्कृतिक, शैक्षिक लगायत सर्वाङ्गीन पक्षमा केकस्तो असर पुर्याएको छ भन्ने बारे अध्ययन गरिपाऊँ ।

(घ) सतःछेँ (सत्तलघर) हरूमा हाल बसोबास गरिरहेका घरपरिवार साथै कुनै समयमा यस्ता संरचनाहरूमा बसोबास गर्ने तर हाल त्यहाँबाट उठीबास लगेका वा विस्थापित भएका घरपरिवार समेतको अवस्था बारे बुझी अध्ययन गरिपाऊँ ।

(ङ) निवेदनमा उठाइएको विषयवस्तुलाई सामाजिक, सांस्कृतिक, ऐतिहासिक, भाषिक, कानूनी, संवैधानिक लगायत विज्ञ समितिबाट बुझ्नुपर्ने आवश्यक ठानेका अन्य पक्षहरूमा बुझी अध्ययन गरिपाऊँ ।

(च) यस आदेशको कार्यन्वयनमा सम्बन्धित जनसमुदायको सहज सरल पहुँच सुनिश्चित गर्नका लागि द्विभाषिक प्रणाली अवलम्बन गरी नेपाल भाषाको पनि प्रयोग गरिपाऊँ ।

२३. **<u>निवेदनको मागदाबि :</u>**

(क) ऐतिहासिक नेवाः बस्तीहरूमा अवस्थित **"पाटी"** भनि दर्ता भएका संरचनाहरू कुन वास्तविक **"फलचा (पाटी)"** हो र कुन **"सतःछेँ (सत्तलघर)"** हो भन्ने यकीन गरी तिनलाई खुट्याउने कार्य गरिपाऊँ ।

ऋक्कना

(ख) बुँदा नं (क) बमोजिम खुट्याइसकेपछी **"फलचा (पाटी)"** का रूपमा दर्ता भएको देखिएका **"सतःछेँ (सत्तलघर)"** को हकमा लागू हुने गरी सो दर्तालाई बदर गरिपाऊँ ।

(ग) अब उपरान्त यसरी **"सतःछेँ (सत्तलघर)"** लाई **"फलचा (पाटी)"** का रूपमा दर्ता गर्ने कार्य रोकिपाऊँ ।

(घ) **सतःछेँ (सत्तलघर)** लाई कैफियतमा **"सतःछेँ"** जनाई **घरजग्गा**का रूपमा दर्ता गरिपाऊँ ।

(ङ) **सतःछेँ (सत्तलघर)** लाई सरकारको तथा कुनै गुथि (गुठी) को नाउँमा दर्ता कायम गरिएको अवस्थामा सो दर्तालाई बदर गरिपाऊँ ।

(च) आवश्यक एवं उचित मापदण्ड तथा प्रावधान निर्माण गरी गराई ऐतिहासिक नेवाः बस्तीहरूमा अवस्थित **सतःछेँ (सत्तलघर)** हरूमा ऐतिहासिक, परम्परागत तथा पुस्तौनी रूपले बसोबास गर्दै आएका नेवाः जाति भित्रको **जुगि जात**का परिवारलाई आफ्नो बसोबास रहिआएको **सतःछेँ (सत्तलघर)** मा आफ्नै दर्ता हक कायम गराइपाऊँ ।

(छ) बुँदा नं (च) अनुसारको कार्यमा हाल बसोबास रहेका परिवारलाई मात्र नभएर विस्थापित भइसकेका परिवारलाई पनि फर्केर आउन सक्ने गरी यसमा समावेश गरिपाऊँ ।

(ज) विस्थापित भइसकेका परिवार फर्केर आउन सक्ने सम्भावना नै नरहेको वा असम्भव भइसकेको अपवादात्मक अवस्थाको हकमा उनीहरूलाई अन्यत्र तर सकेसम्म आफ्नो पुख्र्यौली थलो निकट स्थायी बसोबासको प्रबन्ध गरिपाऊँ ।

(झ) बुँदा (ज) बमोजिमको अवस्थामा त्यसरी फर्कन असम्भव अवस्थामा उक्त स्थानमा जुगि जातको अस्तित्व तथा बसाइँको इतिहास नमेटिने गरी, त्यसको उचित सम्मान हुने गरी कुनै स्वरूपमा दस्तावेजिकरण वा अभिलेखिकरण गरिपाऊँ ।

ऋक्कना

(ञ) ऐतिहासिक नेवाः बस्तीहरूको पृथक संरचना, पृथक वास्तुकलात्मक बनोट, पृथक बनोट, पृथक ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक, परम्परागत, धार्मिक व्यवस्था एवं यहाँको पृथक सामाजिक यथार्थ लगायतका पृथकतालाई केन्द्रमा राखी यसको मौलिकता, ऐतिहासिकता तथा सांस्कृतिक विशेषताको संरक्षण तथा संवर्द्धन हुनका साथै यहाँको पृथक सामाजिकताको सम्बोधन हुने गरी विशेष कानून तर्जुमा गरिपाऊँ ।

२४. ग्रन्थपुस्तकहरू ।

(क) *An Account of the Kingdom of Nepal*, 1819, Francis Buchanan Hamilton.

(ख) *Buddhist Merchants in Kathmandu the Asan Twah Market and Uray Social Organization*, Todd T. Lewis.

(ग) *Ethnicity Without Nationalism : The Newars of Nepal*, Declan Quigley.

(घ) Greenwold Structure and Change of a Newari Festival Organization, Hiroshi Ishii.

(ङ) *Hierarchy and Complementarity in Newar Caste, Marriage and Labour Relations*, Michael Allen.

(च) *lntercaste Relations in a Newar Community*, Gérard Toffin.

(छ) *Newar, Marriage and Kinship in Kathmandu, Nepal*, Anil M Shakya.

(ज) *Spatial Organization of a Caste Society: The Example of the Newar in the Kathmandu Valley, Nepal*, Ulrike Müller-Böker.

(झ) *The Newars of Nepal*, Gopal Singh Nepali, 1959.

(ञ) *The Politics of Divinity in the Kathmandu Valley: The Festival of Bungadya Rato Matsyendranath*, Bruce Owens.

(ट) *The Role of the Priest in Newar Society*, Stephen Michael.

(ठ) *The Traditional Architecture of the Kathmandu Valley*, Wolfgang Korn.

(ङ) *कपाली : संक्षिप्त परिचय,* लक्ष्मी प्रसाद कपाली, राजु कपाली तथा सुनिल कपाली ।

(ढ) *काठमाडौं उपत्यकाका कुसले जातिको सामाजिक तथा धार्मिक जीवन र परिवर्तनका स्वरूपहरू,* धन बहादुर कुँवर ।

(ण) *जयस्थिति मल्लको सुधार,* चन्द्रविक्रम बुढाथोकी, साझा प्रकाशन, वि.सं. २०३९ ।

(त) *नेपालमण्डल,* काशीनाथ तमोट, नेपालमण्डल अनुसन्धान गुथि, ने.सं. ११२६ ।

निवेदक,

रुक्शना कपाली

ठेगाना : सिमाक्वय्, पतक्व टोल, पतक्व, ललितपुर महानगरपालिका वडा नं १६,
ललितपुर जिल्ला, बागमती प्रदेश ।

ईमेल : rukshanakapali1142@gmail.com ।

सम्पर्क : ९८०८२६२६९९ ।